सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ चैत २०८०, सोमबार (8 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३५० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्थानीय तहमा
२५ पद रिक्त

उपनिर्वाचन मंसिरअघि नै गराउने तयारी



निर्वाचन आयोगको तथ्यांकअनुसार नगरपालिका उपप्रमुख एक, गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष दुई, वडाध्यक्ष २१ गरी स्थानीय तहमा २५ पद रिक्त छ

- नौ महिनासम्म अड्किएको एकीकृत निर्वाचन व्यवस्थापन विधेयक संसद्मा चाँडै लगिने
- राजनीतिक दलसम्बन्धी ऐन संशोधनका लागि सहमति जुटाउने गृहमन्त्रीको प्रतिबद्धता

(विस्तृत पृष्ठ ३)

विद्यार्थीलाई पढ्दै कमाउने वातावरण खै ?



● सागर घले (लेख पृष्ठ ४)

गण्डकीको लक्ष्य ८ प्रतिशत वृद्धिदर

पाँच वर्षभित्र सक्ने गरी ७२ ठूला र रूपान्तरणकारी आयोजना सञ्चालन हुने, ११ खर्ब ९२ अर्ब रुपैयाँ बजेट खर्च हुने

गैरसरकारी क्षेत्रबाट पहिलोपटक आर्थिक वृद्धिको प्रक्षेपण

चालू आवमा ३.०९ प्रतिशतको आर्थिक वृद्धि हुने

(विस्तृत पृष्ठ ६)



गण्डकीमा पनि संविधानमाथि बलमिच्याइँ

नौ महिनाअघि कोशी सरकार गठनमा संविधानविपरीत सभामुखको दुरुपयोग गरिएको भन्दै सर्वोच्च गुहारेको एमालेले गण्डकीमा मुख्यमन्त्री हात पार्न त्यस्तै बलमिच्याइँ गरेको छ, प्रदेश प्रमुख र सभामुखसमेतको भूमिकामा सर्वोच्चकै नजिरलाई चुनौती दिएको छ

गम्भीर संवैधानिक त्रुटि भएको छ



● **चन्द्रकान्त ज्ञवाली**, संविधानविद्

सभामुख तटस्थ बस्ने पद हो। सभाको अध्यक्ष भएकाले न सरकार बनाउन संलग्न हुन्छ, न सरकार विघटनमा संलग्न हुन्छ। गण्डकीमा सभामुखको टाउको गनेर नियुक्ति भएपछि गम्भीर संवैधानिक प्रश्न उठेको छ। यो न्यायिक पुनरावलोकनको घेराभित्र पर्छ। भोलि असंवैधानिक काम भनेर अदालतले बदर गरिदिन सक्ने ठाउँ देख्छु। कोशीमा दुईवटा प्रयासमा अदालतबाट व्याख्या भएर बदर गरियो। अरू ६६ मुलुकका सभामुखहरू कहीं पनि सरकार गठन र विघटनमा संलग्न भएको देखेको छैन। नेपालमा पहिलो नमुना कोशीमा देखियो, सर्वोच्चले सच्याउने काम गऱ्यो। फेरि दोहोरिएको छ। संविधानलाई जसरी प्रयोग गरे पनि हुन्छ भन्ने मानसिकता दलहरूमा देखियो। यसले संसदीय शासन पद्धतिको मूल मर्म नै मर्न गएको छ। सभामुख नै दलीय पक्षधरतामा लाग्छ भने योभन्दा दुर्भाग्य अरू हुन सक्दैन। गण्डकीमा गम्भीर संवैधानिक त्रुटि भएको छ। जानी-जानी गर्छ भने संवैधानिक अनैतिकताको पराकाष्ठा मान्नुपर्छ।

पोखरामा **रोहितराज पराजुली**

सर्वोच्च अदालतको नजिरलाई चुनौती दिँदै गण्डकीमा एमाले संसदीय दलका नेता खगराज अधिकारी गण्डकी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन्। बहालवाला सभामुखको गणना गर्दै बहुमत संख्या पुऱ्याएर गरिएको दाबीमा प्रदेश प्रमुख डिल्लीराज भट्टले अधिकारीलाई मुख्यमन्त्री नियुक्त गरेका हुन्। यस्तै प्रकृतिको राजनीतिक घटनामा सर्वोच्च गएको एमालेले गण्डकीमा त्यही गल्ती दोहोऱ्याएको छ।

कोशीमा सभामुखको हस्ताक्षर गरेर मुख्यमन्त्री नियुक्त हुँदा सर्वोच्चले नेपालको संविधानप्रतिकूल देखिएको

» पृष्ठ २ मा क्रमशः



६० सदस्यीय गण्डकी प्रदेश सभामा मुख्यमन्त्रीका लागि खगराज अधिकारीले एमालेका २२, सभामुखसहित माओवादीका आठ र एक स्वतन्त्र गरी ३१ जनाको समर्थन रहेको पत्र प्रदेश प्रमुखसमक्ष पेस गरे। प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम उनलाई मुख्यमन्त्रीमा नियुक्ति गरेका छन्। नियुक्तिलगत्तै शपथ लिएका अधिकारीले माओवादी संसदीय दलका नेता हरिबहादुर चुमान र स्वतन्त्र सदस्य राजीव गुरुङलाई विनाविभागीयमन्त्री नियुक्त गरेका छन्।

■ पक्ष-विपक्ष, तर्क-वितर्क



● **गोविन्दबहादुर नेपाली**, प्रमुख सचेतक, एमाले

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दाबी पेस मात्र गरेको हो। यसले व्यक्तिको समर्थन होइन, दलको समर्थन खोज्छ। सभामुख प्रदेश सभा सदस्य पनि हो, उहाँलाई सभामुखको रूपमा नभई प्रदेश सभा सदस्यको रूपमा गणना गरिएको हो। निर्वाचन आयोगले दलहरूलाई दिएको संख्या बुझाएको हो। बुझाएको संख्या एक महिनाभित्र प्रदेश सभामा सनाखत हुने भएकाले यसलाई ठूलो र जटिल विषय बनाउनुपर्छ जस्तो लाग्दैन।



● **हरिबहादुर चुमान**, संसदीय दलका नेता, माओवादी

गण्डकीमा हाम्रो पार्टीले जितेको संख्या जति हो, त्यति नै पेस गरेका छौं। नियुक्त गर्ने-नगर्ने प्रदेश प्रमुखको विषय हो। दाबी पेस गरेका सदस्यले बहुमत पुऱ्याउन सक्ने कुरामा प्रदेश प्रमुख विश्वस्त हुनुभयो र नियुक्त गर्नुभयो।



● **विन्दुकुमार थापा**, दलका उपनेता, कांग्रेस

मुख्यमन्त्री नियुक्त गर्नुअघि हामीले प्रदेश प्रमुखलाई भेट गरी कानुन नबाझिने गरी नियुक्त गर्न आग्रह गरेका थियौं। तर, त्यसलाई उहाँले बेवास्ता गरेकाले अब अदालत जानुको विकल्प रहेन। संविधानले सभामुख पदलाई स्वतन्त्र, तटस्थ र निष्पक्ष पद मानेको छ। तर, गण्डकीमा यसको अवज्ञा भएको छ। प्रदेश सभाका प्रत्येक सदस्यको फरक प्रयोजनका लागि लिइएको पुरानो हस्ताक्षर दुरुपयोग गरिएको छ।

■ कोशीमा के भएको थियो ?

कांग्रेस संसदीय दलका नेता उद्धव थापाको नेतृत्वमा सरकार गठनका लागि संख्या अपुग भएपछि सभामुख बाबुराम गौतमको समेत हस्ताक्षरबाट बहुमत पुऱ्याई २१ असारमा सरकार गठन गरिएको थियो। त्यसविरुद्ध एमालेका कोशी प्रदेश संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री हिक्मत कार्की सर्वोच्च गएका थिए। ११ साउनमा सर्वोच्चले कोशी प्रदेश सरकारका मुख्यमन्त्री थापाको नियुक्ति बदर गर्दै सात दिनभित्र प्रदेश सभाको बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई मुख्यमन्त्री नियुक्ति गर्न आदेश दिएको थियो। सर्वोच्चले कोशी सरकार गठनमा सभामुख गौतमको हस्ताक्षर त्रुटिपूर्ण भएको ठहर गर्दै नियुक्ति प्रक्रिया संविधानप्रतिकूल देखिएकाले उत्प्रेषणको आदेशले बदर गरेको थियो।

संवैधानिक व्यवस्थाले सभामुखको भूमिका सीमित गरेको ठहर इजलासको थियो। 'सभामुखको पदमा बहाल रहेको व्यक्तिले प्रदेश सभा सदस्यको पनि हैसियत रहेको भनी छुट्टै वा थप वा दोहोरो भूमिकाको दाबी गर्न मिल्दैन। निजले सभामुखको भूमिकामा सीमित रहनुपर्दछ,' जारी संक्षिप्त आदेशमा छ, '...सभामुख बाबुराम गौतमले उद्धव थापालाई मुख्यमन्त्री पदमा नियुक्तिका लागि प्रदेश प्रमुखसमक्ष बहुमत सदस्य रहेको देखाउने प्रयोजनका लागि पेस गरिएको प्रस्ताव (दाबीपत्र)मा हस्ताक्षर गरी जनाएको समर्थन संवैधानिक विधिशास्त्र, संवैधानिक नैतिकता, संसदीय अभ्यास र नेपालको संविधानमा रहेका प्रावधानसमेतका दृष्टिले उचित, वैध र स्वीकार्य देखिएन। त्यस प्रकारको त्रुटिपूर्ण प्रस्ताव (दाबीपत्र) लाई स्वीकार गरी प्रदेश प्रमुखबाट मिति ०८०/३/२१ मा गरिएको नियुक्तिसमेत नेपालको संविधानको धारा १६८ को उपधारा (२) समेतका कानुन र संवैधानिक विधिशास्त्रअनुकूल देखिएन।'

आदेशमा संसदीय अभ्यासको तुलनात्मक अध्ययनबाट समेत सभामुखलाई सरकार गठन प्रक्रियामा समर्थन जनाएको दृष्टान्त नभेटिएको उल्लेख छ। 'प्रदेश सभाका सभामुखको पद राजनीतिक रूपमा तटस्थ र निष्पक्ष रहनुपर्ने, निजले कुनै पनि प्रकारको राजनीतिक पक्षधरता कायम गर्न नहुने पदका रूपमा रहेको देखिन्छ। प्रदेश सभाको तथा सभामुखको निर्वाचनका सन्दर्भमा निजको कुनै राजनीतिक दलसँग आबद्धता कायम नगरी निजको हैसियत स्वतन्त्र र तटस्थ अवस्थाको रहन्छ, रहनुपर्दछ। प्रदेश सभाका सबै राजनीतिक दलहरू र सदस्यहरूप्रति सभामुखले समदूरी र समान व्यवहार कायम राख्नुपर्ने हुन्छ, सभामुखले प्रदेश सभामा रेफ्री वा अम्पायर प्रकृतिको भूमिका निर्वाह गर्नुपर्दछ,' आदेशमा छ, '... कुनै खास राजनीतिक दल वा कुनै दलका सदस्यलाई समर्थन गनुको स्वाभाविक अर्थ एउटासँग विशेष सम्बन्ध र अन्यसँग भिन्न प्रकारको सम्बन्ध कायम राखेको भन्ने हुन जान्छ। नियुक्तिका लागि समर्थन गर्नेले अविश्वासको प्रस्तावको समर्थनमा पनि समर्थन गर्न पाउने अवस्था आइपर्दछ।'

जोतभोगअनुसार जग्गा दर्ताको माग गर्दै मालपोत घेराउ



● **वीरेन्द्रकुमार साह**, वडाध्यक्ष
धनगढीमाई नगरपालिका- ३

तीन पुस्तादेखि जग्गामा बसोवास सहित खनजोत गर्दै आएका ३६६ स्थानीयले अन्य व्यक्तिको नाममा दर्ता रोक्का गर्न माग गर्दै वडा कार्यालयको सिफारिससहित मालपोतमा निवेदन दिएका छन्।

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको धनढीमाई नगरपालिका- ३ कुर्वा हनुमाननगरका विपन्न, दलित, सुकुमवासीले आफूहरूले पुस्तौंदेखि जोतभोग गर्दै आएको जग्गा अन्य व्यक्तिको नाममा दर्ता रोक्न माग गर्दै लहान मालपोत कार्यालय घेराउ गरेका छन्। हनुमाननगरको जोतभोग जग्गा कायमका लागि संयुक्त आन्दोलन संयुक्त संघर्ष समितिको आह्वानमा आइतबार दिउँसो धनगढीमाई- ३ का वडाध्यक्षसहित सयौंको संख्यामा विपन्न, दलित, सुकुमवासीले करिब दुई घण्टा मालपोत कार्यालयअगाडि प्रदर्शन गरे।

पौने चार सय घरधुरीले करिब तीन पुस्तादेखि

» पृष्ठ २ मा क्रमशः



पुस्तौंदेखि जोतभोग गर्दै आएको जग्गा व्यक्तिको नाममा दर्ता रोक्न माग गर्दै लहान मालपोत कार्यालय घेराउ

■ भ्रष्टाचारको फेरिएको शैली

ठेकेदारलाई आयोजना दिलाउँदा घुसबापत जग्गा

■ अख्तियारको आरोपपत्र–

जग्गा विक्रेताले समेत ती जग्गा बिक्री गरेको देखिँदा सरोज भट्टराईले कोषमा ठेक्कापट्टाको काम गर्ने निर्माण सेवाका प्रोपाइटरसँग घुस/रिसवतस्वरूप माग गरेको ८० लाख रुपैयाँ रकम निज भट्टराईले आफैंले प्रत्यक्ष रूपमा नलिई आमा जनकनन्दनी भट्टराईको नाममा जग्गा खरिद गर्दा उक्त रिसवत रकम प्रयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको देखिन्छ।

अर्बौंका ठेक्का एउटै ठेकेदारलाई दिएर जग्गा कमिसन

सुवास भट्ट/नयाँ पत्रिका

भ्रष्टाचारको दायरा विस्तार हुँदै जाँदा घुस खाने प्रवृत्ति पनि फेरिँदै गएको छ। सीधै रकममा आफू र आफ्नो खातामा घुस लिनुको सट्टा जग्गा किनाउने, घर बनाउने तथा विदेशमै भुक्तानी गर्नेजस्ता प्रवृत्ति मौलाउँदै गएको पाइन्छ।

यस्तै, घटनामा आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई व्यक्तिविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। लुम्बिनी विकास कोषमा कार्यरत योजना प्रमुख इन्जिनियर सरोज भट्टराई र उनकी आमा जनकनन्दनी भट्टराईविरुद्ध अख्तियारले अदालतमा मुद्दा दायर गरेको हो। ठेकेदारलाई आयोजना दिएर त्यसको कमिसनबापत आमाको नाममा जग्गा खरिद गरेको भेटिएपछि अख्तियारले उनीविरुद्ध मुद्दा दायर गरेको छ।

घुसबापत इन्जिनियर भट्टराईले आमा जनकनन्दनीको नाममा भक्तपुरको सूर्यविनायक नगरपालिका- ७ स्थित कित्ता नं. १३७४ र १३७५ को क्रमशः दुई रोपनी नौ आना र दुई आना क्षेत्रफलको जग्गा खरिद गरेका हुन्। सीधै घुस नलिएर आफ्नी आमाको नाममा जग्गा बेच्नेलाई ठेकेदारमार्फत भुक्तानी गरेर उनले जग्गा खरिद गरेको अख्तियारको अनुसन्धानबाट खुलेको छ।

» पृष्ठ २ मा क्रमशः

■ ठेकेदारको बयान

चलनचल्तीमा रहेको अनौपचारिक रूपमा इन्जिनियरले माग गर्ने र लिने रकम उपलब्ध गराएको हो

अख्तियारले बाबुल निर्माण सेवा र अर्घाखाँची जेभीका आधिकारिक व्यक्ति असिफ अहमदसँग पनि बयान गरेको थियो। उनले ८० लाख रुपैयाँ तामाङ र थापाको खातामा जम्मा गरेको बयान दिएका छन्। उनले अख्तियारसँग गरेको बयानले भने निर्माण क्षेत्रमा कर्मचारी र ठेकेदारबीच कस्तो सौदाबाजी र घुस लेनदेन हुन्छ भन्ने स्पष्ट पार्छ। उनले बयानमा भनेका छन् :

उक्त खाता विवरण सरोज भट्टराई सरले उपलब्ध गराई रकम जम्मा गरिदिनु भनेअनुसार नै यो पैसा हालिदिएको हो। ८० लाख रुपैयाँ रकम मैले लुम्बिनी विकास कोषमा निर्माणको काम गरेको हुँदा लुम्बिनी विकास कोषमा योजना प्रमुखको रूपमा कार्यरत ई. सरोज भट्टराईले भनेअनुसार आइते तामाङ र नानीकाजी थापाको खातामा हालिदिएको हो। उक्त रकम के कुन प्रयोजनका लागि निजहरूको खातामा हाल्न लगाएको हो, उक्त कुरा सरोज भट्टराईलाई नै थाहा होला। सरोज भट्टराईकी आमाको नाममा जग्गा खरिद गर्ने कुरा मलाई जानकारी थिएन, मैले ८० लाख रकम निज सरोज भट्टराईकी आमा जनकनन्दनी भट्टराईको नाममा जग्गा खरिद गर्न दिएको पैसा होइन। मैले लुम्बिनी विकास कोषको ठेक्काको काम गरेको र सो काम गरेबापत योजना प्रमुख ई. सरोज भट्टराईलाई चलनचल्तीमा रहेको अनौपचारिक रूपमा इन्जिनियरले माग गर्ने र लिने रकम उपलब्ध गराएको हो। सरोज भट्टराई सरले भनेअनुसार आइते तामाङ र नानीकाजी थापाको खातामा पठाइदिएको हो।

यद्यपि, इन्जिनियर भट्टराईले भने पिताको लुम्बिनीमा रहेको जग्गा निर्माण व्यवसायी सफिक अहमदले लिने र सोबापत उपत्यकामा जग्गा दिने भन्ने छलफल भएको आफूले सुनेको र आफूले उक्त काम गर्दा हुन्छ भनिदिएकोजस्तो लागेको दाबी गरेका छन्। पछि निर्माण व्यवसायी सफिक अहमदले उपत्यकामा जग्गा लिन नसकेपश्चात् आमाले उनीसँग लिएको रकम फिर्ता दिएको सुनेको पनि बताएका छन्। निर्माण व्यवसायीसँग चिनजान रहे पनि आर्थिक कारोबार आफू स्वयंले नगरेको र आइते तामाङको जग्गा खरिद गरेको बुझिएको बयानमा उनले बताएका छन्।

७३ जिल्ला पुग्यो पाठ्यपुस्तक

चैतभित्रै देशभर पुग्ने | विगतमा शैक्षिक सत्र सुरु भएको महिनौंसम्म पनि विद्यार्थीले पुस्तक नपाउने समस्या गत वर्षदेखि सुधार भएकोमा यसपालि समयमै छपाइ र ढुवानीले अझ छिटो भएको छ

शिवहरि घिमिरे/नयाँ पत्रिका

समयमा विद्यार्थीले पाठ्यपुस्तक नपाउने समस्या अघिल्लो वर्षदेखि सुधार भएकोमा यसपालि अझै छरितो भएको छ। जनक शिक्षा सामग्री केन्द्रका अनुसार आइतबारसम्म ७३ जिल्लामा पाठ्यपुस्तक पुगिसकेको छ। बाँकी चारमध्ये सोलुखुम्बु र बर्दियामा सोमबार र मंगलबारसम्म तथा बाँके र कैलालीमा २८ र २९ चैतमा ढुवानी हुने केन्द्रका प्रबन्ध सञ्चालक अनिल झाले बताए।

'यो वर्ष विद्यालयले नयाँ शैक्षिक सत्र सुरु नगर्दै अधिकांशमा पाठ्यपुस्तक पुगिसकेको छ, बाँकी रहेका जिल्लामा पनि चार दिनभित्र पुगिसक्छ,' उनले भने, 'समयमै पाठ्यपुस्तक छपाइ र ढुवानी हुँदा वेलैमा पाठ्यपुस्तक पुऱ्याउन सम्भव भएको हो।'

विगतका वर्षहरूमा शैक्षिक सत्र सुरु भएको महिनौंसम्म पनि कैयौं जिल्लामा पाठ्यपुस्तक पुग्दैनथ्यो। गत वर्षदेखि यो समस्यामा सुधार भएको थियो। अघिल्लो वर्ष १५ चैतदेखि ढुवानी थालिएकोमा यसपालि अझै छिटो ७ चैतदेखि नै ढुवानी थाल्दा समयमै पाठ्यपुस्तक पुगेको केन्द्रको दाबी छ।

» पृष्ठ २ मा क्रमशः

■ मुगुमा पाठ्यपुस्तक



मुगुमा **अच्युत भण्डारी**

शैक्षिक सत्र सुरु नहुँदै मुगुका सामुदायिक विद्यालयहरूमा पाठ्यपुस्तक पुगेको छ। जिल्लाका चार स्थानीय तहमध्ये शुक्रबारसम्म छायानाथ रारा नगरपालिकाका ४५, सोरु गाउँपालिकाका ३८ र खत्याड गाउँपालिकाका ४० सामुदायिक विद्यालयका लागि पाठ्यपुस्तक पालिका केन्द्रहरूमा पुगिसकेको छ। मुगुम कार्मारोङ गाउँपालिकाका १६ सामुदायिक विद्यालयका लागि बुधबारसम्म पालिका केन्द्र पुलसम्म पुस्तक पुगिसक्ने गाउँपालिका शिक्षा प्रमुख सुवास रावलले बताए।

स्कुल-स्कुलमा पुग्यो पाठ्यपुस्तक

केन्द्रबाट समयमै ढुवानी भएपछि जिल्लामा पुगेको पाठ्यपुस्तक स्कुलहरूमा पनि पुग्न थालेको छ। हाल पाठ्यपुस्तक पुगेका जिल्लाका अधिकांश विद्यालयले लगिसकेका छन्। जनक शिक्षा सामग्री केन्द्रले आफ्नो प्रादेशिक डिपोहरूमार्फत विक्रेतालाई पुस्तक दिने गरेको छ भने विद्यालयको मागअनुसार विक्रेताले विद्यालयमा पुस्तक पुऱ्याउने गरेका छन्। पाठ्यक्रम विकास केन्द्रले सबै जिल्लामा पाठ्यपुस्तक पुगेकाले डिपो तथा विक्रेताहरूसँग सम्पर्क गरेर पाठ्यपुस्तक लैजान देशभरका विद्यालयलाई निर्देशन दिएको छ। त्यस्तै, समयमै पाठ्यपुस्तक वितरण गर्न पनि भनेको छ।

ढुवानी र छपाइ खर्च सरकारकै

पुस्तक विद्यालयसम्म पुऱ्याएको सबैखाले खर्च र ढुवानी सरकारकै हो। विद्यालय तहसम्मको शिक्षा प्रणाली स्थानीय तहको जिम्मेवारीमै रहने भएकाले आ-आफ्नो स्थानीय तहमा आएको पाठ्यपुस्तकको शुल्क सम्बन्धित स्थानीय तहले पाठ्यक्रम विकास केन्द्रलाई पठाउनुपर्छ। केन्द्रले जनक शिक्षा सामग्री केन्द्रको खातामा सो रकम पठाउँछ। सामुदायिक विद्यालयले विद्यार्थीबाट पाठ्यपुस्तकको शुल्क लिन पाउँदैनन्।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

७३ जिल्ला...

पृष्ठ १ बाट क्रमशः

पाठ्यक्रम विकास केन्द्रको तथ्यांकअनुसार हाल सरकारी विद्यालयको बालविकास तहदेखि कक्षा १२ सम्म ५६ लाखभन्दा बढी विद्यार्थी छन्। केन्द्रले सोही परिमाणमा पाठ्यपुस्तक छापेर ढुवानी भइरहेको हो। यसपटक एकदेखि चार कक्षासम्मको पाठ्यपुस्तक निजी छापाखाना र त्यसभन्दा माथिल्लो तहको पाठयपुस्तक जनक शिक्षालाई छाप्न दिइएको थियो। पाठ्यक्रम विकास केन्द्रसँगको समन्वयमा जनक शिक्षा सामग्री केन्द्रले पाठ्यपुस्तक ढुवानी तथा छपाइ सुरु गरेको थियो। केन्द्रले ढुवानी थालेको १५ दिनमा देशका अधिकांश जिल्लामा पाठ्यपुस्तक पुऱ्याइसकेको छ। यस वर्ष एकदेखि १० कक्षासम्मको पुस्तक छपाइमा झन्डै दुई अर्ब रुपैयाँ खर्च हुने अनुमान छ भने सो तहमा दुई करोड ६० थान किताब प्रकाशन गरिएको छ।

गण्डकीमा पनि...

पृष्ठ १ बाट क्रमशः

भन्दै त्यसलाई खारेज गरिदिएको थियो। सभामुखको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनु संविधान, कानुन, स्थापित नजिर सिद्धान्त र परम्पराविरुद्ध रहेको भन्दै कांग्रेसले सर्वोच्चमा चुनौती दिने भएको छ। मंगलबार सर्वोच्चमा रिट दर्ता गर्ने कांग्रेसको तयारी छ।

६० सदस्यीय गण्डकी प्रदेश सभामा कांग्रेसका २७, एमालेका उपसभामुखसहित २२, माओवादीका सभामुखसहित आठ, राप्रपाका दुई र एक स्वतन्त्र सदस्य छन्। मुख्यमन्त्रीका लागि अधिकारीले एमालेका २२, सभामुखसहित माओवादीका आठ र एक स्वतन्त्र गरी ३१ जनाको समर्थन रहेको पत्र प्रदेश प्रमुखसमक्ष पेस गरेका थिए। अधिकारीको दाबीपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए।

अल्पमतमा परेका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले २१ चैतमा राजीनामा दिएसँगै पाण्डेको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुखले नयाँ मुख्यमन्त्रीका लागि २७ चैत्रको दिउँसो ३ बजेसम्मको समय दिएका थिए। नियुक्त अधिकारी दोस्रोपटक मुख्यमन्त्री भएका हुन्। अधिकारीले यसअघि २५ पुस २०७९ देखि १४ वैशाख ०८० सम्म मुख्यमन्त्री भएर काम गरेका थिए। अधिकारीले प्रदेशका सबै मन्त्रालयको जिम्मेवारी आफूमा राख्दै आइतबार माओवादी दलका नेता चुमानसँगै स्वतन्त्र सदस्य राजीव गुरुङलाई विनाविभागीयमन्त्री नियुक्त गरेका छन्।

नयाँ सरकार गठनका लागि निर्णायक मानिएको दुई सदस्य रहेको राप्रपाले २७ चैत्रसम्म कसैलाई समर्थन नगर्ने निर्णय गरेपछि प्रदेशमा संविधानको धारा १६८ (३) बमोजिम नयाँ सरकार गठनको प्रक्रिया सुरु हुने धेरैको बुझाइ थियो। यो धारा प्रयोग भएर सरकार गठन हुँदा सभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेताको नाताले पुनः पाण्डे नै मुख्यमन्त्री हुने अवस्था थियो। यसलाई रोक्न अधिकारीले सभामुखसहितको संख्या देखाएर दाबी पेस गरेका थिए।

२१ फागुनमा सत्तागठबन्धन परिवर्तन भएर नयाँ गठबन्धन बनेसँगै २२ चैत्रमा मुख्यमन्त्री पाण्डेले सरकारमा सहभागी माओवादीका दुई मन्त्रीलाई बर्खास्त गरेका थिए। त्यसपछि २३ फागुनमा माओवादीले पाण्डे नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। त्यससँगै पाण्डे नेतृत्वको सरकार अल्पमतमा परेको थियो। अल्पमतमा परेका मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा विश्वासको मत पाउने अवस्था नदेखेपछि पाण्डेले २९औँ दिनमा राजीनामा दिएका थिए।

ऋाफू अल्पमतमा परिसकेको अवस्थमा मुख्यमन्त्री पाण्डेले ५ चैतमा मन्त्रिपरिषद् विस्तार गर्दै स्वतन्त्र सदस्य गुरुङलाई भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीमा नियुक्त गरेका थिए। तर, हाल गुरुङले पाण्डेको साथ छाडेर नयाँ गठबन्धनलाई समर्थन गरेका छन्। पाण्डे संविधानको धारा १६८ (२) अनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा १४ वैशाख ०८० मा मुख्यमन्त्री नियुक्त भएका थिए।

कोशीमा गत असारमा मुख्यमन्त्री नियुक्तिका बखत सभामुखको हस्ताक्षर गरेर बहुमत पुऱ्याइएको थियो। पछि सर्वोच्च अदालतले त्यसलाई बदर गरिदिएको थियो। कोशीमा सभामुखले सही गरेका थिए भने यसपटक गण्डकीमा संख्या गणना गरी बहुमत पुऱ्याइएको छ। कोशीमा त्यस समयमा एमाले विपक्षमा थियो भने यसपटक एमाले सोही प्रक्रियाको पक्षमा छ।

कांग्रेसले प्रदेश प्रमुखलाई भेटी सभामुखको गणना गरी असंवैधानिक प्रक्रियाबाट मुख्यमन्त्री नियुक्त नगर्न भन्दै चारबुँदे असहमति-पत्र बुझाएको थियो। कांग्रेस संसदीय दलका नेता पाण्डेले हस्ताक्षर गरेको पत्र दलका उपनेता विन्दुकुमार थापा र प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेसहितको टोलीले प्रदेश प्रमुखलाई बुझाएका थिए। कांग्रेस टोलीसँगको भेटलगत्तै प्रदेश प्रमुखले अधिकारीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए।

कांग्रेसको असहमति-पत्रमा संविधानले सभामुख पदलाई स्वतन्त्र, तटस्थ र निष्पक्ष पद मानेको, सभामुखमा नियुक्त हुनुपूर्व वर्तमान सभामुख कृष्णप्रसाद धितालले पार्टी परित्याग गरेको, संविधानको धारा १८२ ले सभामुख सरकार गठनको जोड घटाउबाट अलग रहेको तटस्थ पद भनेको, बहुमत सदस्यहरूको हस्ताक्षर भनिएको दाबीपत्रमा दलको नेताले हस्ताक्षर गरेको, प्रदेश सभाका प्रत्येक सदस्यको फरक प्रयोजनका लागि लिइएको पुरानो हस्ताक्षर दुरुपयोग गरिएको र समर्थन गरिएको भनिएको हस्ताक्षरको आधिकारिक सनाखत नभएको उल्लेख छ। साथै, कांग्रेसको पत्रमा कोशी प्रदेशमा गत असारमा भएको नियुक्ति र पछि सर्वोच्च अदालतले बदर गरिदिएको स्मरणसमेत गराइएको छ।

सभामुखको गणना गर्दै प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेपछि कांग्रेस सर्वोच्च जान कानुनी परामर्शमा जुटेको छ। अधिकारीको नियुक्तिपछि कांग्रेस दलको बैठकमा आवश्यक कानुनी परामर्शपछि मंगलबारसम्म सर्वोच्चमा रिट दायर गर्ने विषयमा छलफल भएको थियो। यसका लागि दलका नेता पाण्डे नै आइतबारै काठमाडौं गएका छन्। 'मुख्यमन्त्री नियुक्त गर्नुअघि हामीले प्रदेश प्रमुखलाई भेट गरी कानुन नबाझिने गरी नियुक्त गर्न आग्रह गरेका थियौं। तर, त्यसलाई उहाँले बेवास्ता गरेकाले अब अदालत जानुको विकल्प रहेन,' दलका उपनेता विन्दुकुमार थापाले भने।

एमालेका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले सभामुखको गणना गरेर नियुक्त गरिएपछिको विषय भएको बताए। '१६८ को उपधारा (२) बमोजिम दाबी पेस मात्र गरेको हो। यसले व्यक्तिको समर्थन हैन, दलको समर्थन खोज्छ। सभामुख सभामुख मात्र नभएर प्रदेश सभा सदस्य पनि हो, उहाँलाई सभामुखको रूपमा नभै प्रदेश सभा सदस्यको रूपमा गणना गरिएको हो,' उनले भने, 'निर्वाचन आयोगले दलहरूलाई दिएको संख्या बुझाएको हो। बुझाएको संख्या एक महिनाभित्र प्रदेश सभामा सनाखत हुने भएकाले यसलाई ठूलो र जटिल विषय बनाउनुपर्छ जस्तो लाग्दैन।'

माओवादी संसदीय दलका नेता हरिबहादुर चुमानले निर्वाचन आयोगमा भएको दलको सदस्य संख्या मात्र देखाएर दाबी पेस गरेको बताए। 'गण्डकीमा हाम्रो पार्टीले जितेको संख्या जति हो, त्यति नै पेस गरेका छौं। नियुक्त गर्ने-नगर्ने प्रदेश प्रमुखको विषय हो। दाबी पेस गरेका सदस्यले बहुमत पुऱ्याउन सक्ने कुरामा प्रदेश प्रमुख विश्वस्त हुनुभयो र नियुक्त गर्नुभयो,' उनले भने।

लुम्बिनीमा मन्त्रिमण्डल गठन

मन्त्रालयको भागबन्डा टुंग्याउन बाँकी



लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचन प्रदेश प्रमुखको कार्यालय बुटवलमा आइतबार लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री जोखबहादुर महरालाई पद तथा गोपनियताको सपथ ग्रहण गराउँदै। तस्बिर : **सुमित्रा अधिकारी**/रासस

बुटवल/ लुम्बिनी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री जोखबहादुर महराले पद तथा गोपनीयताको शपथ लिई कार्यभार सम्हालेका छन्। बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित शपथग्रहण समारोहमा प्रदेश प्रमुख अमिक शेरचनले नेपालको संविधानको धारा १७२ बमोजिम मुख्यमन्त्री महरालाई शपथ गराएका थिए।

लगत्तै, मुख्यमन्त्री महराले सानो मन्त्रिमण्डल पनि गठन गरेका छन्। एमालेका नेता चेतनारायण आचार्य र माओवादी केन्द्रका दीपेन्द्रबहादुर पुन र जनता समाजवादी पार्टीका भण्डारीलाल अहिरलाई विनाविभागीयमन्त्रीमा नियुक्त गरेका छन्। नवनियुक्त मन्त्रीहरूलाई सोही समारोहमा प्रदेश प्रमुखले नेपालको संविधानको धारा १७२ बमोजिम पद तथा गोपनीयताको शपथग्रहण गराएका छन्।

प्रदेश प्रमुख शेरचनले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम महरालाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले २२ चैतमा प्रदेश सभा बैठकलाई सम्बोधन गर्दै पदबाट राजीनामा घोषणा गरेपछि एमालेसहित पाँच दल र एक स्वतन्त्र प्रदेश सभा सदस्यसहित ४८ जनाको समर्थनमा महरा मुख्यमन्त्री नियुक्त भएका थिए। नवनियुक्त मुख्यमन्त्री महरा लुम्बनीको पाँचौं मुख्यमन्त्री हुन्। अझै लुम्बिनीमा भागबन्डा भने टुंगिएको छैन। लुम्बिनीमा माओवादीले मुख्यमन्त्रीका रूपमा दोस्रोपटक नेतृत्व गर्ने अवसर पाएका छन्। यसअघि पनि रोल्पाकै कुलप्रसाद केसी मुख्यमन्त्री भएका थिए।

जोतभोगअनुसार...

पृष्ठ १ बाट क्रमशः

जोतभोग गर्दै आएको जग्गा भूमाफियाको सेटिङमा पूर्ववडाध्यक्ष देवकुमार साहले सिराहा नगरपालिका-१७ माडरका सत्यनारायणप्रसाद साहलाई हुनमाननगर प्र.ध. मौजाको एक सय पाँच बिघा जग्गामा हकभोग रहेको सिफारिस दिएका थिए। पूर्ववडाध्यक्षले तीन वर्षअघि दिएको सिफारिसबारे थाहा पाएपछि स्थानीयले बसोवाससहित खनजोत गर्दै आएको जग्गा व्यक्तिको नाममा दर्ता रोक्का गर्न मागसहित मालपोत घेराउ गरेका हुन्। जग्गामा बसोवाससहित खनजोत गर्दै आएका तीन सय ६६ जोताहा किसानले दर्ता रोक्का गर्न माग गर्दै वडा कार्यालयको सिफारिससहित मालपोतमा निवेदन दिएको धनगढीमाई- ३ का वर्तमान वडाध्यक्ष वीरेन्द्रकुमार साहले बताए।

पूर्ववडाध्यक्ष साहले आफ्नो कार्यकाल सकिनु करिब एक वर्षअघि ३१ चैत ०७७ मा सत्यनारायणले दाबी गरेको जग्गामा पाटीपौवा, गौचर केही नरही उनकै एकलौटी हकभोगमा रहेको भन्दै दिएको सिफारिस यसअघिका जनप्रतिनिधले रोकेको स्थानीय ७१ वर्षीय परमेश्वर कामैतले बताए। उनका अनुसार नगरपालिका कायम हुनुअघि तत्कालीन हुनमाननगर प्र.ध.का प्रधानपञ्चहरू जगदव महतो, बलदेव महतो, बलदेव साह, हरिलाल यादवले गरिब, विपन्न, सुकुम्बासीले बसोवाससहित खनजोत गर्दै आएको एक सय पाँच बिघा जग्गा दर्ताका लागि सिफारिस माग्न आएका सत्यनारायणलाई सिफारिस रोकेका थिए। 'आर्थिक प्रभावमा रोकिएको सिफारिस पूर्ववडाध्यक्ष देवकुमारले दिएको र त्यसका आधारमा मालपोतले ३५ दिने सूचना जारी गरेपछि दर्ता रोक्न मागसहित मालपोतमा निवेदन दिएका हौं,' उनले भने।

पूर्ववडाध्यक्षले दिएको सिफारिस र वडा सर्जिमिन मुचुल्काका आधारमा लहान मालपोतले गत ३० फागुनमा उक्त जग्गामा कसैको हकदाबी भए प्रमाणसहित हकदाबी गर्न ३५ दिने सूचना जारी गरेपछि स्थानीय दलित, गरिब र विपन्नहरू सडकमा उत्रिएका हुन्। कुर्वा गाउँका ६१ वर्षीय रामप्रीत साहका अनुसार ०२१ को भूमिसुधारअनुसार हदबन्दीभन्दा बढी भएको जग्गाको नापजाँचका क्रममा कसैले दाबी गर्न नआएपछि नेपाल सरकारको नाममा गएको खाली जग्गामा करिब पौने चार सय घरधुरी बसोवाससहित खनजोत गर्दै आएका थिए।

हनुमाननगर मौजा कुर्वाको कित्ता नं. २४२, २४३, १२५ सहित जग्गामा ०३७ देखि बसोवास र खनजोत गर्दै आएको जग्गा ०५५ तिर तत्कालीन विद्रोही माओवादीले खनजोतका आधारमा स्थानीय बिपन्न, दलित, सुकुम्बासीलाई पाँच कट्ठादेखि एक बिघासम्म वितरण गरेको स्थानीय बुढापाका बताउँछन्।

'नेपाल सरकारको नाममा गएको जग्गामा विपन्न सुकुम्बासी, दलित समुदाय बस्दै आएका छन्,' स्थानीय पूजन साहले भने, 'करिब ६० वर्षसम्म जग्गा दाबी गर्न नआएको व्यक्तिलाई पूर्ववडाध्यक्षले मोटो रकम लिएर एकलौटी हकभोगमा रहेको भन्दै सिफारिस दिएर उठीबास गराउन खोजेपछि हामी अप्ठ्यारोमा छौं।' पूर्ववडाध्यक्ष साहले यसअघि गाउँमा पाँचपटक गरिएको छलफलमा आफूबाट गल्ती भएको स्विकारेको र पीडितलाई साथ दिने कबोल गरेको उनले बताए।

ठेकेदारलाई...

पृष्ठ १ बाट क्रमशः

कोषमा कार्यरत भट्टराईले ती कित्ताका जग्गा खरिद गर्न लुम्बिनी विकास कोषमा ठेक्काको काम गर्ने बाबुल निर्माण सेवाका प्रोपाइटर सफिक अहमदसँग घुस/रिसवत माग गरेका थिए। प्रोपाइटरकै बैंक खाताबाट जग्गा बिक्रेताको खातामा ४० लाख र जग्गा खोजिदिने व्यक्तिको बैंक खातामा अर्को ४० लाख गरी कुल ८० लाख रुपैयाँ रकम जम्मा गराइदिएको खुलेको अख्तियारले जनाएको छ। कोषका इन्जिनियर भट्टराईले भनेअनुसार जग्गा खोजिदिने व्यक्तिले प्राप्त गरेको ४० लाखमध्ये ३८ लाख सात हजार दुई सय रुपैयाँसमेत जग्गा बिक्रेताकै बैंक खातामा जम्मा गराएको भेटिएको छ। बाँकी रकम उनले कमिसनका रूपमा लिएको देखिन्छ।

'जग्गा बिक्रेताले समेत ती जग्गा बिक्री गरेको देखिँदा भट्टराईले कोषमा ठेक्कापट्टाको काम गर्ने निर्माण सेवाका प्रोपाइटरसँग घुस/रिसवतस्वरूप माग गरेको ८० लाख रुपैयाँ रकम निज सरोज भट्टराईले आफैँले प्रत्यक्ष रूपमा नलिई आमा जनकनन्दनी भट्टराईको नाममा जग्गा खरिद गर्दा उक्त रिसवत रकम प्रयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर गरेको देखिन्छ,' अख्तियारको आरोपपत्रमा उल्लेख छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ बमोजिम रिसवत लिएको कसुरमा ८० लाख रुपैयाँ बिगो कायम गरी अख्तियारले भट्टराईविरुद्ध मुद्दा दायर गरेको छ। त्यसै उपदफाको देहाय (ज) बमोजिम कैदसजाय गरी बिगोबमोजिम जरिवाना सजायसमेतको मागदाबी गरिएको छ। देहाय (ज) को व्यवस्थाअनुसार उनलाई ६ देखि आठ वर्ष कैद सजाय हुन्छ। त्यस्तै, ऐनको दफा ३ को उपदफा १ र दफा ४७ बमोजिम आमा जनकनन्दनीको नाममा रहेको जग्गा भ्रष्टाचारजन्य कसुरबाट आर्जन गरेको देखिएको भन्दै उक्त जग्गा जफतको मागदाबी पनि अख्तियारले गरेको छ।

कोषमा योजना प्रमुख भई काम गर्ने क्रममा योजना ठेक्का प्राप्त गरेका निर्माण कम्पनीहरूबाट जग्गा बिक्रेताको खातामा रकमान्तर गरी जग्गाको रकम भुक्तानी गरी भ्रष्टाचार गरेको उजुरी ०७८ साउनमा अख्तियारमा दर्ता भएको थियो। त्यसपछि अख्तियारले उनीबारे अनुसन्धान अघि बढाएको थियो। भट्टराई २१ वर्षदेखि कोषमा कार्यरत कर्मचारी हुन्। भट्टराईविरुद्ध अख्तियारले अरू उजुरीमाथि पनि छानबिन गरिरहेको छ। छानबिनका क्रममा यो तथ्य भेटिएपछि अख्तियारले मुद्दा दायर गरेको हो।

यसरी जम्मा भयो विक्रेताको खातामा रकम

अनुसन्धानका क्रममा अख्तियारले भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरसँग जग्गा खरिद-बिक्रीसम्बन्धी जानकारी माग गरेको थियो। मालपोतले आइते तामाङको नाममा दर्ता कायम गरेको जग्गा जनकनन्दनीले २७ वैशाख ०७९ मा ३८ लाख सात हजार दुई सय रुपैयाँमा खरिद गरेको जवाफ दिएको थियो। भट्टराईले खरिद गरेको जग्गाको आधा भुक्तानी नानीकाजी थापाले बिक्रेता तामाङको कृषि विकास बैंकको खातामा चारपटक गरेर रकम जम्मा गरेको भेटिएको छ।

अख्तियारले कृषि विकास बैंकलाई पनि जग्गा खरिद-बिक्री गर्दा रकम खातामा जम्मा भएकोबारे विवरण दिन पत्राचार गरेको थियो। बैंकले केही समयअघि अख्तियारलाई दिएको विवरणअनुसार तामाङको उही खातामा २६ वैशाख ०७९ मा ४० लाख रुपैयाँ रकम बाबुल निर्माण सेवाले जम्मा गरेको नगद भौचरसहितको विवरण पठाएको थियो। बाबुल निर्माण सेवा र नानीकाजी थापाले गरेर कुल ७८ लाख सात हजार दुई सय रुपैयाँ रकम बिक्रेता तामाङको खातामा जम्मा गरेको अख्तियारले यकिन गरेको छ।

नानीकाजीको खातामा पनि बाबुल निर्माण सेवाको प्रोपाइटर सफिक अहमदको कृषि विकास बैंकको खाताबाट दुईपटक गरेर १० लाखका दरले २० लाख र अर्घाखाँची बाबुल जेभीको खाताबाट ३० लाख रुपैयाँ जम्मा भएको देखिएको छ। पछि नानीकाजीको खाताबाट नौ लाख नौ सय ९९ रुपैयाँ झिकिएकोसमेत देखिन्छ। आफ्नो खातामा जम्मा भएकै रकमबाट नानीकाजीले तामाङलाई नौ लाख ९९ हजार ९९९ का दरले तीनपटक गरेर २९ लाख ९९ हजार ९९७ रुपैयाँ रकमान्तर गरेको बैंक विवरणबाट फेला परेको छ। आठ लाख सात हजार २०३ रुपैयाँ पनि उनले तामाङको खातामा जम्मा गरिदिएका थिए। यो दुवै गरेर ३८ लाख सात हजार दुई सय रुपैयाँ नानीकाजीले तामाङको खातामा हालिदिएका थिए।

अख्तियारसँगको बयानमा नानीकाजीले आफ्नी छोरी लुम्बिनी विकास कोषको काम गर्ने निर्माण कम्पनीमा कार्यरत भएकाले त्यसैमार्फत भट्टराईसँग चिनजान भएको र आफ्नो खातामार्फत कारोबार भएको बताएका छन्। बिक्रेता आफ्नो नाता पर्ने भएकाले आफू दुवै पक्षसँग कारोबारमा जोडिएको पनि बयान दिएका छन्। यसबाट उनी जग्गा कारोबारी रहेको देखिन्छ।

अर्बौंका ठेक्का एउटै ठेकेदारलाई दिएर जग्गा कमिसन

अख्तियारले लुम्बिनी विकास कोषसँग पनि विवरण माग गरेको थियो। जसअनुसार कोषले आर्थिक वर्ष ०७५/७६ देखि हालसम्म निर्माण कार्यका लागि पाँच करोड वा सोभन्दा बढी रकमको चारवटा ठेक्का आह्वान भएको छ। ती सबै ठेक्काको सम्झौता रकम भ्याटसहित एक अर्ब ३७ करोड २५ लाख ९७ हजार रुपैयाँ छ। यी सबै ठेक्का लुम्बिनी/अर्घाखाँची/बाबुल जेभीले पाएको देखिन्छ। यी ठेक्का लुम्बिनी गुरुयोजनाअन्तर्गत विभिन्न सडकको सौन्दर्य, गौतमबुद्ध फलफूल बाटिकाको तयारीका लागि निर्माण कार्य, गुरुयोजनाअन्तर्गत अन्तर्राष्ट्रिय बुद्धिस्ट सम्मेलन तथा ध्यान हलको दोस्रो चरण र लुम्बिनी सांस्कृतिक केन्द्रको निर्माण तथा गुरुयोजनाको बाह्य विद्युतीकरणका हुन्। ठेक्का सम्झौताबमोजिम विभिन्न समयमा कोषबाट जेभीका नाममा एक अर्ब २२ करोड ५२ लाख ७६ हजार रुपैयाँ भुक्तानी भएको देखिएको छ। कोषमा कार्यरत योजना प्रमुख इन्जिनियर सरोज भट्टराईले नै यी सबै ठेक्का लगाएका थिए। यसबाट भट्टराईले ठेक्का जारी गरेको, मिलेमतोमा निश्चित ठेकेदारलाई ठेक्का दिलाएको र त्यहीबाट जग्गा खरिदबापत भुक्तानी भएको देखिन्छ। भट्टराईले आव ०७५/७६ अघि पनि अर्बौंका ठेक्का सोही जेभीलाई नै दिएको देखिन्छ।

धितोमा रहेको सवारी साधन गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/२६ गते

यस माछापुच्छ्रे बैंक लि. जनकपुर शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋण कर्जाको समय समयमा तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएको एवं मिति २०८०/१०/१६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिल बमोजिमको सवारी साधन, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुंदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आंफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस बैंकमा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौ) दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी तथा धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएकोछ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्नेछैन। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन १२:०० बजे सम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ। कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियसन गर्ने वा बैंक आफैले सकार गरिलिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकमा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितोलिलाम बिक्री गर्दापनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता कायम भएको **माइलस्टोन इङ्गलिस बोर्डिङ्ग स्कुल, धनुषा।**
दर्ता नं. ११०४२८/०६९/०७०, दर्ता मिति : २०६९/११/२३, पान नं. ६०१२०२५८२, दर्ता मिति : २०७०/०२/२०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४
संचालकहरु : अजय कुमार यादव, सुरेश प्रसाद यादव र प्रमोद कुमार साह

व्यक्तिगत जमानतकर्ताहरू

१. अजय कुमार यादव ना.प्र.नं. ५१२२६०४२, जि.प्र.का. धनुषा जारी मिति : २०५९/०९/१० बाबु : चन्देश्वर यादव, बाजे : महाजन यादव ठेगाना : धनुषा जिल्ला, वहेडावेला गा.वि.स. वडा नं. ३	**२. सुरेश प्रसाद यादव** ना.प्र.नं. ०५१०५७८६, जि.प्र.का. धनुषा जारी मिति : २०५६/०६/१२ बाबु : राजदेव यादव, बाजे : जगदेव यादव ठेगाना : धनुषा जिल्ला, वहेडावेला गा.वि.स. वडा नं. ८

३. प्रमोद कुमार साह
ना.प्र.नं. १७१०७४/३२, जि.प्र.का. धनुषा, जारी मिति : २०६५/०८/०९
बाबु : उपेन्द्र साह सुडी, बाजे : शिवजी साह
ठेगाना : धनुषा जिल्ला, मुखियापट्टी मुसहरनीया गा.वि.स. वडा नं. ६

धितोमा रहेको सम्पतिको विवरण

१. धनी यस माछापुच्छ्रे बैंक लिमिटेड र माइलस्टोन इङ्गलिस बोर्डिङ्ग स्कुल, धनुषाको नाममा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधन :
सवारी मोडल : Mahindra Cosmo 33 STR School Bus (2018), दर्ता नं. प्रदेश नं. २-०२-००१ क ०३११
ईन्जिन नं. KEH4C95208, च्यासिस नं. MA1GH2KEHH3L18690, रङ्ग : पहेंलो
२. माइलस्टोन इङ्गलिस बोर्डिङ्ग स्कुल, धनुषाले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८१/०१/१६ आइतबार कार्यालय समय सम्म शाखा कार्यालय, जनकपुर	२०८१/०१/१७ सोमबार दिनको ३:३० बजे शाखा कार्यालय, जनकपुर

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, जनकपुर

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
ग्रामीण सडक सञ्जाल सुधार आयोजना

आयोजना कार्यान्वयन इकाई, दमक, झापा

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१२/२६

यस कार्यालयले बोलपत्रको माध्यमबाट निम्न निर्माण कार्य गराउनु पर्ने भएकोले इच्छुक योग्य निर्माण व्यवसायीलाई मिति २०८१/०१/२७ (May 09, 2024) गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP System मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

सि. नं.	ठेक्का नं.	ठेक्काको विवरण	लागत अनुमान रु. (VAT) र Contingency बाहेक)	बोलपत्र जमानत रकम रु.	बोलपत्र दस्तुर रु.
1	RCIP/PIU-1/ Jhapa-002/ 2080/081	Construction and Upgrading of Tumlingtar Gumba-Sabha Khola-Hokse-Timure Bhanjyang 4 no Wada Karyalaya Paanchkhapan Na Pa Sankhuwasabha Road	4255768.80	125000	3000

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-249/2024	Construction of road from Pukhuwa-Badahare to Chobang Chautara at Silichong Rural Municipality, Sankhuwasabha Distt. Nepal under Local Benefit Sharing Plan (LBSP) Arun-3 HEP	08.04.2024	**Submission:** at (Tumlingtar Office) 29.04.2024 upto 1500 Hrs. **Opening:** at (Tumlingtar Office) 30.04.2024 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sjvn.nic.in/tender-notice/97** & **https://www.sapdc.com.np/page/tender.html.**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
(Parminder Kumar)
Chief Engineer (P&C),

स्थानीय तहमा रिक्त २५ पदको उपनिर्वाचन मंसिरअघि नै गराउने तयारी

नौ महिनासम्म अड्किएको एकीकृत निर्वाचन व्यवस्थापन विधेयक संसद्मा चाँडै लगिने

राजनीतिक दलसम्बन्धी ऐन संशोधनका लागि सहमति जुटाउने गृहमन्त्रीको प्रतिबद्धता




● **रवि लामिछाने**
उपप्रधान तथा गृहमन्त्री

यसअघि नै मंसिरमा गर्ने भनेर छलफल भइसकेको रहेछ, त्यसै सेरोफेरोमा उपनिर्वाचन गर्न सक्छौं जस्तो लाग्छ। मंसिरमा किन, त्यसअघि के अप्ठ्यारो छ भन्ने अध्ययन गर्छौं। त्यसअघि नसकिने होइन, चाँडै गर्न पनि सकिन्छ। केही जटिलता होलान्, एकपटक अध्ययन गरेर निष्कर्षमा पुग्छौं।



● **दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

निर्वाचनको मिति सरकारले तोक्ने हो। भदौ-असोजमा चुनाव गर्न नसकिने भएकाले पोहोरको अनुभवका आधारमा मंसिर उपयुक्त हुन्छ भन्ने आयोगको निष्कर्ष हो। सरकारले तोकेको मितिमा उपचुनाव गराउन आयोग तयार छ।



कमलराज भट्ट/नयाँ पत्रिका

स्थानीय तहका रिक्त स्थानमा उपनिर्वाचन गर्न सरकारले पूर्वतयारी थालेको छ। निर्वाचन आयोगले आगामी मंसिरमा रिक्त स्थानमा उपनिर्वाचन गराउन सकिने प्रस्ताव राखेका वेला गृह मन्त्रालयले त्यसअगावै निर्वाचन गराउन सकिने अवस्थाबारे अध्ययन थालेको हो। मंसिरअगावै उपचुनाव गराउन सकिने सम्भावना, अप्ठ्यारो र जटिलता पहिचान गर्न अध्ययन गरिने उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले जानकारी दिए। 'स्थानीय तहको उपनिर्वाचनको विषय अलिकति समय लाग्ने कुरा छ। टेन्टेटिभ्ली आगामी मंसिरमा गर्न सकिन्छ कि भन्ने प्रस्ताव छ, त्यसलाई विभिन्न पाटोबाट हेर्छौं,' उनले भने।

आयोगका अनुसार स्थानीय तहमा देशभर २५ पद रिक्त छ। आयोगको परामर्शमा सरकारले उपनिर्वाचनको मिति घोषणा गर्छ। आयोगले इलाम २ र बझाङ प्रदेश सभा (१) सँगै स्थानीय तहमा पनि एकैपटक चुनाव गराउन सकिने राय दिएको थियो। तर, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तत्काल काम नरोकिएको भन्दै पालिकामा छुट्टै समयमा उपनिर्वाचन गर्ने भनेपछि आयोगले मंसिरभित्रमा गर्नु उपयुक्त हुने सुझाएको थियो।

'यसअघि नै मंसिरमा गर्ने भनेर छलफल भइसकेको रहेछ, त्यसै सेरोफेरोमा उपनिर्वाचन गर्न सक्छौं जस्तो लाग्छ,' लामिछानेले भने, 'तर, मंसिर मलाई टाढा लागेको छ। मंसिरमा किन, त्यसअघि के अप्ठ्यारो छ भन्ने अध्ययन गर्छौं। त्यसअघि नसकिने होइन, चाँडै गर्न पनि सकिन्छ। केही जटिलता होलान्, एकपटक अध्ययन गरेर निष्कर्षमा पुग्छौं।'

निर्वाचन आयोगले आइतबार गृहमन्त्री लामिछानेलाई बहादुर भवनस्थित कार्यालयमा बोलाएर १५ वैशाखको उपनिर्वाचन, स्थानीय तहमा रिक्त सिटमा पदपूर्ति र एकीकृत निर्वाचन कानुन निर्माण तथा राजनीतिक दलसम्बन्धी ऐन संशोधनबारे छलफल गरेको थियो। सहायक प्रवक्ता रामदत्त पाण्डेयका अनुसार आयोगले स्थानीय तहमा रिक्त भएको पद र उपनिर्वाचनबारे प्रधानमन्त्रीसँग भएको छलफलबारे गृहमन्त्री लामिछानेलाई 'ब्रिफिङ' गरेको थियो। 'भदौ-असोजमा चुनाव गर्न सकिँदैन, पोहोर पनि मंसिरमा चुनाव भएकै हो' भन्ने प्रधानमन्त्रीसँगको सल्लाह जानकारी पाएपछि लामिछानेले लोकतन्त्रमा निर्वाचनबाट कोही पनि पछि हट्न नहुने र समयमा निर्वाचन गर्नुपर्ने धारणा राखेका थिए। आयोगको तथ्यांकअनुसार स्थानीय तहमा नगरपालिका उपप्रमुख एक, गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष दुई, वडाध्यक्ष २१ गरी स्थानीय तहमा २५ पद रिक्त छ। जसमा दैलेखको महाबु गाउँपालिका अध्यक्ष, जाजरकोट नलगाड नगरपालिका उपप्रमुख, दोलखाको गौरीशंकर गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पद खाली छ।

सुनसरीको गढी गाउँपालिका- ६, उदयपुरको त्रियुगा नगरपालिका- १२, रौतहटको इशनाथ नगरपालिका- ७, राजपुर नगरपालिका- ६, सप्तरीको डाक्नेश्वरी नगरपालिका- ४, काठमाडौंको कीर्तिपुर नगरपालिका- १ र ४, काठमाडौं महानगरपालिका- १६, नुवाकोटको ककनी गाउँपालिका- २, मकवानपुरको हेटौंडा उपमहानगरपालिका- १२, गोरखाको गोरखा नगरपालिका- ५, गुल्मीको मुसीकोट नगरपालिका- १, रोल्पाको रुन्टीगढी गाउँपालिका- ८, बर्दियाको ठाकुरबाबा नगरपालिका- ४, कालिकोटको तिलागुफा नगरपालिका- ४, जाजरकोटको कुशे गाउँपालिका- ७, रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- ५, दार्चुलाको दुहुँ गाउँपालिका- ५, बझाङको सुर्मा गाउँपालिका- ४, डोटीको पूर्वीचौकी गाउँपालिका- ६ र कञ्चनपुरको भीमदत्त नगरपालिका- ६ को वडाध्यक्ष पद खाली छ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले पालिकाहरूमा आगामी वर्षको मंसिरसम्म उपनिर्वाचन गरिसक्नुपर्ने आयोगको निष्कर्ष रहेको बताए। 'मिति सरकारले तोक्ने हो। भदौ-असोजमा चुनाव गर्न नसकिने भएकाले पोहोरको अनुभवका आधारमा मंसिर उपयुक्त हुन्छ भन्ने आयोगको निष्कर्ष हो,' उनले भने, 'सरकारले तोकेको मितिमा उपचुनाव गराउन आयोग तयार छ।' आयोगसँगको छलफलमा गृहमन्त्री लामिछानेले १५ वैशाखको उपनिर्वाचनमा सरकारी स्रोतको दुरुपयोग रोक्ने र आचारसंहिता पालनामा निर्मममतापूर्वक लाग्ने प्रतिबद्धता जनाएका थिए। स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न कुनै कसर बाँकी नरहने गरी सहयोग हुने उनको प्रतिबद्धता थियो।

■ एकीकृत कानुन चाँडै

आयोगसँगको छलफलमा गृहमन्त्री लामिछानेले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक चाँडै संसद्मा पेस गर्ने प्रतिबद्धता जनाए। १४ पुस ०७८ मा मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति पाएको आयोगले निर्वाचनसँग सम्बन्धित कानुनलाई समेटेर समयानुकूल एकीकृत निर्वाचन व्यवस्थापन विधेयक तयार पारी १८ असार ०८० मा संसद्मा दर्ताका लागि गृहमा पठाएको थियो। नौ महिनासम्म पनि संसद्मा दर्ता नभएपछि प्रमुख आयुक्त थपलियाले गृहमन्त्री लामिछानेसँग प्रश्न गरेका थिए। 'सरकारको रिजर्भेसन छ भने समावेश गरे भयो। तर, कम्तीमा संसद्मा टेबुल हुनुपऱ्यो,' थपलियाले भने। जवाफमा लामिछानेले विधेयक प्राथमिकतामा रहेको र चाँडै सदनमा पेस हुने बताए। 'यो विधेयक एक नम्बर प्राथमिकतामा छ। हामी अगाडि बढाउँछौं,' उनले भने, 'म आफैं क्याबिनेटको विधेयक समितिको संयोजक छु। गृह र आयोगको टिमले छिटो भन्दा पनि समितिमा लाने गरी काम थाल्नुस्।'

आयोगले निर्वाचन प्रणालीमा सुधार गर्न राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को संशोधनको आवश्यकता पनि लामिछानेसामु राखेको थियो। दलहरूबाट सुझाव मागिसकेको र ऐन संशोधनको प्रक्रिया सुरु भइसकेको भन्दै प्रमुख आयुक्त थपलियाले राजनीतिक सहमतिको पहल गरिदिन लामिछानेलाई आग्रह गरेका थिए। आगामी असारसम्म संशोधन विधेयक पनि क्याबिनेटमा पठाउने लक्ष्य रहेको उनको भनाइ थियो। 'थी दुवै कानुन आगामी निर्वाचनलाई कसरी ड्राइभ गर्ने भन्ने विषय हुन्। त्यसैले अगाडि बढाइदिन पऱ्यो,' थपलियाले गृहमन्त्रीलाई भने। मन्त्री लामिछानेले दलसम्बन्धी ऐन संशोधनको आवश्यक देखिएको भन्दै बहस छलफलमार्फत अगाडि बढाउने प्रतिबद्धता जनाए।

गृहमन्त्री लामिछानेले संविधानको सकारात्मक व्याख्या नभएकाले राष्ट्रपति र उपराष्ट्रपतिमा पुरुष भएको भन्दै ऐनमा महिला र पुरुष राख्न सकिने विकल्पमा अध्ययन गर्न आयोगलाई सुझाए। यसैगरी अपांगता भएका व्यक्तिहरूको निर्वाचित हुने अधिकार प्रस्ट ढंगले नआएको भन्दै आयोगले गृहकार्य गर्नुपर्नेमा जोड दिएका थिए। विदेशमा बस्ने नेपाली नागरिकको मताधिकारको विषयमा सर्वोच्च अदालतले परमादेश गरेकै आउँदो निर्वाचनमा १० वर्ष पुग्ने भन्दै मन्त्री लामिछानेले सर्वोच्चको आदेश कार्यान्वयन नहुनु राम्रो नभएको बताए। यसमा कम्तीमा कुनै एउटा ठाउँमा नामावलीसम्म सुरु गरेमा राम्रो सन्देश जाने भएकाले अगाडि बढाउन अनुरोध गरे। गृहमन्त्री लामिछानेले निर्वाचनप्रतिको जागरणका लागि विद्यालय तहबाटै निर्वाचन शिक्षा अगाडि बढाउन आयोगलाई आग्रह गरेका थिए। उनले अधिल्लो निर्वाचनमा आयोगले सामाजिक सञ्जाल निगरानी गरेको स्मरण गर्दै त्योभन्दा खतरनाक आर्टिफिसियल इन्टिलिजेन्स रहेको र अर्को चुनावमा एआईले ठूलो प्रभाव पार्न सक्ने विश्वव्यापी विश्लेषण रहेकाले पूर्वतयारीमा लाग्न ध्यानाकर्षण गराए। 'निर्वाचन आयोगलाई स्रोत-साधन छैन भने हामी पनि सहयोग गर्छौं,' लामिछानेले भने, 'आउँदो निर्वाचनमा एआईको कारणले नेपालको निर्वाचन कुनै पनि तरिकाले प्रभावित हुँदैन भनेर कसरी इन्स्योर गर्न सकिन्छ, काम थाल्नुस्।'

कम्युनिस्ट पार्टी स्थापना दिवसलाई एमालेले हीरक महोत्सवका रूपमा मनाउने

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले कम्युनिस्ट पार्टी स्थापनाको ७५औं वर्षलाई हीरक महोत्सवका रूपमा मनाउने भएको छ। दुई दिनसम्म महाधिवेशन प्रतिनिधिको राष्ट्रिय भेला गरेर एमालेले आगामी १० वैशाखमा ललितपुरको गोदावरीस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा हीरक महोत्सव मनाउने भएको हो।

८ र ९ वैशाखमा महाधिवेशन प्रतिनिधिको बैठक सकिएपछि विशेष समारोहबीच हीरक महोत्सव गर्ने गरी एमाले केन्द्रीय कार्यालयले तयारी सुरु गरेको छ। आइतबार बसेको केन्द्रीय कार्यालय बैठकमा महाधिवेशन प्रतिनिधि परिषद् र स्थापना दिवसलाई व्यवस्थित गर्ने गरी तयारीका विविध विषयमा केन्द्रित रहेर छलफल गरेको उपमहासचिव पृथ्वीसुब्बा गुरुङले जानकारी दिए। हीरक महोत्सवको विशेष समारोहमा नेपालका सबै वामपन्थी दलका पहिलो पुस्ताका मोहनविक्रम सिंह, मोहन वैद्य, नारायणमान बिजुक्छेदेखि सबै नेतालाई आमन्त्रण गरिएको उनले बताए। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख नेताहरू, भूमिगत सेल्टरदातालगायत सबैलाई एमालेले आमन्त्रण गर्ने निर्णय गरेको छ। महोत्सवमा ००६ मा पार्टी स्थापनादेखि ०८० सम्मका पार्टी महाधिवेशनदेखि एमालेले खेलेको भूमिकाको झलक आउने गरी डकुमेन्ट्री प्रस्तुति मूल आकर्षण रहने गुरुङले जानकारी दिए।

- दुईदिने महाधिवेशन प्रतिनिधि भेलामा ६ वटा प्रतिवेदनमाथि छलफल
- १० वैशाखमा गोदावरीमा पहिलो पुस्ताका सबै वाम शीर्ष नेतालाई निम्तो
- ७५ वर्षे यात्राको डकुमेन्ट्री प्रदर्शनी

महाधिवेशन प्रतिनिधि भेलामा भने छलफलका लागि अध्यक्ष र महासचिवको तर्फबाट राजनीतिक र सांगठनिक प्रतिवेदनसहित ६ वटा अलग-अलग प्रतिवेदन प्रस्तुत हुनेछ। जसअनुसार राजनीतिक र सांगठनिक प्रतिवेदनसहित केन्द्रीय निर्वाचन आयोग, लेखा आयोग, सल्लाहकार परिषद् र अनुशासन आयोगको प्रतिवेदन प्रस्तुत हुनेछन्। करिब २३ सय प्रतिनिधि सहभागी हुने भेलाको कार्यक्रमको स्वरूप र तालिका, यातायात, खाद्यान्न, आवासलगायत विषयमा केन्द्रित रहेर केन्द्रीय कार्यालयले छलफल गरेको छ। तयारीसम्बन्धी निर्णयका लागि केही दिनभित्रै केन्द्रीय सचिवालय बैठक बोलाउने एमालेको तयारी छ। बैठकमा झुलाघाटदेखि चिवाभञ्ज्याङसम्मको समृद्धिका लागि संकल्प यात्रासम्बन्धी डकुमेन्ट्री प्रदर्शनी तथा पुस्तकको लोकार्पणसमेत गरिने एमालेले जनाएको छ।

एमाले उपमहासचिव विष्णु रिमालले आगामी १० वैशाखमा एमालेले नयाँ रहस्य खोल्ने बताएका छन्। मजदुर विशेष जिल्ला कमिटीको आठौं अधिवेशनको आइतबार उद्घाटन गर्दै उनले त्यस्तो बताएका हुन्। १० वैशाखमा एमालेले गोदावरीमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठक समापन गर्दै विशेष समारोह गर्ने उनले बताए। त्यो समारोह रहस्यपूर्ण रहने उनको भनाइ थियो। 'महाधिवेशन प्रतिनिधि परिषद् बैठकलगत्तै तेस्रो दिन विशेष समारोह गरिनेछ। समारोह रहस्यपूर्ण रहनेछ,' रिमालले भने, 'वैशाख १० गते अर्थात् २२ अप्रिलको दिन नेकपा स्थापनाको ७५औं स्थापना दिवस समारोह अर्थात् हीरक महोत्सव मनाइरहेका वेला विशेष कार्यक्रम गर्नेवाला छौं। त्यो विशेष कार्यक्रमले नेकपा बनाउनुको अर्थ, औचित्य र कम्युनिस्ट हुनुको गर्व महसुस गराउनेछ भन्ने हाम्रो विश्वास छ।'

संक्षेप

नेता बस्नेतविरुद्ध प्रहरीमा जाहेरी

काठमाडौं/ एमाले नेता महेश बस्नेतविरुद्ध प्रहरीमा फौजदारी कसुरमा किटानी जाहेरी परेको छ। बलात्कार, भ्रूण हत्या तथा डकैतीको आरोप लगाउँदै एक महिलाले उनीविरुद्ध जाहेरी दिएकी हुन्। सुरुमा सीधै प्रहरीमा जाहेरी दिएकोमा दर्ता नभएपछि हुलाकमार्फत उनले दर्ता गराएकी हुन्। जिल्ला प्रहरी परिसर काठमाडौंले उनको जाहेरी दर्ता गरी अनुसन्धान अघि बढाएको जनाएको छ। नेपाल र भारतमा पटकपटक बलात्कार गरेको पीडितको दाबी छ। साथै, दुई महिनाको पेटको बच्चा पनि औषधि खुवाएर गर्भपतन गराएको उजुरीमा उल्लेख छ। प्रमाणहरू नष्ट गर्न आफू बस्ने अपार्टमेन्टमा दुई युवक लगाएर मोबाइल डकैती गरिएको भन्दै त्यसमा पनि छानबिन माग गरिएको छ। एमालेकै कार्यकर्ता रहेकी ती पीडितले यसअघि सार्वजनिक रूपमै नेता बस्नेतविरुद्ध विभिन्न आरोप लगाउँदै आएकी थिइन्।

प्रहरीमा डिआइजीका दुई विशेष दरबन्दी थप

काठमाडौं/ नेपाल प्रहरीमा प्रहरी नायब महानिरीक्षक (डिआइजी)का दुई विशेष दरबन्दी थप गरिएको छ। साइबर ब्युरो र केनाइन महाशाखामा डिआइजीको पद राखिएको हो। साइबर ब्युरोका एसएसपी नवीन्द्र अर्याल तथा केनाइनकी डा. देउती गुरुङलाई बढुवाका लागि विशेष दरबन्दी थप भएको हो। बढुवा भएका अधिकारीले अवकाश पाएलगत्तै पद खारेज हुने गरी विशेष दरबन्दी थपिएको सूचना तथा सञ्चारमन्त्री रेखा शर्माले जानकारी दिइन्। प्रहरी प्रधान कार्यालयले डिआइजीको तीन विशेष दरबन्दी थप्न प्रस्ताव गरेको थियो। तर, प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको दरबन्दी भने थपिएन। ६ महिनाअघि नै प्रहरी प्रधान कार्यालयले विशेष दरबन्दीको प्रस्ताव अघि बढाएको थियो। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रस्ताव स्वीकृत गरेको छ। प्रहरी सहचारी पठाउने प्रस्ताव भने अर्थ मन्त्रालयमै अल्झिएको छ।

१० जना बंगलादेशी पक्राउ

काठमाडौं/ अवैध रूपमा नेपालमा बस्दै आएका १० जना बंगलादेशी नागरिक पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले ठमेल तथा सोह्रखुट्टे क्षेत्रबाट उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा अन्सुर रहमान, मोहम्मद अबदुल्लाह, इमामुल होसिन, हफिजुर रहमान, सोजिब होसेन, सैफेल इस्लाम, बिलाल होसेन, मोहम्मद सलिम, नासिर उद्दिन र एसिन खान छन्। उनीहरूसँग भिसा नरहेको प्रहरीले जनाएको छ। देश निष्कासन प्रक्रियाका लागि प्रहरीले १० जनालाई अध्यागमन विभागमा पठाएको छ। दुई साताअघि ११ चैतमा प्रहरीले पाँचजना बंगलादेशीलाई पक्राउ गरेको थियो। ८ चैतमा युरोप लैजाने भन्दै नेपाल ल्याइएका बंगलादेशीलाई उद्धार गरी त्यसमा संलग्न बंगलादेशी नागरिकलाई नै प्रहरीले पक्राउ गरेको थियो। तेस्रो देश जान बंगलादेशीले नेपाललाई ट्रान्जिट बनाएको प्रहरी अधिकारीहरू बताउँछन्।

फोटो पत्रकार क्लबको अध्यक्षमा काफ्ले



काठमाडौं/ फोटो पत्रकार क्लब (पिजे क्लब)को अध्यक्षमा द्वारिका काफ्ले चयन भएका छन्। आइतबार सम्पन्न क्लबको निर्वाचन अधिवेशनले काफ्लेको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। छापा सञ्चारमाध्यममा कार्यरत फोटो पत्रकारहरूको छाता संगठन पिजे क्लब, नेपालको १३औं साधारणसभा आइतबार चाबहिलस्थित हाजीपुर क्याफे एन्ड रेस्टुरेन्टमा सम्पन्न भएको छ। साधारणसभाले दुई वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको हो। अध्यक्षमा काफ्लेसहित उपाध्यक्षमा कान्तिपुर दैनिकका अंगद ढकाल, महासचिवमा नयाँ पत्रिकाका अमुल थापा, सचिवमा गोरखापत्र दैनिकका कबिन अधिकारी, कोषाध्यक्षमा केशव थापा निर्विरोध निर्वाचित भए। यसैगरी, सदस्यहरूमा सन्जोग मानन्धर, निशा भण्डारी, इलिट जोशी, बिजु महर्जन, सरोज बैजू र संजित परियार निर्विरोध चयन भएका छन्।

प्रदर्शन नरोकिएपछि सुनसरीमा कर्फ्यु कायमै

धरान/ सुनसरीका विभिन्न पालिकामा लगाइएको कर्फ्यु आंशिक रूपमा कायमै राखिएको छ। हरिनगर गाउँपालिका र देवानगन्ज गाउँपालिकाको वडा नम्बर १ र ७ मा कर्फ्यु कायमै राखिएको छ। इनरुवा नगरपालिका, कोशी गाउँपालिका, भोक्राहा नरसिंह गाउँपालिका र देवानगन्ज गाउँपालिकाको वडा नं. २, ३, ४, ५ र ६ मा सोमबार बिहान ६ बजेसम्मका लागि कर्फ्यु लगाइएको छ। आइतबार दिउँसो फेरि प्रदर्शन चर्किएपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले कर्फ्यु लम्ब्याएको हो। हरिपुरमा प्रदर्शन नियन्त्रणमा लिन प्रहरीले १२ राउन्ड हवाईफायर र २९ सेल अश्रुग्यास प्रहार गरेको थियो। प्रदर्शनकारीले सुरक्षाकर्मीमाथि ढुंगामुढा प्रहार गर्नुका साथै कुटपिट गर्दा प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीसहित नौ प्रहरी घाइते भएको सुनसरी प्रहरी प्रमुख विपिन रेग्मीले जानकारी दिए। प्रदर्शनकारीले हरिनगर बजारको एउटा घरमा तोडफोड गर्नुका साथै आगो लगाउने प्रयास गरेको प्रहरीले जनाएको छ। प्रदर्शनमा घुसपैठ तथा हिंसात्मक हुन थालेपछि शान्ति सुव्यवस्था कायम राख्न सुरक्षा कडा पारिएको प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जानकारी दिए। गत बिहीबार हरिनगर गाउँपालिकामा दर्जनभन्दा बढीको संख्यामा रहेको समूहले स्थानीय युवालाई मरणासन्न हुने गरी कुटपिट गरेपछि अवस्था असामान्य बनेको हो। दुई समूहबीच भएको कुटपिटका कारण सामाजिक सद्भाव भङ्किन नदिन बिहीबारदेखि कर्फ्यु लगाइएको हो।

शर्मा र साउद कांग्रेसको उपनिर्वाचन परिचालन संयोजक





काठमाडौं/ कांग्रेसले इलाम २ र बझाङ प्रदेश सभा (१) को उपनिर्वाचनका लागि केन्द्रबाटै चुनाव परिचालन संयोजक तोकेको छ। चुनावी प्रचार र परिचालन अभियान प्रभावकारी बनाउन कांग्रेसले केन्द्रबाटै संयोजक तोकेको हो। जसअनुसार इलाम २ का लागि महामन्त्री विश्वप्रकाश शर्मा र बझाङ प्रदेश सभा (१) का लागि एनपी साउद संयोजक तोकिएका छन्। चुनावी परिचालन प्रभावकारी बनाउन केन्द्रले जिम्मेवारी तोकेको महामन्त्री शर्माले बताए। दुवै क्षेत्रमा आगामी १५ वैशाखमा चुनाव हुँदै छ।

इलाममा २० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। कांग्रेसबाट इलाम २ मा डम्बर खड्का र बझाङ प्रदेश सभा (१) मा अभिषेक सिंह उम्मेदवार छन्। कांग्रेस इलामका सभापतिसमेत रहेका खड्का गत निर्वाचनमा एमालेका तत्कालीन उपाध्यक्ष सुवास नेम्वाङसँग एक सय १४ मतले पराजित भएका थिए। सिंह सडक दुर्घटनामा मृत्यु भएका सुदूरपश्चिमका पूर्वमन्त्री पृथ्वीबहादुर सिंहका छोरा हुन्।

गुल्मीमा दुई वर्षमा करिब २५ सय हेक्टर वन क्षेत्रमा डढेलो

डढेलो नियन्त्रणका क्रममा ज्यान गुमाएका नौजनाको परिवारले अझै पाउन सकेनन् राहत

गुल्मीमा **टोपलाल अर्याल**

१२ वैशाख ०६६ मा हस्तीचौर सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका क्रममा एउटै गाउँका रामलाल घिमिरे, अमरबहादुर कुँवर, देवकला खत्री, सीता कुँवर र धनकला खत्री गरी पाँचजनाले ज्यान गुमाए। २९ चैत ०७२ मा तत्कालीन मलाय गिरीको धौरेनी सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका क्रममा स्थानीय कमल खड्का सख्त घाइते भए। उनलाई उपचार गर्ने कुनै उपाय भएन। स्थानीय प्रशासन र पत्रकारहरूले अभियान चलाएर उपचार गर्न जिल्लाबाहिर पठाए। तर, खड्काको ११ वैशाख ०७३ मा मृत्यु भयो।

१७ वैशाख ०७३ मा तत्कालीन दोहली गाविस- ५ का तुल्सी लामा गुरुङ र लोकबहादुर गुरुङले पनि डढेलो नियन्त्रण गर्दा आगोमा परेर ज्यान गुमाए। उनीहरू नजिकैको सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका लागि गएका थिए। सोही ठाउँका गोपाल सुनारले पनि डढेलो नियन्त्रणकै क्रममा १० वैशाख ०६६ मा ज्यान गुमाएका थिए।

अहिले जिल्लाका विभिन्न जंगलमा आगलागी भइरहेका छन्। आगलागी नियन्त्रणमा सुरक्षाकर्मीबाहेक स्थानीयको चासो छैन। बर्सेनि सरकार र निकायहरूले आगलागी नियन्त्रणमा स्थानीयलाई सहयोग गर्न आग्रह गर्ने गर्छन्। आगलागी नियन्त्रणकै क्रममा विभिन्न ठाउँका वनमा गुल्मीका नौजनाले ज्यानसमेत गुमाए। तर, पीडित परिवारले राहतको प्रतीक्षामा डेढ दशक बिताए पनि सरकारले उदासीनता देखाउँदै आएको छ।

संघीय संरचनाअनुसार तीन तहका सरकार भए पनि पीडित परिवारबारे कोही पनि बोल्दैनन्। चुनावका वेला पीडित परिवारले विभिन्न दलका थुप्रै नेताको आश्वासन नपाएको भने होइन। तर, कसैले पनि राहतका लागि पहल गरेको देखिएन। पीडित परिवारका सदस्यले पटक-पटक वन, प्रशासन र नेताको ध्यानाकर्षण गराउँदै आएका छन्। प्रशासन र वन कार्यालयबाट फाइल उठाएर विभाग पठाए पनि कुनै सुनुवाइ नभएको मृतक लोकबहादुरका छोरा तेजेन्द्र गुरुङले गुनासो गरे। 'कैयौंपटक वन कार्यालय र प्रशासन पुग्यौं। नेताले चुनावमा र कार्यालय पुग्दा हाकिमले आश्वासन मात्रै दिए,' उनले भने, 'अब ज्यान जोखिममा राखेर वन जटोगाउन को जालान्।'



केही दिनअघि रेसुंगा संरक्षित वन क्षेत्रमा लागेको डढेलो।

डढेलोमा साइँलीआमा सीता कुँवर, भाइ अम्मर कुँवर, दिदी देवकला खत्री र सानीमा धनकला खत्री गुमाएका इस्मा गाउँपालिका- १ का धनबहादुर कुँवरले प्रशासनबाट सामान्य किरिया खर्चबाहेक थप राहत नपाएको गुनासो गरे। उनले राहतका लागि थुप्रैपटक प्रशासन र वनको ध्यानाकर्षण गराउँदै आएका छन्। तर, कुनै सुनुवाइ नभएपछि पीडा सहेर बस्न बाध्य भएको उनले बताए।

■ बर्सेनि डढेलोको कहर

पहाडी जिल्लामा पर्ने गुल्मीमा बर्सातमा पहिरो र हिउँदमा डढेलोको जोखिम बढी छ। डढेकै कारण केही समयअगाडि वडागाउँका ७३ घर नष्ट भएका थिए। पछिल्लो पाँच वर्षमा ११ जनाले आगोमा परेर ज्यान गुमाएका छन्। बर्सेनि सयौं वन क्षेत्र डढेलोका कारण नष्ट भइरहेको छ। केही दिनअघि मात्रै रेसुंगा संरक्षित वन क्षेत्रको सय हेक्टर वन क्षेत्र डढेलोले नष्ट भयो। यस वर्ष दुई सय दुई हेक्टर वन क्षेत्रमा डढेलो लागेको छ। गत वर्ष एक सय आठपटक गरेर दुई हजार दुई सय ७६ हेक्टर वन क्षेत्र डढेलोले नष्ट भएको डिभिजन वन कार्यालय गुल्मीका वन अधिकृत तथा सूचना अधिकारी राजन कुँवरले जानकारी दिए। अहिले रेसुंगा धार्मिक संरक्षित वन क्षेत्र, चन्द्रकोट गाउँपालिकाका दुई स्थान, कालीगण्डकीमा एक ठाउँ, सत्यवतीका दुई स्थान, रुरु र गुल्मी दरबारको वन क्षेत्रमा डढेलो लागेको उनले बताए। गुल्मीमा चार सय ५९ सामुदायिक वन छन्। सुक्खा मौसम र हावाहुरी बढ्दै गएकाले दैनिक वनमा डढेलो लाग्ने क्रम वृद्धि हुँदै गएको छ।

आगलागीबाट झन्डै दुई करोडबराबरको क्षति

सल्यान/ सल्यानका छुट्टाछुट्टै स्थानमा भएको आगलागीबाट दुई करोडबराबरको क्षति भएको छ। शनिबार राति शारदा नगरपालिका र बागचौर नगरपालिकाका पाँच पसलमा आगलागी हुँदा झन्डै दुई करोड मूल्यबराबरको क्षति भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार शारदा नगरपालिका- ११ रातामाटामा कमल वलीको कपडा र डेन्टल पसल, गणेश वलीको किराना पसल र मोटरसाइकल ग्यारेजमा बिजुलीको तार सर्ट भई आगलागी भएको हो। आगलागीबाट पसलहरू पूर्ण रूपमा नष्ट हुँदा एक करोड ७५ लाखबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी भवानीप्रसाद धमलाले जानकारी दिए।

यस्तै, शनिबार राति नै बागचौर नगरपालिका- ७ टाट्केमा चूडामणि वलीको कपडा र खुद्रा पसलमा विद्युत् तार सर्ट भई आगलागी हुँदा तीन कोठामा भएको सम्पूर्ण सामान जलेर नष्ट भएको छ। आगलागीबाट वलीको १५ लाखबराबरको क्षति भएको प्रहरीले जनाएको छ।

विद्यार्थीलाई पढ्दै कमाउने वातावरण खै ?

हाम्रो शिक्षाको सबैभन्दा कमजोर पाटो भनेको शिक्षाले विद्यार्थीलाई रोजगारीसित जोड्न नसक्नु हो



● सागर घले

अग्रलेख

कसैले १२ कक्षा उत्तीर्ण गरेका कुनै विद्यार्थीलाई अब के गर्छौं भनेर सोध्यो भने लगभग ७० प्रतिशतले विदेश जान्छु भन्ने जवाफ दिन्छन् । यस प्रश्नको उत्तर सुन्दा जति सामान्य लाग्छ त्यति नै गम्भीर पनि छ । कसरी सिर्जना भयो त यस्तो परिस्थिति जसले गर्दा आमविद्यार्थी नेपालमा बस्ने चाहन्नन् ? यस प्रश्नमाथि कुनै पनि जिम्मेवार अधिकारीले चासो दिएकै छैनन् ।

शिक्षा मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा एक लाख १० हजार दुई सय १७ विद्यार्थीले वैदेशिक अध्ययनका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिएका छन्, जुन १० वर्षको तुलनामा चार गुणा बढी हो । यसैगरी, विद्यार्थी पलायनबाहेक गत आर्थिक वर्षमा वैदेशिक रोजगारीको स्वीकृति लिने नेपाली कामदारको संख्या सात लाख ७४ हजार नौ सय ७६ छ । विभिन्न क्षेत्रमा आबद्ध युवा नेपालमा अवसर भएन, काम गर्ने वातावरण भएन भन्ने गुनासो गर्छन् । यसैगरी, विद्यार्थी पनि नेपालको शिक्षा प्रणाली कमजोर भयो भन्दै आफ्ना गुनासा सामाजिक सञ्जालमार्फत पोखिरहेका हुन्छन् । देशमै केही गर्छु भनेर बसेका युवा पनि बिस्तारै निरुत्साहित हुँदै गएका देखिनु चिन्ताको विषय हो ।

पछिल्लो समयमा शिक्षा मन्त्रालयमा मन्त्रीका रूपमा सुमना श्रेष्ठ आउनुभएको छ । नयाँ अनुहारले केही न केही सुधार ल्याउँछ कि भन्ने आशामा धेरैमा छ । तर, शिक्षामन्त्री फेरिँदैमा नेपालबाट विद्यार्थी बाहिरिन छाड्छन भन्नु भ्रम नै हो । तर, मन्त्री एकजनाले मात्र पनि शिक्षा क्षेत्रको सुधारमा इमानदारीपूर्वक काम गर्ने हो सुधार कठिन पनि छैन ।

हाम्रो देशको शिक्षाको सबैभन्दा कमजोर पाटो भनेको शिक्षाले विद्यार्थीलाई रोजगारीसित जोड्न नसक्नु हो । खै त यहाँ पढ्दै काम गर्ने वातावरण र शैक्षिक प्रणाली ? कुनै विद्यार्थीले पढ्दै काम गर्न पायो भने पो उसमा कामप्रतिको लगाव, समर्पण र विश्वास बढ्छ । साथै, काम गरेर मजाले परिवारमाझ बाँच्न सकिन्छ भन्ने आत्मविश्वास पनि जाग्छ । तर, हाम्रो राज्यको ध्यान यसतर्फ फिटिक्कै गएको देखिन्न । हाम्रा विश्वविद्यालय विद्यार्थी भएनन् भनेर गुनासो गर्छन्, विद्यार्थी नहुँदा विभिन्न क्याम्पस र शैक्षिक कार्यक्रम बन्द गर्छन्, तर विद्यार्थीलाई आकर्षित गर्ने आकर्षक शैक्षिक कार्यक्रम ल्याउन भने सक्दैनन् । यिनले विद्यार्थीलाई काम गर्दै पढ । रोजगारी या कुनै पनि उद्यमलाई माया गर । अथाह सम्भावना देशमै छ भन्ने भावना जगाउन सक्दैन । अनि कसरी बढ्छ यहाँका विश्वविद्यालयमा विद्यार्थीको आकर्षण ? हाम्रा विश्वविद्यालयले देशलाई कस्तो जनशक्ति आवश्यक छ भन्ने कुनै अध्ययन नै गरेका छैनन् । उनीहरू जसोतसो गरेर भटाभट बेरोजगार जनशक्ति उत्पादन गरिरहेका छन् । उनीहरूबाट उत्पादित जनशक्तिले न कतै कुनै रोजगारी पाउँछ न त कुनै उद्यम नै गर्न सक्छ । अनि किन पढ्ने यहाँ, किन माया गर्ने देशको शिक्षालाई ?

सरकारले बनाउने नीति, नियम र कानुनमा खै युवाको सहभागिता ? युवाको सहभागिता नभए पनि तिनका समस्याबारे कसलाई चासो हुन्छ र तिनले सम्बोधन गर्ने उपाय खोजी गर्छन् ? वर्षौं लगाएर अध्ययन पूरा गरिसकेपछि बेरोजगार बन्नुभन्दा त बरु सुरुमै खाडीतिर लम्किनु नै बेस ठान्ने युवालाई यतै रोक्ने, सम्भावना देखाउने र देशको समृद्धिमा तिनको पसिना खन्याउने नीति, योजना र कार्यक्रम खै त सरकारको ? देशको डाडुपन्यु हातमा लिएर बस्नेहरूले ठाउँ र अवसर दिन नसकेपछि बाध्यतावश दैनिक बाहिरिने युवाको टाउको गनेर यहाँ कोही पनि बस्न तयार नै छैन भनेर गफ किन दिनु ?

नेपाली युवालाई स्वदेशमै काम दिएर देशभित्रै उत्पादन बढाउने, निर्यात बढाउने र आयात घटाउने नीति तथा कार्यक्रम ल्याउनुको साटो हाम्रो नेतृत्व सीधै युवा मस्तिष्क निर्यात गरेर तिनको पसिनाको मूल्यमा भित्रिने रेमिटेन्स गनेर बसिरहेको छ । युवालाई बाहिर धपाएर रेमिटेन्सको भरमा देश चलाउँदा आफ्नो सत्तामाथि प्रश्न नउठ्ने या उठिहाले पनि दबाउन सजिलो हुने ठानेर हाम्रो देशको नेतृत्वले हामी युवालाई यहाँ बस्नयोग्य वातावरण बनाउनै चाहेको देखिन्न । यो नै आजको सबैभन्दा लाजमर्दो यथार्थ हो । एकातिर सरकार रेमिटेन्सको उकालिँदो 'ग्राफ' देखेर मक्ख परिरहेको छ भने अर्कातिर अध्ययनका लागि दैनिक बाहिरिने विद्यार्थीले खर्बौं रकम जताबाट आएको थियो, उतै लगिरहेका छन् । यसरी पढ्न जाने विद्यार्थीबाट सरकारलाई छिट्टै रेमिटेन्स आउँदा पनि आउँदैन । तैपनि, तिनलाई सकेसम्म उतै लखेट्न सरकार किन उद्यत देखिँदो हो ?



> वर्षौं लगाएर अध्ययन पूरा गरिसकेपछि बेरोजगार बन्नुभन्दा त बरु सुरुमै खाडीतिर लम्किनु नै बेस भनिठान्ने युवालाई यतै रोक्ने, सम्भावना देखाउने र देशको समृद्धिमा तिनको पसिना खन्याउने नीति, योजना र कार्यक्रम खै त सरकारको ?

वैदेशिक रोजगारका लागि बिदेसिने युवाले आफ्नो ज्यान नै दाउमा लगाइरहेका छन् । रोजगारीका लागि बिदेसिने युवामाथि देशभित्रै पाइलैपाइलामा शोषण भइरहेको छ । दलालदेखि सरकारी हाकिमसम्म तिनलाई यतै निचोर्नुसम्म निचोरिसकेका हुन्छन् । दलाल, म्यानपावर व्यवसायीदेखि उताका नेपाली दूतावाससम्मले तिनलाई विभिन्न शीर्षकमा लुट्छन् नै भन्दा पनि हुन्छ । अनि उता गइसकेपछि रोजगारदाता पनि तेल निस्कने गरी पेल्छन् । अनि कसरी युवाले देश सम्झेर काम गरून्, देशलाई माया गरून् ।

नेपाली युवा तथा विद्यार्थीले देश छाड्नुको मुख्य कारण भनेको राम्रो रोजगारी र आर्थिक स्थायित्वको खोजी नै हो । बलियो अर्थतन्त्र र थप रोजगारीका अवसर भएका देशमा जाँदा उनीहरूले स्थिर रोजगारी खोज्ने र उच्च आय-आर्जन गर्ने सम्भावना हुन्छ । राम्रो भविष्यको आकांक्षाले उनीहरूलाई विदेशी भूमिमा अवसर खोज्न प्रेरित गर्छ । स्वदेशभित्र काम नहुनु, भए पनि नातावाद, कृपावादले गर्दा आफ्नो क्षमता र योग्यताको कदर नहुनु, वृत्ति विकासका अवसर निकै कम हुनुजस्ता कारणले गर्दा पनि नेपाली विद्यार्थी र युवा विदेश पलायन भइरहेका छन् । धेरै युवा व्यावसायिक विकास, सीप वृद्धि र नयाँ अनुभवका लागि पनि विदेश जान्छन् । रोजगारीको सहज सम्भावना र विदेशका राम्रा शैक्षिक संस्थाका कारण पनि नेपाली विद्यार्थी विदेश गइरहेका छन् । तिनलाई यतै सम्भावना र अवसर देखाएर रोक्ने संयन्त्र नहुनु चिन्ताको विषय हो ।

आश्चर्यको विषय त के छ भने नेपाली विद्यार्थी नेपालको भन्दा कमजोर शिक्षा प्रणाली भएका कजाकिस्तान, उज्वेकिस्तान, माल्टा, कोस्टारिकाजस्ता देशमा अध्ययन भिसामा गइरहेका छन् । नेपालको भन्दा कम जिडिपी र प्रतिव्यक्ति आय भएको दक्षिणी सुडानमा समेत सन् २०२३ मा मात्र २८६८ नेपाली पुगेको तथ्यांक सरकारसितै छ ।

नेपाली विद्यार्थी नेपाल छाड्न किन हतारिन्छन् त ? यसका कारण अनेक हुन सक्छन् । सबैभन्दा पहिलो त माथि नै भनिसकिएजस्तो पढ्दै कमाउने वातावरण छैन । जागिर नै भेटिए पनि पढ्ने र काम गर्ने समय नमिल्ने विद्यार्थीको गुनासो छ । विदेशमा जस्तो पार्ट टाइम काम गर्दै पढ्ने वातावरण बनाउनेतर्फ यहाँ कसैले सोचेकोसम्म्म छैन । अनि, कसरी बसून् त विद्यार्थी देशलाई माया गरेर ? के देशको मायाले युवा विद्यार्थीको भविष्य सुरक्षित हुन्छ ?

नेपालमा श्रमलाई सम्मान गर्ने संस्कृति नहुनु अर्को समस्या हो । यहाँ पढेलेखेका युवाले गाउँमै कृषि गर्छु भन्दा 'तिमीजस्तो पढेलेखेको मान्छेले नि खेती गरेर हुन्छ ? बरु विदेश जाऊ न भनेर अर्तिबुद्धि दिने धेरै भेटिन्छन् यहाँ । गाउँमै केही गर्छु भनेर फर्किनेलाई सहयोग गर्नुको साटो उल्टो हतोत्साहित गरिन्छ यहाँ । फेरि भाँडा नै माझे पनि विदेश जानेलाई सम्मानको नजरले हेर्ने हाम्रो समाजले यहीं बसेर कृषि गर्छु या कुनै अन्य उद्यम गर्छु भनेर लागिपर्ने युवालाई चाहिँ हेयको नजरले हेर्छ । उस्तै परे तिनलाई कसैले छोरीसमेत दिँदैन । अनि, कसरी बसोस् त युवा देशमै ?

हामीकहाँ हुनेखाने र हुँदा खानेले पढ्ने शिक्षामा ठूलो अन्तर छ । सहर-बजार र गाउँघरको शिक्षामा ठूलो खाडल छ । सुगम र दुर्गमको शिक्षामा ठूलै असमानता छ । अनि, कसरी आकर्षण बढोस् त यहाँको शिक्षामा हाम्रा युवा विद्यार्थीको ? न यहाँको पाठ्यक्रममा समयानुसार परिमार्जन नै हुन्छ न त आधुनिक प्रविधिमैत्री शिक्षा नीति नै छ । समयमै पठनपाठन पूरा नहुनु, समयमै परीक्षा नहुनु, समयमै नतिजा प्रकाशित नहुनु, नतिजा प्रकाशित भए पनि प्रमाणपत्र समयमै हात नपर्नु हाम्रो शिक्षाको दीर्घरोग नै बनिसक्यो । यहाँका विद्यालयमा समयमै पाठ्यपुस्तक पुग्दैनन् । पाठ्यपुस्तक पुगेका स्थानमा शिक्षक पुग्दैनन् । पुगे पनि राजनीति गर्दैमा तिनलाई विद्यार्थी पढाउने फुर्सद हुँदैन । अनि कसरी गर्ने हामीले यहाँको शिक्षा प्रणालीमाथि विश्वास ?

अबका दिनमा हाम्रो शिक्षाले विश्वव्यापी परिवर्तनलाई आत्मसात् गर्न सकेन, उद्यमशीलतासित जोड्न सकेन, शिक्षा रोजगारीलाई सँगसँगै हिँडाउन सकेन, नवप्रवर्तनतर्फ युवा विद्यार्थीलाई डोऱ्याउन सकेन भने कक्षा १२ पछि यहाँका कलेज या विश्वविद्यालयमा विद्यार्थी नभेटिन सक्छन् । र, यसको जिम्मेवारी शिक्षा क्षेत्रको नेतृत्व लिएर बसेका हर्ताकर्ता र राज्यका नेतृत्वकर्ताहरूले नै लिनुपर्नेछ ।

(घले कानुनका विद्यार्थी हुन्)

---

३ प्रश्न

नेपाल प्रहरीका पूर्वडिआइजी **हेमन्त मल्ल ठकुरी**लाई



नेपालमा विदेशी अपराधीहरूको चलखेल बढ्नुलाई कसरी हेर्नुभएको छ ?

यस्ता अपराधका घटना म सिआइबीमा हुँदा पनि फाट्टफुट्ट देखिन्थे । तर, पछिल्लो समयमा यसको 'फ्रिक्वेन्सी' बढेको देखिन्छ । अहिले जति पनि अपराध भइरहेका देखिन्छन्, तिनमा अत्याधुनिक प्रविधिको गम्भीर दुरुपयोग गरिएका छन् । प्रविधिमा हाम्रो प्रहरी सशक्त नभएको ठानेर पक्राउ परिने डरको कमीका कारण पनि यस्ता आपराधिक क्रियाकलाप बढेका हुन सक्छन् । हामीकहाँ प्रहरीमा तीव्र राजनीतीकरण मौलाएको छ । जसले गर्दा पनि प्रहरीका कतिपय संगठित अपराधमा अनुसन्धान फितला हुने गरेका छन् । सायद त्यसको पनि लाभ विदेशी अपराधीले उठाउन खोजेका हुन सक्छन् ।

यस्ता आपराधिक घटना बढ्नुको कारण के हुन सक्छ ?

मैले माथि नै भनिसकेँ- हामीकहाँ प्रहरीलाई प्रविधिमा चुस्त बनाउन पर्याप्त लगानी हुन सकेको छैन । प्रविधिमा पोख्त जनशक्ति तयार गर्ने कार्यमा पनि हामी पछाडि नै छौं । पुलिसिङ प्रहरीले होइन, राजनीतिले गर्न थालेको छ । राजनीतिले 'प्रोफेसनल' जनशक्तिलाई 'साइड' लगाइरहेको छ, वेलावेलामा । विभिन्न संगठित अपराधमा अनुसन्धान गर्दा प्रहरीमाथि नै 'ब्याकफायर' भएको छ । यसमा विभागले प्रस्ट पार्न सकेको छैन । त्यसैले, प्रहरीको मनोबल कमजोर भएको मौका छोपेर विदेशी अपराधीहरू सल्बलाएका हुन सक्छन् ।

भविष्यमा यस्ता घटना हुन नदिन के गर्नुपर्ला त ?

सबैभन्दा पहिले प्रहरीलाई अत्याधुनिक प्रविधिबाट सुसज्जित गराउनुपर्छ । पुलिसिङको जिम्मेवारी प्रहरीलाई नै दिनुपर्छ, राजनीतिले पुलिसिङ गरेर हुँदैन । ऐन, नियमले जसलाई जे जिम्मेवारी दिएका छन्, त्यो तिनैलाई गर्न दिनुपर्छ । उपयुक्त मान्छेलाई उपयुक्त जिम्मेवारीमा खटाउन सक्नुपर्छ ।

प्रेरक प्रसंग

दृष्टिकोणको अन्तर

विपन्न परिवारका राम र श्याम नामका दुवै दाजुभाइ नौ कक्षामा पढ्थे । उनीहरूकै कक्षामा मनोज नामका निकै सम्पन्न परिवारका एक छात्र पनि पढ्थे । एक दिन मनोजले आफ्नो जन्मदिनमा एउटा महँगो घडी लगाएर स्कुल आए । सबै छात्रछात्रा त्यो घडी देख्दा छक्क परे । सबैले त्यो घडीको प्रशंसा गरे । एक छात्रले मनोजलाई सोधे- तिमीलाई यो घडी कसले दियो ? मनोजले उत्तर दिए- मेरा दाइले मेरो जन्मदिनमा उपहार दिनुभएको हो ।



मनोजको जवाफ सुनेपछि सबैले उनका दाजुको प्रशंसा गरे । साथै, कसैले चाहिँ आफ्ना पनि यस्तै दाजु भइदिएको भए कति जाति हुन्थ्यो भन्ने कल्पना गरे । श्यामले दाजु रामसित भने- हाम्रो पनि यस्तै दाजु भइदिएको भए हुन्थ्यो नि हगि दाइ ? राम मुसुक्क मुस्कुरायो मात्र, कुनै प्रतिक्रिया जनाएन ।

तर, उसले मनमनै भन्यो- हो, म पनि यस्तै दाजु बन्न पाएको भए कति जाति हुँदो हो ?

समय बित्दै गयो । कैयौं वर्ष बिते । बिस्तारै श्याम आफ्ना आवश्यकताका लागि अरूहरूमाथि निर्भर हुँदै गयो किनकि उसले आफूलाई त्यही ढंगमा विकसित गरेको थियो । उता राम भने आफ्नो मिहिनेतको बलमा एक सफल व्यवसायी बन्यो । ऊ कहिल्यै अरूबाट कुनै अपेक्षा राख्दैनथ्यो । बरु अरूलाई सहयोग गर्न जहिल्यै तयार रहन्थ्यो ।

एउटै परिवारमा जन्मेर, सँगै हुर्केर र एउटै स्कुल पढेर पनि दुई दाजुभाइको अवस्थामा किन यति ठूलो अन्तर थियो त भन्ने प्रश्न यहाँनिर उठ्न सक्छ । यथार्थमा अन्तर केवल उनीहरूको दृष्टिकोणमा थियो । यथार्थमा हाम्रो सफलता या विफलता हाम्रो दृष्टिकोणमै निर्भर हुन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नगरपालिकाको सराहनीय कार्य

लहान नगरपालिकाले किसानको १४ लाख कृषि विद्युत् महसुल तिरिदिएको समाचार पढ्दा खुसी लाग्यो । कृषिप्रधान देश नेपालमा कृषि क्षेत्र तहसनहस भइरहेको छ । यहाँका अधिकांश ग्रामीण क्षेत्रको कृषियोग्य जमिन बाँझै छन् । यस्तोमा किसानलाई राज्यले सहुलियत नदिने हो भने आगामी दिनमा कृषि क्षेत्रको अवस्था झनै दयनीय बन्ने निश्चित छ । त्यसैले, यतिखेर अस्तित्वमा रहेका तीनै तहका सरकारले कृषि क्षेत्रको विकासमा प्रस्ट रणनीति तयार गरी कृषकलाई प्रोत्साहित गर्न जरुरी छ । कृषि क्षेत्र सुस्तायो भने देशको समृद्धि कल्पनाबाहिरको विषय हुने निश्चित छ । त्यसैले, लाहान नगरपालिकाले झैं किसानलाई प्रोत्साहन गर्ने विशेष नीति अन्यत्र पनि ल्याइयोस् ।

● **गौरव गुरुङ**, थापाथली, काठमाडौं

जीविकोपार्जनमा सघाऊ

'कुचबधियालाई जीविकोपार्जन गर्न समस्या' शीर्षकको समाचार पढियो । यो देशका कुनै जातिका मानिसहरू आफ्नो पुख्यौंली पेसा संकटमा पर्न थालेपछि जीविकोपार्जनकै समस्यामा परेको खबर कसलाई पनि निको लाग्ला र ? मासु पसलेले फालेको कुखुराको छालाबाट भुत्ला निकाल्दै गरका वृद्धा र बालिकाको तस्बिरले जोकोहीको मन दुखेको हुनुपर्छ । तर, हाम्रो राज्यका हर्ताकर्ताको भने यस्ता दृश्यले किन मन दुख्दैन ? जीविकोपार्जन नै संकटमा परेकालाई राज्यका तर्फबाट सघाऊ ।

● **विनिता चौधरी**
ताहाचल, काठमाडौं

व्यवहारमा लागू गरौं

प्रधानमन्त्रीसहितका शीर्ष नेताहरूले नेपाललाई शान्ति पर्यटन केन्द्र बनाउने संकल्प गरेछन् । बुद्धको जन्मस्थलमा पुगेर गरिएको यस्तो संकल्प केवल सार्वजनिक खपतका लागि गरिएको भाषण मात्र नबनोस् । यसलाई व्यवहारमै लागू गरेर देखाइयोस् । नेपाल जहिल्यै शान्तिको देश रहँदै आएको छ । झन् बुद्धको नाम लिनासाथ संसारले नै नेपाललाई शान्तिभूमिका रूपमा स्विकार्ने गरेको छ । देशलाई संसारमाझ चिनाउने आधार शान्ति पर्यटनको प्रवर्द्धन पनि एक हुन सक्छ ।

● **सन्देश लिम्बू**
कोटेश्वर, काठमाडौं

शिक्षा क्षेत्रमा हस्तक्षेप नगर

त्रिभुवन विश्वविद्यालयको रेक्टर र रजिस्ट्रारको नियुक्तिमा उपकुलपति केशरजंग बरालालाई प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीले दबाब दिएको खबरलाई आमजनताले राम्रो मानेका छैनन् । यस्तो हस्तक्षेपले नेपालको शिक्षा क्षेत्रमा कहिल्यै सुधार आउनेछैन । किन हाम्रा नेताहरू यति सामान्य कुरा पनि बुझ्दैनन् ? ज्ञान नभएर हो या जे गरे पनि के नै हुन्छ र भन्ने हेपाहा मानसिकता हो यो ? यस्तै खराब काम र प्रवृत्तिले वैकल्पिक राजनीतिक शक्तिहरू दिनप्रतिदिन जनतामाझ प्रिय बनिरहेका छन् भन्ने तथ्य पुराना दलका पुराना नेताले कहिले बुझ्लान् खै ? हाम्रा नेताहरूको यस्तो गलत सोच र शैलीका कारण मुलुकको शिक्षा प्राणालीमा सुधार आउन नसकेको हो ।

भन्ने वेलामा सार्वजानिक मञ्चमा शीर्ष नेताहरू शिक्षामा राजनीति गर्नुहुन्न, राजनीति बढी हुँदा शिक्षाक्षेत्र नै लथालिंग भयो, गुणस्तर खस्कियो, शैक्षिक क्यालेन्डर लागू गर्न सकिएन, मुलुकको शिक्षा प्रणाली नै असफल हुन लाग्यो भन्दै आइन्दा शिक्षा क्षेत्रमा राजीतिक हस्तक्षेप नगर्ने वाचा गर्छन् । तर, त्यसरी कुर्लीकुर्लीकन भाषण गरेको आवाजको रन्को कम हुन नपाउँदै तिनै नेताहरू आफ्नो र आफ्नो पार्टीको मान्छेलाई नियुक्ति गर्नुपऱ्यो, होइन भने विश्वविद्यालय राम्रोसँग चल्दैन भनेर धम्की दिन्छन् । यस्तो दोहोरो चरित्रले गर्दा नै नेपालको शिक्षालगायत सबै क्षेत्र लथालिंग हुन पुगेको हो । यसको जिम्मा साना पार्टी र साना नेताहरूले होइन ठूला पार्टी र ती पार्टीका शीर्ष नेताहरूले लिनुपर्छ ।

● **गोपाल देवकोटा**, जोरपाटीककध, काठमाडौं
gopaldevkota@gmail.com

त्याग र समर्पणको रमजान

मानवीय सहयोग, समाज कल्याण तथा न्यायकार्यमा लाग्न रमजानले प्रोत्साहित गर्छ



● हदिश खुद्दार

मुस्लिम सामुदायको पवित्र महिना रमजान अब सकिन लागेको छ । शुक्रबार मात्रै नेपालसहित संसारभरका मुस्लिम समुदायले जुमातुल बिदाइ अर्थात् अलबिदा जुम्माको नमाज पढेका छन् । अलबिदा जुम्मा भनेको रमजानको अन्तिम जुम्मालाई बुझिन्छ । इस्लाममा शुक्रबारको दिनलाई जुम्मा भनिन्छ । मुस्लिम समुदायका लागि 'जुम्मा' दिनको ठूलो महत्त्व हुन्छ ।

जुम्माकै दिन मुस्लिम समुदाय मस्जिदमा गएर सामूहिक रूपमा नमाज पढ्छन् । इस्लाम धर्मको पवित्र धर्मग्रन्थ कुरान सरिफमा अल्लाहले जुम्माकै दिन पहिलो मानवका रूपमा आदम अलैही सलामलाई जन्म दिएर जुम्माकै दिन उनलाई पृथ्वीमा पठाएको मानिन्छ । यसै दिन कयामत आउने इस्लाम धर्मग्रन्थमा उल्लेख भएकाले जुम्माले मुस्लिम समुदायका लागि विशेष महत्त्व राख्छ । त्यसैले, रमजानको अन्तिम जुम्माको अझ विशेष महत्त्व हुन्छ । अलबिदा जुम्माको नमाजलाई इदको निसानी भन्ने चलन छ । गत २८ फागुनमा सुरु भएको रमजान सकिन लागेको छ । नेपालसहित भारत, बंगलादेश, पाकिस्तान, अफगानिस्तानसहितका मुस्लिम सामुदायले शनिबारसम्ममा २६ रोजा पूरा भएको छ । खाडी मुलुकमा एक दिन अघिदेखि रोजा बस्ने भएकाले त्यहाँका मुस्लिम सामुदायको आज २७ रोजा पूरा भएको छ । रमजानमा ३० रोजा बसिसकेपछि इदुल फित्र इद पर्व मनाइन्छ । इद पर्व आउने अब केही दिन मात्र बाँकी रहेको अवस्थामा बजारमा मुस्लिम समुदायको चहलपहल बढेको छ । नयाँ लुगा कपडादेखि इदमा विभिन्न परिकार पकाउने समानको जोहो हुँदै छ । इस्लामिक महिना सवाण समाप्त भई रमजान सुरु हुन्छ । इस्लाम धर्मका पाँचवटा अधार स्तम्भ इमान, नवाज, रोजा, जकात र हजमध्ये रोजा तेस्रो हो । रमजान महिनामा प्रत्येक वालिग मुस्लिम महिला तथा पुरुषले अनिवार्य रूपमा रोजा बस्नुपर्छ । रोजा धनीगरिब सबैमाथि अनिवार्य छ । रोजा (व्रत) बस्नेले दिनभरि केही नखाई साँझतिर अर्थात् सूर्यास्तपछि फलफूल खाई रोजा खोल्ने गरिन्छ । रोजा बस्नेले सम्भोग, झुटो बोल्नेलगायत कार्यबाट टाढै रही सफासुग्घर भई कम्तीमा दैनिक पाँचचोटि नमाज र विशेष प्रार्थनास्वरूप राति तराबी पढ्ने गर्छन् । सूर्य उदाउनुअघि 'सेहरी' खाएर दिनभर उपवास अर्थात् रोजा बस्ने मुस्लिमले सूर्य अस्ताएपछि मात्र खानपिन गर्छन् । इस्लामिक धर्मग्रन्थअनुसार रोजा दुई हिजरी सवाण (महिना)को १० तारिखदेखि मुस्लिम समुदायमाथि अनिवार्य गरिएको छ ।

> रमजान महिनाभरि विशेष रूपमा अल्लाहप्रति समर्पित मुस्लिम अल्लाहको डर तथा नैतिकताको घेराभित्र मनलाई राखेर धार्मिक तथा समाजलाई भलो हुने काममा तल्लीन हुन्छन्

इस्लामिक क्यालेन्डरअनुसार अहिले १४०० सय हिजरी चलिरहेको छ । इस्लामिक क्यालेन्डरका १२ मध्ये रमजान नवौं महिनाको रूपमा रहेको छ । प्रत्येक दिन बिहान पाँच बजे फजर, दिउँसो एक बजे जोहर, बेलुका चार बजे असर, साँझ रोजा खोलेलगतै गरिब र त्यसपछि राति आठ बजेपश्चात् ईशाको नमाज पढिन्छ । त्यसैगरी, रमजानमा विशेष नमाजका रूपमा तराबिहको नमाज पढिन्छ । रमजान महिनाभरमा पाँचवटा रात यस्ता हुन्छन्, जसलाई सबेकदरको रात भनिन्छ । रमजान महिनाकै सबेकदरकै राति पवित्र कुरान सरिफ नाजिल अर्थात् आकाशबाट अवतरित भएको मानिन्छ ।

रमजानकै २७ तारिखका दिन इस्लाम धर्मका सबभन्दा ठूला ग्रन्थ पवित्र कुरान सरिफ नाजिल (अवतरित) भएको हो । त्यसैले यो महिनाको मुस्लिम समुदायमा विशेष महत्त्व हुन्छ । संसारको आवश्यकताअनुसार अल्लाहले एक-एक अनुच्छेदका रूपमा ज्ञान पठाइरहँदा २३ वर्षपछि मात्र पवित्र कुरानले पूर्णता पाएको थियो । यो महिनाभरि नै जनत (स्वर्ग)का सातवटै ढोका खुला रहन्छन् भने जहनम-नर्क) का सबै ढोका बन्द रहन्छन् भन्ने विश्वास गरिन्छ । रोजा आत्मशुद्धि, त्याग र धैर्यको प्रतीक मानिन्छ ।

रमजान महिनाभर लगातार ३० दिन गरिने रोजाका तीन पाटा छन् । सुरुका १० दिनलाई 'रहमत' भनिन्छ । जसमा अल्लाहले विशेष कृपा गर्छन् भन्ने विश्वास छ । त्यस्तै, बीचका १० दिनलाई बरकत अर्थात् लाभ, समृद्धि उन्नतिका रूपमा लिइन्छ । यी १० दिनमा अल्लाहले आफ्ना भक्तजनको प्रार्थनाले खुसी भई तिनको कारोबारमा समृद्धि, उन्नति प्रदान गर्छन् भन्ने विश्वास गरिन्छ ।

त्यसैगरी, अन्तिम १० दिनलाई मगफिरत अर्थात् अल्लाहसँग मुक्ति तथा मृत्युपश्चात् जनत (स्वर्ग)का लागि प्रार्थना गर्ने अवसरका रूपमा लिइन्छ । मानव जातिलाई अल्लाहले जहनम (नर्क)बाट मुक्ति दिई जनत (स्वर्ग) प्रवेश गराउँछन् भन्ने इस्लामका विभिन्न धार्मिक ग्रन्थमा उल्लेख छ । यसर्थ, मुस्लिमहरू रमजान तथा रोजाका नियमलाई विशेष पालन गर्छन् । रमजानमा कसैलाई एक रुपैयाँ दान गर्दा ७० रुपैयाँबराबरको सबाब (पुण्य) प्राप्त हुने जनविश्वास रहेको छ ।

एक नफिल नमाज पढ्दा एक फर्ज र एक फर्ज नमाज पढ्दा ७० फर्ज नमाज पढेबराबरको पुण्य प्राप्त हुने किंवदन्ती छ । यसै महिनामा साढे सात तोला सुन वा साढे ५२ तोला चाँदी तथा त्यति नै बराबरको सम्पत्ति भएको खण्डमा अनिवार्य रूपमा जकात अर्थात् दान गर्नका लागि साढे दुई प्रतिशतका दरले रकम निकाल्नुपर्छ । यसले गरिब र अशक्तका लागि केही गर्छौं भन्ने सन्देश दिएको छ ।

यसरी गरिब तथा असहायलाई अनिवार्य रूपमा सहयोग गर्नुपर्ने नियम मानव जातिका लागि उत्तम मानिन्छ । कसैलाई सित्तैमा एक सुको पनि दिन हिचकिचाउने मानवीय प्रवृत्ति रहेको भए पनि इस्लाममा यस्तो प्रवृत्तिको कहीं स्थान छैन । जकात (दान)का लागि प्रत्येक वर्ष निकालिने रकम गरिब, विपन्न, असहायमा खर्च गर्नुपर्ने प्रावधान छ । 'रोजामार्फत अरूको भोकको अनुभव गर्न सकिन्छ । भोकै बस्नुपर्ने बाध्यता भएका गरिबलाई आफ्नो कमाइको केही अंश सहयोग गरेर मानवीय सहयोग, समाज कल्याण तथा न्यायको कार्यमा लाग्न रमजानले प्रोत्साहित गर्छ ।

रमजान महिनाभरि विशेष रूपमा अल्लाहप्रति समर्पित मुस्लिम अल्लाहको डर तथा नैतिकताको घेराभित्र मनलाई राखेर धार्मिक तथा समाजलाई भलो हुने काममा तल्लीन हुन्छन् । आपराधिक, अश्लील तथा समाजलाई अहित हुने कार्य यो महिनामा मुस्लिमबाट हुँदैन । तर, अपराधीको कुनै जात हुँदैन, अपराधीहरू जात, धर्म, कानुनभन्दा बाहिर हुन्छन् ।

रमजानको यो विशेषताले सामाजिक विकृति न्यूनीकरण, कानुनी राज्यको सम्मान, सामाजिक विकासमा अग्रता, अपराध नियन्त्रणमा व्यापक सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । इदको नमाज पढ्नुपूर्व रोजामा भएको त्रुटि वा रोजालाई शुद्धीकरणका लागि प्रतिव्यक्ति दुई किलो ४५ ग्राम गहुँ वा त्यतिबराबरको रकम परिवारका सबै सदस्यले अनिवार्य रूपमा मदरसा तथा गरिबमा दान गर्नुपर्छ । यस्तो परम्पराले निश्चित रूपमा समाजमा राम्रो सन्देश दिएको हुनुपर्छ । सबै धर्ममा यस्ता राम्रा पक्ष हुन्छन् । त्यसकारण धर्मका राम्रा पक्षलाई जगेर्ना र त्यसको विकासका लागि पहल गर्नु आजको आवश्यकता हो ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

जग्गा प्राप्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/२५ मा केहि त्रुटि भएकोले सच्चाई पुन प्रकाशित मिति २०८०/१२/२६

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/१०/०३ गतेको निर्णय अनुसार नयाँ शहर आयोजना कार्यालय खुर्कोट, सिन्धुलीद्वारा संचालित खुर्कोट जग्गा एकीकरण आयोजना क्षेत्र भित्र पर्ने हाल गोलन्जोर गाउँपालिका वडा नं ७ सिन्धुली साविक भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं-२/क, ३/क, ४/क, ५/घ अन्तर्गत पर्ने तपशिलमा लेखिएका कित्ता जग्गाहरु जग्गा एकीकरण आयोजना संचालन गर्न नगर विकास ऐन, २०४५ दफा १२को उपदफा १२.१.२ अनुसार हुने गरि जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ अनुसार जग्गा प्राप्त गरिने हुदाँ सोही ऐनको दफा ९को उपदफा १ प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएकोले सम्बन्धित सरोकारवाला जग्गाधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो हक दैया सम्बन्धी प्रमाणहरु लिई आयोजना संचालन गर्ने कार्यालय नयाँ शहर आयोजना कार्यालय खुर्कोट, सिन्धुलीमा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

खुर्कोट जग्गा एकिकरण आयोजना सिन्धुली गोलन्जोर गाउँपालिका वडा नं ७
साविक भिमेश्वर खुर्कोट गाविस वडा नं-२/क अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	४३	५	१५	०	०	३८	२१६	०	०	१	१	७५	३३३	०	२	३	०
२	४५	१	३	२	०	३९	२१७	०	४	१	३	७६	३३४	०	२	३	०
३	४६	४	७	३	०	४०	२२१	०	१	०	०	७७	३४०	१	१०	२	३
४	४८	४	१२	३	०	४१	२४०	०	२	१	२	७८	३४६	०	१	२	०
५	५१	२	१५	२	०	४२	२४४	०	२	२	०	७९	३४७	०	३	१	३
६	७६	१	१३	३	०	४३	२४९	०	३	०	०	८०	३५६	०	२	०	३
७	८५	०	१४	०	०	४४	२६४	२	८	०	०	८१	३५७	०	२	१	०
८	८६	२	८	२	०	४५	२६५	३	१४	१	०	८२	३५८	०	२	०	३
९	८७	०	६	०	०	४६	२६६	०	५	३	२	८३	३६९	०	३	१	२
१०	८८	०	५	०	०	४७	२७९	०	७	०	०	८४	३७६	०	३	०	१
११	८९	०	१२	२	०	४८	२८२	१	०	०	०	८५	३७७	०	०	१	१
१२	९९	०	७	३	०	४९	२८३	१	१	०	०	८६	३७९	०	३	३	०
१३	१०२	६	०	२	०	५०	२९१	१	१४	०	२	८७	३८१	०	४	२	०
१४	१०४	२	१५	०	०	५१	२९२	०	४	०	०	८८	३८३	०	५	२	३
१५	१०७	०	१२	०	०	५२	२९३	०	४	०	०	८९	३८४	०	३	०	०
१६	१०८	८	१४	३	०	५३	२९४	०	८	०	०	९०	३८५	०	३	१	३
१७	११०	५	५	२	०	५४	३०१	०	०	२	२	९१	३९१	०	५	१	२
१८	११३	३	११	२	०	५५	३०२	०	३	१	०	९२	३९३	०	०	२	१
१९	११५	२	११	२	०	५६	३०३	०	३	२	०	९३	३९६	०	३	०	२
२०	११६	१	९	१	०	५७	३०७	३	६	३	२	९४	३९७	०	३	०	२
२१	१२१	२	४	१	०	५८	३०८	०	८	२	२	९५	४००	०	५	०	०
२२	१२२	१	०	०	०	५९	३०९	४	१	१	३	९६	४०१	०	६	०	०
२३	१२४	६	१३	२	०	६०	३१०	१९	१४	१	१	९७	४२४	५	४	०	०
२४	१२५	४	०	०	०	६१	३११	१	१२	१	१	९८	४२५	५	४	२	०
२५	१२६	०	१४	०	०	६२	३१२	४	५	२	०	९९	४२६	०	१	०	२
२६	१३३	२	०	०	०	६३	३२०	०	२	२	०	१००	४२७	०	१	०	०
२७	१३४	०	४	०	०	६४	३२१	०	२	२	०	१०१	४८८	०	११	१	२
२८	१३५	१	११	१	०	६५	३२२	०	२	२	०	१०२	४८९	०	११	१	१
२९	१४०	०	११	२	०	६६	३२३	०	२	०	०	१०३	५००	०	१	१	२
३०	१४१	२	१३	१	०	६७	३२५	०	४	०	०	१०४	५०१	०	१	१	२
३१	१७५	१	०	०	०	६८	३२६	०	४	०	०	१०५	५०२	०	१	१	१
३२	१७६	२	०	०	०	६९	३२७	०	४	०	०	१०६	५०५	१	०	०	०
३३	१७७	३	३	२	०	७०	३२८	०	८	०	०	१०७	५०६	३	५	२	०
३४	१८१	५	२	०	०	७१	३२९	०	९	३	०	१०८	५०७	१	०	०	०
३५	१८२	०	८	०	०	७२	३३०	२	३	१	३	१०९	५०८	४	११	१	०
३६	१८६	२	८	०	०	७३	३३१	०	१२	०	०	११०	५११	०	५	२	२
३७	२०१	०	१५	३	१	७४	३३२	०	२	३	०	१११	५१२	०	५	२	३
												११२	५२९	०	१५	०	१

पुनश्चः
किनं २ क्षे.फ. ५-८-३-० मध्ये १-६-२-१ प्राप्ति गरिने
किनं ५२ क्षे.फ. ७-१३-१-० मध्ये ६-१२-०-० प्राप्ति गरिने
किनं ५४ क्षे.फ. ४-१२-०-० मध्ये ३-१५-२-१ प्राप्ति गरिने
किनं १२८ क्षे.फ. १-७-२-० मध्ये ०-१५-३-१ प्राप्ति गरिने
किनं २८६ क्षे.फ. २-४-२-० मध्ये १-१०-३-३ प्राप्ति गरिने

गोलन्जोर गाउँपालिका वडा नं -७, सिन्धुली
साविक, भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं ३/क अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	४	२	०	३	०	५९	१२९	१	१०	१	३	११७	२२०	०	१५	०	०
२	५	१	१४	२	०	६०	१३०	१	०	०	०	११८	२२१	०	५	०	०
३	६	२	२	०	०	६१	१३३	२	०	०	०	११९	२२२	०	११	०	०
४	७	१	११	०	०	६२	१३४	२	१	०	०	१२०	२२३	०	६	०	३
५	८	०	६	२	०	६३	१३९	१	०	०	०	१२१	२२४	०	३	३	२
६	९	१	१३	२	०	६४	१४०	१	२	१	०	१२२	२२५	०	५	२	०
७	१०	२	०	२	०	६५	१४२	१	८	०	०	१२३	२२६	२	०	१	०
८	११	२	९	०	०	६६	१४३	०	४	०	०	१२४	२२७	०	१	०	१
९	१२	२	१०	१	०	६७	१४८	०	८	०	०	१२५	२२८	४	४	०	३
१०	१३	२	२	०	०	६८	१४९	०	३	२	०	१२६	२२९	०	६	०	०
११	१४	५	११	२	०	६९	१५२	०	१३	०	०	१२७	२३२	०	२	०	०
१२	१५	१	१२	२	०	७०	१५३	०	४	०	०	१२८	२३३	०	४	१	२
१३	१६	३	९	०	०	७१	१५६	०	१४	३	०	१२९	२३४	०	१	३	१
१४	१८	३	११	३	०	७२	१५७	१	१२	०	०	१३०	२३५	०	२	३	१
१५	२०	२	१५	३	०	७३	१५८	१	१२	१	२	१३१	२३६	०	२	२	०
१६	२१	१	१४	१	०	७४	१५९	०	१	०	०	१३२	२३७	०	३	०	२
१७	२२	२	२	२	०	७५	१६०	०	३	०	०	१३३	२३८	०	२	२	३
१८	२४	२	१०	२	०	७६	१६१	०	३	०	०	१३४	२३९	०	१	२	३
१९	२६	९	५	०	०	७७	१६२	०	३	०	०	१३५	२४०	०	०	१	१
२०	२९	१	१५	२	०	७८	१६३	१	६	०	०	१३६	२४१	०	६	२	३
२१	३०	१	१४	१	०	७९	१६६	२	१	०	२	१३७	२४२	०	०	०	३
२२	३२	१४	१४	२	०	८०	१६७	२	१	०	२	१३८	२४३	०	३	३	१
२३	३३	२	५	०	०	८१	१७१	२	४	०	०	१३९	२४५	१	१३	२	३
२४	३४	१	१	२	०	८२	१७२	१	४	०	०	१४०	२५५	२	१४	२	०
२५	३८	२	४	२	०	८३	१७३	१	०	०	०	१४१	२६०	०	२	०	०
२६	३९	३	०	३	०	८४	१७६	१	११	१	१	१४२	२६१	०	२	०	०
२७	४१	२	१४	२	०	८५	१७७	१	१४	०	०	१४३	२६२	०	२	०	०
२८	४४	१	१४	०	०	८६	१७८	१	१४	०	०	१४४	२६३	०	२	०	०
२९	४६	२	०	०	०	८७	१७९	१	१४	३	०	१४५	२६४	०	२	०	०
३०	४७	२	१०	०	०	८८	१८०	०	५	२	०	१४६	२७४	२	५	१	२
३१	५०	१	१३	१	०	८९	१८१	०	५	२	०	१४७	२७५	२	६	०	०
३२	५३	०	१३	३	०	९०	१८२	०	५	२	०	१४८	२७९	०	२	०	०
३३	५७	१	१३	१	०	९१	१८३	०	५	०	०	१४९	२८०	०	२	०	०
३४	७५	०	१५	२	०	९२	१८४	०	५	०	०	१५०	२८१	०	२	०	०
३५	७६	७	५	०	०	९३	१८५	०	५	०	०	१५१	२८२	०	१३	२	०
३६	७७	१	३	३	०	९४	१८६	०	१०	०	०	१५२	२८३	०	१३	२	०
३७	७८	१	४	३	०	९५	१८७	०	१०	०	०	१५३	२८६	०	९	३	०
३८	८१	०	१०	३	०	९६	१८८	०	१०	१	२	१५४	२८८	३	२	०	०
३९	८२	१	८	२	०	९७	१८९	२	२	०	०	१५५	२९१	२	१४	२	०
४०	८३	२	२	०	०	९८	१९०	१	०	०	०	१५६	२९४	१	०	०	०
४१	८५	०	६	१	०	९९	१९१	१	०	२	०	१५७	३००	१	९	०	२
४२	८६	०	१०	०	०	१००	१९४	०	४	०	०	१५८	३०१	१	९	०	२
४३	८७	०	८	०	०	१०१	१९५	०	४	०	०	१५९	३०२	१	९	०	२
४४	८८	०	७	०	०	१०२	१९६	०	७	३	०	१६०	३०३	२	५	०	०
४५	९०	१	३	०	०	१०३	१९७	०	१०	०	०	१६१	३०४	२	०	०	०
४६	९१	१	६	३	०	१०४	१९८	०	९	३	०	१६२	३०६	१	१०	१	०
४७	९२	१	५	१	०	१०५	२०१	०	६	०	०	१६३	३१९	०	१४	०	१
४८	१०७	१	१	०	०	१०६	२०२	०	६	०	०	१६४	३२१	०	१	०	०
४९	१०९	२	१	०	०	१०७	२०३	०	४	२	०	१६५	३२४	०	१३	२	०
५०	११०	०	६	२	०	१०८	२०४	०	८	०	०	१६६	३२५	०	१	३	२
५१	११३	१०	५	२	३	१०९	२०५	०	८	०	०	१६७	३२६	६	६	२	२
५२	११४	१	११	०	१	११०	२०६	४	७	१	०	१६८	३३१	२	१४	२	०
५३	११७	०	१३	२	२	१११	२०७	४	७	१	०	१६९	३३२	२	०	०	०
५४	११८	०	१३	२	२	११२	२०८	१	२	१	१	१७०	३४०	०	११	२	०
५५	११९	१	८	०	०	११३	२०९	१	२	१	२	१७१	३४१	२	१०	२	०
५६	१२०	३	४	१	०	११४	२१७	०	१२	०	०	१७२	३५३	१	१२	०	०
५७	१२५	२	०	०	०	११५	२१८	०	१२	०	०	१७३	३६१	१	५	०	०
५८	१२७	१	११	१	०	११६	२१९	०	१२	०	०	१७४	३६२	१	५	०	०

पुनश्चः
किनं ३१ क्षे.फ. ७-१०-१-० मध्ये ४-१२-१-१ प्राप्ति गरिने
किनं ६६ क्षे.फ. १४-९-१-० मध्ये ३-२-१-० प्राप्ति गरिने
किनं ६९ क्षे.फ. ११-१-१-० मध्ये ०-१४-०-३ प्राप्ति गरिने
किनं १०६ क्षे.फ. १९-२-२-० मध्ये १२-३-३-० प्राप्ति गरिने

गोलन्जोर गाउँपालिका वडा नं -७, सिन्धुली
साविक, भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं ४/क अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	१७	२	९	१	०	२०	३८	१	३	०	०	३९	१४०	४	५	०	०
२	१८	१	८	०	०	२१	३९	३	११	२	०	४०	१४१	४	५	०	०
३	१९	५	५	१	०	२२	४१	१	१२	२	०	४१	१६२	२	०	०	०
४	२०	२	१३	१	०	२३	४२	०	६	०	०	४२	१६३	१	०	०	०
५	२१	२	१५	२	०	२४	४३	०	१३	१	०	४३	१६४	१	०	०	०
६	२२	१	१	३	०	२५	४४	१	१	३	०	४४	१६५	०	५	२	०
७	२३	०	८	२	०	२६	४५	०	२	०	०	४५	१७१	१	८	०	०
८	२४	३	८	३	०	२७	४६	०	१५	३	०	४६	१७२	१	११	१	०
९	२५	४	२	३	०	२८	४९	३	१२	३	०	४७	१७३	०	१०	०	०
१०	२६	०	६	०	०	२९	५२	३	९	१	०	४८	१७४	१	९	१	०
११	२७	०	१०	१	०	३०	११३	२	२	२	०	४९	२०७	२	२	२	१
१२	२८	०	२	१	०	३१	११५	२	२	३	०	५०	२०९	०	१४	३	०
१३	३०	५	२	३	०	३२	१२४	०	९	२	०	५१	२२०	०	६	०	०
१४	३१	३	१	३	०	३३	१२५	०	१२	२	०	५२	२२२	१	३	०	०
१५	३२	५	१०	०	०	३४	१२६	०	१२	२	०	५३	२२४	०	१	०	०
१६	३३	२	६	१	०	३५	१२७	०	१३	२	०	५४	३३७	०	१	०	०
१७	३५	२	७	१	०	३६	१२८	०	१०	२	०	५५	४६६	१	६	३	०
१८	३६	२	३	३	०	३७	१२९	०	१०	२	०	५६	४६७	१	०	०	०
१९	३७	२	१२	०	०	३८	१३९	४	४	०	०						

पुनश्चः
किनं ९ क्षे.फ. १-१२-२-० मध्ये ०-१४-१-३ प्राप्ति गरिने
किनं १५ क्षे.फ. २-४-०-० मध्ये ०-३-२-० प्राप्ति गरिने
किनं १६ क्षे.फ. २-१४-१-० मध्ये २-३-२-२ प्राप्ति गरिने
किनं २९ क्षे.फ. ४-६-०-० मध्ये ३-५-२-५ प्राप्ति गरिने
किनं ५४ क्षे.फ. ३-१३-०-० मध्ये ३-३-०-३ प्राप्ति गरिने
किनं ६३ क्षे.फ. ११-१-२-० मध्ये ८-२-१-० प्राप्ति गरिने
किनं ७८ क्षे.फ. २९-१४-१-० मध्ये १-०-०-१ प्राप्ति गरिने

गोलन्जोर गाउँपालिका वडा नं -७, सिन्धुली
साविक, भिमेश्वर खुर्कोट गा.वि.स. वडा नं ५/घ अन्तर्गत पर्ने कित्ता जग्गाहरू

सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल				सि.नं	कि.न.	क्षेत्रफल			
		रो	आ	पै	दा			रो	आ	पै	दा			रो	आ	पै	दा
१	१०१	०	८	१	०	१०	१३४	०	१५	२	०	१९	२२२	५	४	०	०
२	१०२	१	५	०	०	११	१३५	१	३	१	०	२०	२४८	१	८	०	०
३	१०३	१	११	२	०	१२	१३६	५	१०	१	०	२१	२४९	१	८	०	०
४	१०५	५	१	२	०	१३	१३७	२	३	३	०	२२	२५०	२	४	०	०
५	१२९	४	१	१	०	१४	१३८	०	७	२	०	२३	२७७	३	७	१	०
६	१३०	५	८	१	०	१५	१४७	१	०	०	०	२४	३६२	१	०	०	०
७	१३१	०	४	१	०	१६	१४९	१	०	०	०	२५	३६३	२	०	०	०
८	१३२	१०	१०	२	०	१७	१५०	१	१	२	०						
९	१३३	३	०	२	०	१८	२२१	५	४	०	१						

गैरसरकारी क्षेत्रबाट पहिलोपटक आर्थिक वृद्धिको प्रक्षेपण

चालू आवमा ३.०९ प्रतिशतको आर्थिक वृद्धि हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल व्यवस्थापन संघले चालू आर्थिक वर्ष ०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ३.०९ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ। संघले आइतबार काठमाडौंमा आयोजना गरेको प्रि-बजेटसम्बन्धी छलफलमा यस्तो अनुमानित तथ्यांक सार्वजनिक गरेको हो।

गत आवमा १.९ प्रतिशतको आर्थिक वृद्धि गरेको सरकारले चालू आवमा ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ। हालै विश्व बैंकले पनि चालू आवमा नेपालको आर्थिक वृद्धिदर ३.३ प्रतिशत हुने अनुमान गरेको छ। सरकारको आधिकारिक निकाय राष्ट्रिय तथ्यांक कार्यालयले भने चालू आवको आर्थिक वृद्धिको अनुमानित तथ्यांक सार्वजनिक गर्न बाँकी नै छ। तर, दोस्रो त्रैमासमा आर्थिक वृद्धिदर ४ प्रतिशत भएको अनुमान गरिएको छ।

नेपालमा गैरसरकारी संस्थाबाट जिडिपीको गणना गरिएको यो पहिलोपटक हो। संघले चालू आवमा सबैभन्दा बढी आर्थिक वृद्धि आवास तथा भोजन सेवामा हुने अनुमान गरेको छ। चालू आवमा सेवा क्षेत्रको वृद्धि १९.६० प्रतिशत हुने संघले जनाएको छ। स्वदेशी तथा विदेशी पर्यटकको आगमन बढेका कारण आवास तथा भोजन सेवाको आर्थिक वृद्धिदर उच्च हुने अनुमान संघको छ। त्यस्तै, ऊर्जा क्षेत्रको आर्थिक वृद्धि भने १६.३१ प्रतिशत हुने संघको दाबी छ।

■ उद्योग र निर्माण क्षेत्र ऋणात्मक

संघले चालू आवमा दुई क्षेत्रको आर्थिक वृद्धिदर भने ऋणात्मक हुने प्रक्षेपण गरेको छ। उद्योगमा १.४९ प्रतिशत र निर्माणमा २.५१ प्रतिशतले आर्थिक वृद्धिदर ऋणात्मक हुने प्रक्षेपणमा उल्लेख छ। तथ्यांक कार्यालयका अनुसार भने गत आवमा उद्योग २.०४ र निर्माण २.६२ प्रतिशतले ऋणात्मक थियो। यसरी लगातार दुई वर्षसम्म आर्थिक वृद्धिदर ऋणात्मक हुनु राम्रो संकेत नभएको अध्ययनमा सहभागी तथा तथ्यांक कार्यालयका पूर्वनिर्देशक ईश्वरीप्रसाद भण्डारीले बताए। निर्माण गतिविधिमा आएको शिथिलता, मागमा आएको संकुचनले यी दुई क्षेत्रमा नकारात्मक असर परेको उनको भनाइ छ।

■ अन्य क्षेत्रमा कति हुनेछ वृद्धि ?

संघले अन्य क्षेत्रमा भने आर्थिक वृद्धिदर धनात्मक नै हुने प्रक्षेपण गरेको छ। कृषिमा २.८९ प्रतिशत, खानीमा १.९२ प्रतिशत, पानी आपूर्ति तथा ढल व्यवस्थापनमा २.८३ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा ०.८८ प्रतिशत, यातायात तथा भण्डारणमा ५.८० प्रतिशत र सूचना तथा सञ्चारमा ३.७८ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरिएको छ।

यसैगरी, वित्तीय तथा बिमा सेवामा ७.३३ प्रतिशत, घरजग्गा कारोबारमा २.८७ प्रतिशत, पेसागत क्रियाकलापमा ४.७१ प्रतिशत, प्रशासनिक तथा सहयोगी सेवामा ५.०५ प्रतिशत, शिक्षामा ३.७० प्रतिशत, स्वास्थ्य तथा सामाजिक कार्यमा ५.८६ प्रतिशत र कलामा ४.९८ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरिएको छ। वस्तु तथा सेवा उत्पादनमा खुद कर १.९२ प्रतिशतले बढ्ने अनुमान छ।

■ संघको अनुमान संकुचित



कार्यक्रममा अर्थमन्त्री वर्षमान पुनले संघबाट अनुमान गरिएको आर्थिक वृद्धिदर संकुचित भएको बताए। चालू आवमा त्यो (३.०९) भन्दा उच्च आर्थिक वृद्धि हासिल हुने उनले बताए। 'विश्व बैंकले नै ३.३ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरेको छ। चालू आव सकिन पनि अझै तीन महिना बाँकी छ। यो अवधिमा हामीले योभन्दा उच्च आर्थिक वृद्धि हासिल गर्न सक्छौँ,' उनले भने।

यस्तै, पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले यथार्थपरक स्रोत अनुमान गरेर बजेट ल्याउनुपर्ने बताए। यसैगरी, नेपाल राष्ट्र बैंककी डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिनाले अधिक तरलतना र न्यून ब्याजदरको सदुपयोग गर्नुपर्ने बताइन्। 'अहिले बैंकहरूमा लगानीयोग्य पैसा थुप्रिएको छ। त्यसमाथि ब्याजदर पनि कम हुँदै गएको छ,' उनले भनिन्, 'यसको सदुपयोग बढाउनुपर्छ।'

■ गैरसरकारी संस्थाको प्रक्षेपणमा कानुनी प्रश्न

नेपालमा जिडिपीसम्बन्धी अनुमानित र आधिकारिक तथ्यांक सार्वजनिक गर्ने अधिकार राष्ट्रिय तथ्यांक कार्यालयलाई मात्रै छ। विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय निकायहरूले भने विशेष अधिकार प्रयोग गरेर जिडिपी वृद्धिको अनुमानित तथ्यांक सार्वजनिक गर्दै आएका छन्। त्यसबाहेकका निकाय तथा संस्थालाई जिडिपीको अनुमान गर्ने कानुनी अधिकार छैन। तर, संघले जिडिपीको अनुमानित तथ्यांक आइतबार सार्वजनिक गरेको छ, जसले कानुनी मान्यता पाउने सम्भावना न्यून छ।

संघका अध्यक्ष मोहन ओझाले पवित्र उद्देश्यसहित यथार्थ तथ्यांक देखाउने प्रयास गरेको बताए। 'हालसम्म विभिन्न अन्तर्राष्ट्रिय संस्था र राष्ट्रिय तथ्यांक कार्यालय आफ्नै ढंगले जिडिपी गणना गर्दै आएका छन्। तर, राष्ट्रिय तथ्यांक कार्यालयले यस्तो तथ्यांक अलि ढिला नै सार्वजनिक गर्छ,' उनले भने, 'त्यो अवस्थामा समयमै तथ्यांक सार्वजनिक गरेर बजेटलगायतका नीति-निर्माणमा सहयोग पुऱ्याउन खोजेका हौँ। साथै, तटस्थ रूपमा काम गर्दा जिडिपीको आँकडा कस्तो देखिन्छ भनेर पनि हेर्न खोजेका हौँ।'

सरकारबाहेकका निकायले कार्यालयबाट अनुमति लिएर यस्ता अध्ययन तथा अनुसन्धान गर्न सक्छन्। तर, संघले कार्यालयबाट त्यस्तो अनुमति लिएको छैन। आन्तरिक प्रयोजनका लागि विभिन्न निकायले अध्ययन तथा अनुसन्धान गर्न सक्छन्। तर, त्यस्तो तथ्यांक सार्वजनिक गर्न पाइँदैन। तथ्यांक कार्यालयका प्रवक्ता डा. हेमराज रेग्मीले संघको तथ्यांकमा कानुनी प्रश्न उठ्न सक्ने बताए। 'नेपालमा यस्तो तथ्यांक गणना गर्ने अधिकार राष्ट्रिय तथ्यांक कार्यालयलाई मात्रै छ। तर, अन्य निकायले हाम्रो अनुमति लिएर अध्ययन तथा सर्वेक्षणको काम गर्न पाउँछन्। संघले यस्तो तथ्यांक गणना गर्न हामीसँग कुनै अनुमति लिएको छैन,' उनले भने, 'यद्यपि, संघले यस्तो तथ्यांक सार्वजनिक गरेको जानकारी हामीलाई छैन। त्यस्तो हो भने हामीले यसबारे थप छलफल गर्नुपर्ने हुन सक्छ।'

गण्डकीको लक्ष्य ८ प्रतिशत वृद्धिदर

पाँच वर्षभित्र सक्ने गरी ७२ ठूला र रूपान्तरणकारी आयोजना सञ्चालन हुने, ११ खर्ब ९२ अर्ब रुपैयाँ बजेट खर्च हुने

कास्कीमा **रोहितराज पराजुली**

आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने महत्त्वाकांक्षी लक्ष्य राखेर गण्डकी प्रदेशले दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को आधारपत्र सार्वजनिक गरेको छ। प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाले सार्वजनिक गरेको आधारपत्रमा 'आत्मनिर्भर र समुन्नत प्रदेश : सम्मानित प्रदेशवासी' नारा दिइएको छ।

गण्डकी सरकारको दृष्टिकोणलाई पूरा गर्न उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य निर्धारण गरेर पञ्चवर्षीय योजनाको खाका तयार गरिएको देवकोटाले जानकारी दिए। प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको समयावधि आउँदो असार मसान्त ०८१ मा सकिँदै छ। त्यसैले दोस्रो योजनाको तयारीमा जुटेको आयोगको अवधारणापत्र १ असोजको बैठकले पारित गरेको थियो। आयोगको टोलीले प्रदेशका ११ जिल्लामा पुगेर सरोकारवालासँग अन्तर्क्रिया गरी संकलन गरेको राय, सुझावका आधारमा आधारपत्र तयार भएको उपाध्यक्ष देवकोटाले जानकारी दिए।

आगामी पाँच वर्षभित्र ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेर योजना तयार पारिएको छ। गत आर्थिक वर्ष प्रदेशको आर्थिक वृद्धिदर ३.३ प्रतिशत मात्रै छ। तर, दोस्रो पञ्चवर्षीय योजनाले लिएको लक्ष्य कार्यान्वयन गरी आव ०८५/८६ सम्म ४.७ प्रतिशतले वृद्धि भई आर्थिक वृद्धिदर ८ प्रतिशत पुग्ने आयोगको दाबी छ।

त्यस्तै, प्रदेशमा हाल प्रतिव्यक्ति आय एक हजार चार सय ९२ डलर रहेकामा आर्थिक वर्ष ०८५/८६ को समाप्तिसम्ममा एक हजार आठ डलर बढाएर दुई हजार पाँच सय डलर पुऱ्याउने लक्ष्य लिइएको छ भने गरिबीको दर योजनाको अन्त्यसम्मा ८ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। हाल गण्डकीमा गरिबीको दर ११.८८ प्रतिशत रहेको छ। हाल प्रदेशमा बहुआयामिक गरिबीमा रहेको जनसंख्या ९.६ प्रतिशत रहेकामा त्यसलाई घटाएर ६ प्रतिशतमा झर्ने लक्ष्यसमेत दोस्रो पञ्चवर्षीय योजनामा समेटिएको छ।

हाल प्रदेशमा जलविद्युत् उत्पादन (जडित क्षमता) ६ सय ६५ मेगावाट रहेकामा त्यसलाई बढाएर पाँच वर्षपछि दुई हजार बनाउने लक्ष्य राखिएको छ। विद्युतमा पहुँचप्राप्त परिवारको संख्या ९९.५ प्रतिशत रहेकामा शतप्रतिशत पुऱ्याउने तथा प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् खपत दुई सय ७० किलोवाट प्रतिघण्टा रहेकामा वृद्धि गरी पाँच सय किलोवाट पुऱ्याउने प्रस्ताव राखिएको छ।



■ **डा. कृष्णचन्द्र देवकोटा,**
उपाध्यक्ष, नीति तथा योजना आयोग, गण्डकी प्रदेश

गण्डकी सरकारको दृष्टिकोणलाई पूरा गर्न उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य निर्धारण गरेर पञ्चवर्षीय योजनाको खाका तयार गरिएको छ।

पञ्चवर्षीय योजनाको प्रमुख लक्ष्य

विवरण	हालको अवस्था	पाँच वर्षपछिको लक्ष्य
आर्थिक वृद्धिदर	३.३ प्रतिशत	८ प्रतिशत
प्रतिव्यक्ति आय	१,४९२ डलर	२,५०० डलर
गरिबीको दर	११.८८ प्रतिशत	८ प्रतिशत
बहुआयामिक गरिबीको संख्या	९.६ प्रतिशत	६ प्रतिशत
जलविद्युत् उत्पादन	६ सय ६५ मेगावट	२,००० मेगावाट
प्रतिव्यक्ति विद्युत् खपत	२७० किलोवाट	५०० किलोवाट
रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा	४४ प्रतिशत	५५ प्रतिशत
मातृ मृत्युदर (प्रतिलाखमा)	१६१	१००
बाल मृत्युदर (पाँच वर्षमुनि)	३३	१४
साक्षरता दर (पाँच वर्षमुनि)	८१.७ प्रतिशत	८५ प्रतिशत
माध्यमिक तह भर्नादर	५७.४ प्रतिशत	८५ प्रतिशत
मानव विकास सूचकांक	०.६१८	०.७०

स्रोत : नीति तथा योजना आयोग, गण्डकी प्रदेश

यसैगरी, हाल प्रदेशमा प्राथमिक क्षेत्रको अनुपात (कृषि, वन, खानी र उत्खनन) २६.६ प्रतिशत रहेकामा त्यसलाई २३ प्रतिशतमा झार्ने, द्वितीय क्षेत्रको अनुपात (उद्योग, विद्युत्, ग्यास, पानी र निर्माणको) १७.३ प्रतिशत रहेकामा बढाएर २४ प्रतिशत पुऱ्याउने, सेवा क्षेत्रको अनुपात ५६.१ प्रतिशत रहेकामा ५३ प्रतिशत बनाउने, रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा हाल ४४ प्रतिशत रहेकामा बढाएर ५५ प्रतिशत पुऱ्याउने, मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) एक सय ६१ रहेकामा त्यसलाई घटाएर एक सयमा झार्ने, पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ३३ जना रहेकामा घटाएर १४ पुऱ्याउने लक्ष्य राखिएको छ।

त्यस्तै, पाँच वर्षमुनिका कम तौल भएका बालबालिका हाल १८.१ प्रतिशत रहेकामा घटाएर ११ प्रतिशत कायम गर्ने, साक्षरता दर पाँच वर्षमाथिको ८१.७ प्रतिशत रहेकामा बढाएर ८५ प्रतिशत पुऱ्याउने, माध्यमिक तह ९ देखि १२ सम्मको खुद भर्नादर ५७.४ प्रतिशत रहेकामा बढाएर ८५ प्रतिशत पुऱ्याउने, आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या ३५ प्रतिशतबाट ९० प्रतिशत पुऱ्याउने, मानव विकास सूचकांक ०.६१८ प्रतिशतबाट ०.७० प्रतिशत पुऱ्याउने लक्ष्य दोस्रो पञ्चवर्षीय योजना रहेको उपाध्यक्ष देवकोटाले जानकारी दिए।

यी लक्ष्य हासिल गर्न प्रदेशको लगानीमा १५, प्रदेश तथा स्थानीय तहको साझेदारीमा १९, प्रदेश-संघ साझेदारीमा १७, वैदेशिक सहयोगमा नौ, सार्वजनिक-निजी साझेदारी र निजी क्षेत्रको मात्रै लगानीमा ६-६ वटा ठूला र रूपान्तरणकारी आयोजनाहरू आउदो पाँच वर्षमा सम्पन्न गर्ने गरी समावेश गरिएको आयोगले जनाएको छ। योजनामा समेटिएका कार्यक्रम तथा आयोजना सम्पन्न गर्न ११ खर्ब ९२ अर्ब खर्च हुने अनुमान छ। त्यसका लागि सबैभन्दा धेरै निजी क्षेत्रबाट ६ खर्ब ७५ अर्ब रुपैयाँ (५७ प्रतिशत), सार्वजनिक क्षेत्रबाट चार खर्ब ४५ अर्ब रुपैयाँ (३७ प्रतिशत) र सहकारी क्षेत्रबाट ७२ अर्ब रुपैयाँ (६ प्रतिशत) लगानी हुने अनुमान रहेको उपाध्यक्ष देवकोटाले जानकारी दिए।



एक घण्टामै श्रम स्वीकृति पाइने

काठमाडौं/ वैदेशिक रोजगार विभागले एक घण्टाभित्रमा श्रम स्वीकृति दिने प्रक्रिया सुरु गरेको छ। श्रमिकले सबै प्रक्रिया पूरा गरी आवश्यक कागजपत्रसहित कार्यालय समयमा अनलाइनबाट आवेदन दिएमा दुई मिनेट ४४ सेकेन्डमा नै श्रम स्वीकृति प्रदान गर्न सक्ने अवस्था रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले बताए।

ताहाचलस्थित विभागमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री अर्यालले प्राविधिक समस्या, विद्युत्को आपूर्ति र इन्टरनेटको स्पिडलाई ध्यानमा राखेर एक घण्टमा श्रम स्वीकृति दिन सक्ने अवस्था रहेको जानकारी दिएका हुन्। एक घण्टामा नै श्रम स्वीकृति प्रदान गर्नका लागि वैदेशिक रोजगार विभागले हाल पुनः श्रम स्वीकृतिलाई एउटै तहबाट स्वीकृति प्रदान गर्न थालेको छ। यसअघिको एउटा तहले कागजपत्र प्रमाणीकरण गर्ने र अर्को तहले स्वीकृति गर्ने व्यवस्था थियो। हाल वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि २०७९ संशोधन गरी एकै तहबाट श्रम स्वीकृति दिने व्यवस्था गरिएको श्रममन्त्री अर्यालले बताए।

श्रम स्वीकृति छिटो गर्न बिहान सातदेखि बेलुका नौ बजेसम्म दुई सिफ्टमा कार्यालय सञ्चालन भइरहेको छ।

स्वास्थ्य बिमा सरल हुनुपर्छ : प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वास्थ्य बिमा कार्यक्रमलाई अझ सेवामैत्री बनाउन भुक्तान व्यवस्थालाई सरल गर्न निर्देशन दिएका छन्। आठौँ स्वास्थ्य बिमा दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले स्वास्थ्य बिमा बोर्डले लागू गरेको सहभुक्तानीको व्यवस्थालाई सेवामैत्री बनाउनुपर्ने बताए।

'अनलाइन सदस्यता दर्ताको व्यवस्था, 'रियल टाइम क्लेम सिस्टम', प्रविधिमैत्री बिमा प्रणाली'जस्ता व्यवस्था र प्रावधान चुनौतीलक्षित सुधारका योजनाहरू हुन्,' उनले भने, 'स्वास्थ्य सेवालाई समतामूलक ढंगले स्वास्थ्य बिमामार्फत उपलब्ध गराई 'सुशासन, सामाजिक न्याय र समृद्धि'को राष्ट्रिय आकांक्षा पूरा गर्न कार्यक्रमलाई सार्थक र प्रभावकारी बनाउनै पर्छ। यसका लागि सरकार सधैँ प्रतिबद्ध छ।'


स्वास्थ्य बिमा कार्यक्रममा आकर्षण बढाउन राज्य र सेवाप्रदायक निकायबाट लिनुपर्ने महत्त्वपूर्ण कार्यभारलाई पूरा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले बिमितले सेवा लिने प्रक्रिया सरल बनाउनुपर्ने बताए। साथै, सेवाको गुणस्तर कायम गर्ने, सेवाप्रदायक संस्थाहरूलाई अझ सेवामैत्री बनाउनेलगायत विषयलाई ध्यान दिन निर्देशन दिए।

सुशासन तथा वित्तीय अनुशासन कायम राख्ने र स्वास्थ्य बिमा कार्यक्रमबारे प्रभावकारी साक्षरता अभियान सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए।

सरकारले उच्च प्राथमिकतामा राखी सबै स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने पनि उनले बताए। साथै, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्रदान गरिने सेवा तथा सिफारिसमा स्वास्थ्य बिमा कार्ड अनिवार्य गर्नेजस्ता महत्त्वपूर्ण नीतिगत सुधारबाट स्वास्थ्य बिमा कार्यक्रमको मात्रा र गुणस्तरमा विकास हुने अपेक्षा गरिएको उनले बताए।

बिमा रकमलाई बढोत्तरी गरी स्वास्थ्य कार्यक्रममा आकर्षण एवं प्रभावकारिता बढाउन सरकार प्रतिबद्ध रहेको पनि उनले बताए। यस कार्यक्रमलाई राष्ट्रिय गौरवको कार्यक्रमका रूपमा विकास गर्न सकिने उनले बताए। स्वास्थ्य बिमा कार्यक्रमको सम्भावनालाई दृष्टिगत गर्दै आवश्यक अध्ययनका आधारमा यथोचित निष्कर्षमा पुगिने उनले स्पष्ट पारे।

धितोपत्र बोर्डको अध्यक्षका लागि पाँचजना अन्तिम छनोटमा



काठमाडौं/ नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदमा आवेदन दिएकामध्ये पाँचजना उम्मेदवारको नाम छनोट भएको छ। बोर्डका अनुसार कृष्णबहादुर कार्की, चिरञ्जीवी चापागाईं, डा. नवराज अधिकारी, मुक्ति श्रेष्ठ र सन्तोष श्रेष्ठको नाम छनोट भएका छन्। जसमध्ये कार्की नेपाल स्टक एक्सचेन्ज (नेप्से)का प्रमुख कार्यकारी अधिकृत, चापागाईं बिमा समिति (हाल बिमा प्राधिकरण)का पूर्वअध्यक्ष, अधिकारी र मुक्ति श्रेष्ठ बोर्डकै कार्यकारी निर्देशक हुन्। अध्यक्षबाट रमेश हमालको कार्यकाल सकिएपछि बोर्ड सञ्चालक समितिले अध्यक्षका लागि आवेदन माग गरेको हो। त्यसको अन्तिम म्याद ३० फागुन थियो। म्यादभित्र १९ जनाले आवेदन दिएका थिए।

तीमध्ये अहिले पाँचजना उम्मेदवार छनोटमा परेका हुन्। बोर्डका अनुसार सर्टलिस्टमा परेकामध्येबाट तीन जनाको नाम मन्त्रिपरिषद्मा सिफारिस गरिनेछ। र, ती तीनमध्ये एकजनालाई मन्त्रिपरिषद्ले चार वर्षका लागि धितोपत्र बोर्ड अध्यक्ष नियुक्त गर्नेछ।

नबिल बैंक लिमिटेड, खिचापोखरी शाखा, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/१२/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण सावा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

जगत बहादुर लामाको नाति, पेमा लामाको छोरा सिन्धुपाल्चोक जिल्ला, थुम्पाखर गा.वि.स, वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा, वडा नं. ७ बस्ने, ना.प्र.नं. २४३०२५/५३६ (जारी मितिः २०६३/११/०८, स्थान सिन्धुपाल्चोक) भएको **श्री रोशन कुमार लामा।**

व्यक्तिगत तथा संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरणः
ज्ञान बहादुर मोक्तानकी छोरी, पेमा लामाकी बुहारी, रोशन कुमार लामाकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, थुम्पाखर गा.वि.स, वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा, वडा नं. ७ बस्ने, ना.प्र.नं. १०२५/२२७ (जारी मितिः २०६८/०४/०९, स्थान सिन्धुपाल्चोक) भएकी **श्रीमती सरीता मोक्तान (लामा)।**

संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरणः
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा, मिति २०७१/०२/०७ मा प्रा.फ.र.नं ११६९२१/०७०/०७१, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्री पी आर वाल्क इन स्टाईल।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१, जमल, काठमाडौं।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
श्री रोशन कुमार लामा र **नेशनल विजनेश ट्रेड सेन्टर** बीच भएको त्रिपक्षीय सम्झौता बमोजिम यस बैंकको नाममा दृष्टिबन्धक कायम रहेको यस बैंकको ऋणी श्री मिला लेण्ड डेभलपमेन्ट प्रा.लि.को नाममा मालपोत कार्यालय, कलंकी काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १४ स्थित कि.न ३८३, ३८६, ३९४, २८७, ३०१, २९८, ३६३, २७१, ३५२, ४२५, ३४७, ३४५, ३४८, १२५, ३९०, ३९७, ४२२, ३८९, ३९२, ३७७, ३२३, ३२४, ३२५, ४८४, ४८६, ४८९, ३७८, ५१७, ५१५, ५२९, ५१९, ५२२, ५२५ र ५२७ को जम्मा क्षेत्रफल १०,५८१.७० वर्ग मिटरको जग्गामा सुरक्षणधनी कम्पनीले प्रवर्द्धन गरेको **नेशनल विजनेश ट्रेड सेन्टर** नामक व्यवसायिक भवन (commercial building) को level-1 को क्षेत्रफल १५७.७५ वर्ग फिट को उत्तर पश्चिमतर्फ फर्केको पसल कवल नं C20.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, पोखरा शाखा, कास्की तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/१२/२६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

बसन्त राम सापकोटाको नाति डिल्लु प्रसाद सापकोटाको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ५३५१३ (जारी मितिः २०५४/०२/१३, स्थान कास्की) भएका **श्री ऋषि राम सापकोटा।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. टिकामणी भण्डारीको छोरी डिल्लु प्रसाद सापकोटाको बुहारी ऋषि राम सापकोटाको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ५३७३९ जारी मितिः २०५४/०२/२४, स्थान कास्की) भएकी **श्रीमती रीता सापकोटा।**
२. पुष्पराज पौडेलको छोरी डिल्लु प्रसाद सापकोटाको बुहारी ऋषि राम सापकोटाको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. १५०४१२ जारी मितिः २०६१/०५/२५, स्थान कास्की) भएकी **श्रीमती विजया सापकोटा।**
३. डिल्लु प्रसाद सापकोटाको नातिनी ऋषि राम सापकोटाको छोरी कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ४६-०१-७०-०११२७ जारी मितिः २०७०/०२/०६, स्थान कास्की) भएकी **सुश्री सुवानी सापकोटा।**
४. डिल्लु प्रसाद सापकोटाको नाति ऋषि राम सापकोटा को छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ४६-०१-७१-०७३४६ (जारी मितिः २०७१/०७/२७, स्थान कास्की) भएका **श्री सुकर्ण सापकोटा।**
५. भागीरथ अधिकारीको छोरी बसन्त राम सापकोटाको बुहारी डिल्लु प्रसाद सापकोटाको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं.५३७३७ जारी मितिः २०५४/०२/२४, स्थान कास्की) भएकी **श्रीमती भिमा देवी सापकोटा।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
१. कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, **श्री ऋषि राम सापकोटा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १० सिट नं ०९३०९६०१५ मा अवस्थित कि.नं. १० क्षेत्रफल १७४.८० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १० बस्ने, **सुश्री सुवानी सापकोटा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १० सिट नं ०९३०९६०१५ मा अवस्थित कि.नं. ०८ क्षेत्रफल ८३१.८० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नयाँ वर्षमा सिजीको 'नयाँ सोचौं, नयाँ रोजौं' योजना

काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले नयाँ वर्ष ०८१ को अवसरमा 'नयाँ सोचौं, नयाँ रोजौं' उपहार योजना सार्वजनिक गरेको छ। यस योजनाअन्तर्गत सिजी तथा सिजी मेरिडियाका उत्पादनमा ५८ हजार आठ सयसम्मको आकर्षक क्यासब्याक तथा अन्य विभिन्न पक्का उपहार उपलब्ध रहेको कम्पनीले जनाएको छ।

योजनाअन्तर्गत सिजीका एलइडी टिभी, गुगल टिभी, एयर कन्डिसनर, रेफ्रिजेरेटर, वासिङ मेसिन, एयर कुलर, भ्याकुम क्लिनर, अडियो सिस्टम, चेस्ट फ्रिजर र सोकेस तथा माइक्रोवेभ ओभनमा



आकर्षक क्यासब्याक तथा सीमित उत्पादनमा पक्का उपहार पाइने कम्पनीको भनाइ छ।

त्यसैगरी, ग्राहकले ३२, ४३, ५० र ५५ इन्चको एलइडी टिभी, अडियो सिस्टम, रेफ्रिजेरेटर, सोकेस, चेस्ट फ्रिजर, एयर कुलर र भ्याकुम क्लिनरमा क्यासब्याक अफर पाउनेछन्। साथै, ६५ र ७५ इन्चको गुगल टिभीमा क्यासब्याकलगायत २.१ स्पिकर उपहार पनि रहेको बताइएको छ।

कम्पनीले शून्य प्रतिशत इएमआईमा सिजी लोयल्टी क्लब रिवार्ड र पुरानो इलेक्ट्रोनिक्स सामानसँग नयाँ सिजीको सामान साट्न सक्ने सुविधासमेत रहेको बताइएको छ। यो योजना २१ चैतदेखि सीमित अवधिका लागि लागू भइसकेको कम्पनीको भनाइ छ।

आइएमई लाइफको चिफ मार्केटिङ अफिसरमा चौलागाईं



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सको चिफ मार्केटिङ अफिसरमा गणेश चौलागाईं नियुक्त भएका छन्। कम्पनीको सञ्चालक समितिको १८८औं बैठकले उनलाई नियुक्ति गर्ने निर्णय गरेको हो।

बिमा क्षेत्रमा करिब १८ वर्ष लामो कार्यअनुभव हासिल गरेका चैलागाईं कम्पनीको चिफ मार्केटिङ अफिसरका रूपमा नियुक्त भएका हुन्। चौलागाईं यसअघि सानिमा रिलायन्स लाइफ इन्स्योरेन्समा प्रमुख व्यापार अधिकृतका रूपमा आबद्ध थिए।

व्यवस्थापन संकायमा स्नातकोत्तर गरेका चौलागाईंसँग सानिमा लाइफ इन्स्योरेन्स लिमिटेडमा पुनर्बिमा विभाग, अनुसन्धान तथा विकास विभाग, बजार व्यवस्थापन विभाग र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीमा प्रदेश प्रमुख तथा शाखा प्रमुख भई काम गरेको अनुभव छ।

डिप्रोक्स लघुवित्तको लाभांश पारित



काठमाडौं/ डिप्रोक्स लघुवित्तले लाभांश पारित गरेको छ। संस्थाको आइतबार सम्पन्न २२औं वार्षिक साधारणसभाले गत आवको मुनाफाबाट सेयरधनीलाई १० प्रतिशत बोनस सेयर र कर प्रयोजनार्थ ०.५२६३२ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। साथै, सभाले वार्षिक प्रतिवेदन पारित, चालू आवका लागि लेखा परीक्षक नियुक्तिलगायतका प्रस्ताव पनि पारित गरेको छ। बोनस सेयरपश्चात् संस्थाको चुक्ता पुँजी एक अर्ब ७० करोड ६१ लाख ९६ हजार रुपैयाँ पुगेको संस्थाले जनाएको छ।

सामसङले ल्यायो इन्स्टा फाइनान्स



काठमाडौं/ नयाँ वर्षको अवसर पारी सामसङले 'स्वागत नयाँ वर्षलाई, बाँडौं खुसी सधैंलाई' अफर ल्याएको छ। अफरमा ग्राहकले आफूलाई मन परेको टिभी खरिद गर्दा ३८ प्रतिशत तथा फ्रिज र वासिङ मेसिनको खरिदमा ३० प्रतिशतसम्मको छुट प्राप्त गर्ने कम्पनीले जनाएको छ। त्यस्तै, हुलास फिनसर्भ हायर पर्चेजमार्फत शून्य प्रतिशत ब्याजको मासिक किस्ताबन्दीमा सामसङ टिभी फ्रिज र वासिङ मेसिनसमेत खरिद गर्न पाइने बताइएको छ। यो अफर २ जेठसम्म लागू हुने कम्पनीको भनाइ छ।

त्यसैगरी, कम्पनीले नयाँ रेन्जमध्ये कुनै पनि एफएचडी, क्रिस्टल युएचडी, फ्रेम र क्युएलइडीलगायतका टिभी खरिदमा ३८ प्रतिशतसम्मको छुट दिएको छ भने ग्राहकले आफ्नो नागरिकता पेस गरेर ५५ इन्च वा त्यसभन्दा ठूलो टिभी खरिद गर्दा इन्स्ट्यान्ट लोन पनि पाउने बताइएको छ। यसअन्तर्गत ग्राहकले इन्स्टा फाइनान्समार्फत १८ महिना र ४३ इन्च वा सोभन्दा सानो टिभी खरिद गर्दा १२ महिनाको इएमआई सुविधा पाउनेछन्। कम्पनीले आफ्ना टिभीमा तीन वर्षको पूर्ण उत्पादन वारेन्टी दिएको बताएको छ।

साथै, ७५ इन्चभन्दा ठूलो क्रिस्टल युएचडी टिभी खरिद गर्दा साउन्डबार, एयू ७७०० मोडलका ५५ र ६५ इन्चका युएचडी टिभीको खरिदमा ग्यालेक्सी ए१५ (८/१२८ जिबी) मोबाइल फोनमा पाँच हजार रुपैयाँ छुट पाउने कम्पनीले जनाएको छ।

समवेदना



जन्म : वि.सं.२००६/१०/२०

स्वर्गारोहण मिति : वि.सं. २०८०/१२/१४

स्व.प्रा.डा. प्रकाश सुन्दर श्रेष्ठ

यस संघका आजिवन सदस्य प्रा. **डा. प्रकाश सुन्दर श्रेष्ठ**को मिति २०८० चैत्र १४ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नेपाल चिकित्सक संघ परिवार

इस्लिङ्टन कलेजले दियो एक सय ५७ विद्यार्थीलाई साढे चार करोडको छात्रवृत्ति



काठमाडौं/ इस्लिङ्टन कलेजले एक सय ५७ जना विद्यार्थीलाई चार करोड रुपैयाँबराबरको छात्रवृत्ति प्रदान गरेको छ। कलेजले यस शैक्षिक सत्रमा प्राज्ञिक, अनुशासन र सहभागिताका क्षेत्र (एएए)मा उत्कृष्टता हासिल गर्न सफल विद्यार्थीलाई पुरस्कृत गरेको बताएको छ।

यी तीनै क्षेत्रलाई एकै सूत्रमा बाँध्ने एएए छात्रवृत्तिको उद्देश्य भनेको विद्यार्थीलाई शैक्षिक सत्रभर उत्कृष्ट अध्ययन गर्न प्रोत्साहित गर्नु रहेको बताइएको छ।

यो छात्रवृत्तिका लागि आवेदकको उल्लेख्य सहभागिता रहे पनि योग्यताका आधारमा एक सय ५७ जना विद्यार्थी चयन गरिएको कलेजले जनाएको छ।

विद्यार्थीलाई उनीहरूका परिवारजन तथा सम्पूर्ण कलेज परिवारमाझ इनोभेट नेपाल ग्रुपका संस्थापक तथा अध्यक्ष सुलभ बुढाथोकीले पुरस्कार प्रदान गरेका थिए।

धरानमा स्ट्यान्डर्ड चार्टर्ड बैंकको नयाँ शाखा

काठमाडौं/ स्ट्यान्डर्ड चार्टर्ड बैंकको नयाँ शाखा धरानको मुकुल्टुङ कम्प्लेक्स रमाइलो चोकमा सञ्चालनमा आएको छ।

उक्त शाखाको उद्घाटन नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका निर्देशक इन्द्र चम्लागाईं, मैनाली भेट्रान सर्भिसेस ब्रिटिस गोर्खा नेपालका रिटायर्ड मेजर मानबहादुर गुरुङ र स्ट्यान्डर्ड चार्टर्ड बैंकका डिसिइओ गोरख रानाले संयुक्त रूपमा गरेका हुन्।

यो नयाँ शाखाले परिष्कृत व्यक्तिगत र ग्राहककेन्द्रित अनुभवका साथै बैंकिङको अन्तर्क्रियात्मक रूपहरू अफर गरेको बैंकले जनाएको छ। शाखा कार्यालयमा पर्याप्त पार्किङ र एटिएम सुविधा रहेको बैंकले जनाएको छ।

सेन्ट्रल फाइनान्सको २७औं साधारणसभा सम्पन्न

काठमाडौं/ सेन्ट्रल फाइनान्स लिमिटेडले २७औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

विगत २७ वर्षदेखि वित्तीय सेवा दिँदै आएको यस संस्थाले देशभरका १९ वटा शाखा र एक एक्सटेन्सन काउन्टरमार्फत वित्तीय सेवा दिँदै आइरहेको छ।

साथै, संस्थाले सेन्ट्रल स्मार्ट मोबाइल बैंकिङ एप, एटिएम डेबिट कार्ड, चेक क्लियरिङ, आइपिएस, कनेक्ट आइपिएस, कर्पोरेट सिआस्बाजस्ता आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

हाल संस्थाको चुक्ता पुँजी ९४ करोड ८८ लाख ७५ हजार, निक्षेप सात अर्ब २६ करोड र कर्जा चार अर्ब ८३ करोड रुपैयाँ रहेको संस्थाले जनाएको छ।

एचआइडिसिएलको पौने दुई करोड कित्ता सेयर बिक्रीमा

काठमाडौं/ हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिडिसिएल)ले संस्थापक एक करोड ७८ लाख ४० हजारभन्दा बढी संस्थापक सेयरको बिक्री खुला गरेको छ। कम्पनीले सेयरधनी समूह 'क' उपसमूह 'क' २ को अवितरित हकप्रद सेयरमध्ये बिक्री नभएको सोबराबरको कित्ता बिक्रीमा ल्याएको हो।

इच्छुक व्यक्ति, संघ-संस्था वा कम्पनीले ९ वैशाख ०८१ भित्र आफूले किन्न चाहेको सेयर खुलाई गोप्य सिलबन्दी पेस गर्नुपर्नेछ। यसको प्रतिकित्ता मूल्य सय रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौं, फोन नं.: ०१-४५२३४३२/३४/३६

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुन: १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१२/२६ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौंबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

शुभचन्द्र राना मगरको नाति, यज्ञ बहादुर राना मगरको छोरा, काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **श्री कृष्ण राना मगर (ना.प्र.प.नं. ९२५०, काठमाण्डौ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. यज्ञ बहादुर राना मगरको नाति, श्री कृष्ण राना मगरको छोरा, काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **विजय रानामगर (ना.प्र.प.नं. ३१२५०, काठमाण्डौ)**

२. यज्ञ बहादुर राना मगरको बुहारी, श्री कृष्ण राना मगरको पत्नी, काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **निर्मला रानामगर (ना.प्र.प.नं. ३९२५, काठमाण्डौ)**

३. यज्ञ बहादुर राना मगरको नाति, श्री कृष्ण राना मगरको छोरा, काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **संजय रानामगर (ना.प्र.प.नं. ३१२५१, काठमाण्डौ)**

धितोमा रहेको सम्पतिको विवरण

श्री कृष्ण राना मगरको नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, इचंगुनारायण गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ७७ को क्षेत्रफल ५५९.३० (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिज लगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१२/२६ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८१/०१/१० गते सोमबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०१/११ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय टंगाल
लाजिम्पाट, काठमाडौं ।

आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति: २०८०/१२/२६

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लिखित करदाताहरुको आन्तरिक राजस्व विभागको Integrated Tax System मा रहेको अभिलेख बमोजिम आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता दाखिला गर्न विभिन्न मितिमा KYT मार्फत अध्यावधिक गराए बमोजिम कार्यालयको अभिलेखमा उपलब्ध भएको टेलिफोन तथा मोबाईल नम्बरमा Bulk SMS, फोन सम्पर्क, लिखित रुपमा पत्राचार र संकलन भ्रमण गर्दा समेत बक्यौता दाखिला नगरेको, कतिपय करदाताहरुको एकिकृत कर प्रणाली (ITS) मा रहेको अभिलेखमा फोन नम्बर नभएको, भएको फोन नम्बरमा सम्पर्क स्थापित नभएको, एकिकृत कर प्रणाली (ITS) मा उल्लिखित ठेगानामा हुलाकबाट पत्र रजिष्ट्री गरी पठाईएकोमा करदातासँग सम्पर्क हुन नसकी पत्र फिर्ता आएको र कारोबार स्थलमा समेत फेला नपरेको र मिति २०८०/१२/२५ सम्मको अभिलेख बमोजिम तिर्न बुझाउन बाँकी देखिएको आयकर तथा मूल्य अभिवृद्धि कर तर्फ बक्यौता रकम सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दाखिला गर्नुहुन र यस अधि दाखिला गरेको भए दाखिलाको प्रमाण यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको अवधि भित्र वक्यौता रकम दाखिला नगर्ने करदाता उपर आयकर बक्यौताको हकमा आयकर ऐन २०५८ (संशोधन सहित) को दफा १०३ देखि १११ सम्म कुनै वा सबै तथा मू.अ.कर वक्यौताको हकमा मू.अ.कर ऐन, २०५२ (संशोधन सहित) को दफा २१(१) बमोजिम वक्यौता रकम असुल उपर गर्न कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाई वक्यौता असुल गरिने बेहोरा सम्बद्ध सबैलाई जानकारी गराईन्छ।

तपसिल

सि.नं.	स्थायी ले.नं.	करदाताको नाम	ठेगाना	वक्यौताको प्रकार
१	५००१३७९६३	चाईना गजुवा कन्स्ट्रक्सन ग्रुप कर्पोरेशन	का.म.न.पा. ३१, मिनभवन	आयकर
२	३०२९६९४८३	वेलनेस हस्पिटल अफ नेचुरल मेडिसिन प्रा. लि.	का.म.न.पा. ३, बाँसवारी	आयकर
३	३०२६७३७४६	श्री शिव शंकर ट्रेडिङ्ग प्रा.लि.	का.म.न.पा. ४ नयाँ बस्तीमार्ग	आयकर
४	३०१७६२३६४	वातावरण तथा वाल सरोकार संस्था नेपाल	का.म.न.पा. ५, मालीगाउँ	आयकर
५	६०४१८१२३५	कालिका प्यासिफिक जे. भि.	का.म.न.पा. ४, धुम्बाराही	आयकर
६	६००९९६१२९	बायो-टेक स्पीरिट्स नेपाल प्रा. लि.	का.म.न.पा. ५, भाटभटेनी	आयकर/मू.अ.कर
७	५०४३१६५६४	सन नेष्ट प्रा. लि.	का.म.न.पा. ४, चण्डोल	आयकर/मू.अ.कर
८	६०२५९७४५४	ले शेर्पा होटल प्रा. लि.	का.म.न.पा. ४, वालुवाटार	आयकर/मू.अ.कर
९	३०४२९९५९३	आमा ग्रुप प्रा.लि.	का.म.न.पा. ४	आयकर/मू.अ.कर
१०	६०३०००२५८	जे.सि.लिक्विर्स सप	का.म.न.पा. २, लाजिम्पाट	आयकर/मू.अ.कर
११	६०११७३३८७	वितिका सेल्स एण्ड मार्केटिङ्ग	का.म.न.पा. ५, कालोपुल	आयकर/मू.अ.कर
१२	३०१४१४३२४	पार्टी नेपाल डट कम प्रा.लि.	का.म.न.पा. २, नक्साल	आयकर/मू.अ.कर
१३	६०९८५५२०५	मस्टा ग्रुप प्रा.लि.	का.म.न.पा. ४, चुनदेवी	मू.अ.कर
१४	३०२९६७८४७	इष्टर्न म्यानेजमेन्ट प्राइभेट लिमिटेड	का.म.न.पा. २, गैह्रीधारा	मू.अ.कर
१५	६०९९१९२९५	ए. एट फिल्मिस् प्रा. लि.	का.म.न.पा २, गैह्रीधारा	मू.अ.कर
१६	३०५००७८४१	स्प्रिन्ट प्रिन्टिङ्ग एण्ड प्याकेजिङ्ग प्रा.लि.	का.म.न.पा. ४, हाँडीगाउँ	मू.अ.कर
१७	३०३६२६१६१	के.सी. ट्रान्सपोर्ट सर्भिस	का.म.न.पा. ४, सुकेधारा	मू.अ.कर
१८	६०६००५१८८	पि एम इन्फ्रा प्रोजेक्टस ईन्डिया प्रा.लि.	का.म.न.पा. ४, वालुवाटार	मू.अ.कर
१९	३०३५८५८०६	रेन्बो टेक्नोलोजीज प्रा.लि.	का.म.न.पा. ५, भाटभटेनी	मू.अ.कर
२०	५०००२७७४५	मल्ल इलेक्ट्रिक कन्स्ट्रक्सन प्रा.लि.	का.म.न.पा. ४, लाजिम्पाट	मू.अ.कर
२१	६०२४०८९१०	एलिट ट्रेर्डर्स प्रा. लि.	का.म.न.पा.७, सुकेधारा	मू.अ.कर
२२	३०५००५०२५	फिनिक्स नेपाल प्रा.लि.	का.म.न.पा. २, लाजिम्पाट	मू.अ.कर
२३	६०१८७१४७२	मन्जिल डिजाइन स्टुडियो प्रा.लि.	का.म.न.पा. ४, धुम्बाराही	मू.अ.कर
२४	३०३७३९५००	कफि ईस्केप कम्पनी प्रा.लि.	का.म.न.पा. २, लाजिम्पाट	मू.अ.कर
२५	६०४३३७६३६	भेञ्चर्स क्याफे प्रा.लि.	का.म.न.पा. ४, थिरबम सडक	मू.अ.कर
२६	६०३६२२३८०	जेन बिस्ट्रो एण्ड क्याफे प्रा.लि.	का.म.न.पा. ३, बाँसबारी	मू.अ.कर
२७	३०४४६७१४७	हेक्जा ईन्टरनेशनल प्रा.लि.	का.म.न.पा. ५, ढल्कु	मू.अ.कर
२८	६०३५०८४५३	एसियन जियो एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	का.म.न.पा. ४	मू.अ.कर
२९	६०११८७८८७	उड एण्ड स्टिल फर्निचर प्रा. लि.	का.म.न.पा. ४, बसुन्धारा	मू.अ.कर
३०	६०९८८८९०४	पालु रेष्टुरेन्ट एण्ड लाउन्ज प्रा. लि.	का.म.न.पा. २, लाजिम्पाट	मू.अ.कर
३१	६०९८३६८००	एम. डि. माउण्टेन टेक्नो गियर्स ट्रेडिङ्ग प्रा. लि.	का.म.न.पा. ५, विशालनगर	मू.अ.कर
३२	६०६५३३४५६	लिटल बाइट्स काठमाण्डौं प्रा. लि.	का.म.न.पा. ५, नक्साल	मू.अ.कर
३३	३०३८११२१७	उपलब्धि प्रकाशन सेवा प्रा.लि.	का.म.न.पा. २, गैह्रीधारा	मू.अ.कर
३४	६१०३१५६०६	शारदा इण्डष्ट्रिज (प्रा. लि.)	का.म.न.पा. ४, विशालनगर	मू.अ.कर
३५	६१०१७९८०६	हाउस अफ ब्रेन्ज	का.म.न.पा. ५, टंगाल	मू.अ.कर
३६	६०३७१९०५७	इस्ट . इमेस जे.भी.	का.म.न.पा. २, वसुन्धारा	मू.अ.कर
३७	३०५०२०८७५	सफल गेष्ट हाउस एण्ड सर्भिसेज कम्पनि प्रा. लि.	का.म.न.पा. ५, सानो गौचरण	मू.अ.कर
३८	६०४३४९६०६	ट्रान्सटेक मिडिया एण्ड एडभरटाइजिङ्ग प्रा.लि.	का.म.न.पा. ४, नक्साल	मू.अ.कर
३९	६०९६५९३०४	मोटर्स एभिन्यू प्रा. लि.	का.म.न.पा. २, लाजिम्पाट	मू.अ.कर
४०	६०३५२६६६२	क्लाएन्ट स्केप सफ्टवेर प्रा. लि.	का.म.न.पा. ५, विशालनगर	मू.अ.कर
४१	३०४३२६२४२	द ओपेरा सटिङ्ग सुटिङ्ग प्वाईन्ट	का.म.न.पा. २, लाजिम्पाट	मू.अ.कर
४२	६०८९४४५८२	धौवलागिरी सप्लायर्स	का.म.न.पा. ५, हाँडीगाउ	मू.अ.कर
४३	६००६६४५९	न्यू कालिका गृल तथा सोलार फिल्टर कन्स्ट्रक्सन प्रा.लि.	का.म.न.पा. ५, हाँडीगाउ	मू.अ.कर
४४	६०६८८८६३५	भाइब लाउन्ज बार प्रा.लि.	का.म.न.पा. ४, लाजिम्पाट	मू.अ.कर
४५	६०९६५४१५८	भास्कर हस्पिटालिटी एण्ड ट्रेडिगं प्रा. लि.	का.म.न.पा. २, भाटभटेनी	मू.अ.कर
४६	६०१३३६१२६	गोम्वो कन्स्ट्रक्सन कम्पनी प्रा. लि.	का.म.न.पा. २, लाजिम्पाट	मू.अ.कर
४७	३०४५८७८६३	रेसुन्ना ईन्टरप्राईजेज	का.म.न.पा. ४, सुकेधारा	मू.अ.कर
४८	६०६८११७०७	रक्षक सेक्यूरिटीज प्रा. लि.	का.म.न.पा. ४, महाराजगंज	मू.अ.कर
४९	४१०३६९०५७३	सुनकोशी इन्टरप्राइजेज	का.म.न.पा. ४, वंशिधर मार्ग	मू.अ.कर

सोमबार २६ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नेपाललाई फ्रेन्ड्सिप टी-२० उपाधि

नेपालले प्रस्तुत गरेको १७७ रनको लक्ष्य पछ्याएको गुजरातले २० ओभरमा आठ विकेट गुमाउँदै १५८ रन बनायो



नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीले आइतबार फ्रेन्डसिप कप टी-२० प्रतियोगिताको उपाधि जितेको छ। नेपालले भारतको रणजी ट्रफी खेल्ने गुजरातलाई १८ रनले हराउँदै उपाधि जितेको हो। नेपालले प्रस्तुत गरेको १७७ रनको लक्ष्य पछ्याएको गुजरातले २० ओभरमा आठ विकेट गुमाउँदै १५८ रन मात्रै बनाउन सक्यो। गुजरातका कप्तान उमांग रोहितकुमारले सर्वाधिक ४० रन बनाए। उनले २८ बलमा दुई चौका र दुई छक्का प्रहार गरेका थिए। यसैगरी, आर्य देसाईले ३६ रन जोड्न २४ बलमा चार चौका र दुई छक्का प्रहार गरेका थिए।

गुजरातका रुद्र पटेलले १७ रन जोडे। जयमित पटेल र हर्ष देसाईले समान १५ रन बनाए। नेपालका अभिनाश बोहराले चार ओभरमा २६ रन खर्चेर तीन विकेट लिए। दीपेन्द्रसिंह ऐरीले चार ओभरमा १३ रन खर्चेर दुई विकेट लिए। यसैगरी, करण केसी र कुशल मल्लले समान एक विकेट लिए। टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा चार विकेट गुमाउँदै १७६ रन बनाएको थियो। नेपालका कप्तान रोहित पौडेलले सर्वाधिक ७४ रन जोडे। उनले ४७ बलमा पाँच चौका र चार छक्काको सहयोग लिए।

ओपनर आसिफ शेखले ३४ बलमा दुई चौका र एक छक्कासहित ३४ रन बनाए। कुशल भुर्तेलले २१ बलमा १९ रन बटुलेका थिए। कुशल मल्लले १३ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३१ रन बनाए। सन्दीप जोरा ७ रनमा नटआउट रहे। मध्यक्रमका दीपेन्द्रसिंह ऐरी ७ रन बनाएर आउट भए। गुजरातका स्नेह पटेल, तेजास पटेल, जयमित पटेल र जाला युवराज सिंहले समान एक विकेट हात पारे।

आयरल्यान्डविरुद्ध अर्जुनको शतक

ओपनर अर्जुन कुमालको शतकको बाबजुद नेपाल 'ए' तेस्रो तथा अन्तिम एकदिवसीय खेलमा आयरल्यान्ड 'ए'सँग ६९ रनले पराजित भएको छ। त्रिवि क्रिकेट मैदानमा नेपालले सिरिजमा तीनवटै खेल गुमाएको हो। नेपाल पहिलो खेलमा २७ रन र दोस्रोमा ११४ रनले पराजित भएको थियो। आयरल्यान्डले प्रस्तुत गरेको २८५ रनको लक्ष्य पछ्याएको नेपाल ३९.४ ओभरमा २१५ रनमा अलआउट भयो। ओपनर अर्जुनले ११८ बलमा १४ चौकासहित १०२ रनको शतकीय इनिङ्स खेलेका थिए।

लिस्ट 'ए'मा उनको पहिलो शतक हो। उनले यसअघि यू-१९ मा दुई शतक जोडेका छन्। नेपालको ब्याटिङमा अर्जुन साउदले ३० बलमा चार चौका र तीन छक्काको सहयोगमा ३६ रन बनाए। आयरल्यान्डका बेन ह्वाइटले १० ओभरमा ६२ रन खर्चेर पाँच विकेट लिए।

टस जितेर ब्याटिङ रोजेको आयरल्यान्डले ५० ओभरमा नौ विकेट गुमाउँदै २८४ रन बनाएको थियो। आयरल्यान्डको जितमा स्टेफन डोहेनीले १०७ रनको योगदान दिए। उनले एक सय २९ बलमा आठ चौका र दुई छक्का प्रहार गरेका थिए। पिटर मुरले ४४ रन बनाउन २५ बलमा दुई चौका र पाँच छक्का प्रहार गरे। नेपालका लागि रञ्जित कुमारले १० ओभरमा ५१ रन खर्चेर तीन विकेट लिए। रिजन ढकालले १० ओभरमा ७५ रन खर्चेर तीन विकेट लिए।

वेस्ट इन्डिजका रोड्रिक बलिङ सल्लाहकार



नेपाल क्रिकेट संघ (क्यान)ले सिनियर टोलीको बलिङ प्रशिक्षकका रूपमा वेस्ट इन्डिजका रोड्रिक ओ एस्टविकलाई नियुक्त गरेको छ। क्यानले आसन्न इमर्जिङ कप र आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनुअघि बलिङ प्रशिक्षकका रूपमा वेस्ट इन्डियन रोड्रिकलाई भित्र्याएको हो। नेपालका प्रशिक्षक मोन्टी देसाई र रोड्रिकबीच दोस्रोपटक सहकार्य हुन लागेको हो। मोन्टी वेस्ट इन्डिजका प्रशिक्षकका रूपमा रहँदा रोड्रिकले पनि सहयोग गरेका थिए। रोड्रिकले आठ वर्ष वेस्ट इन्डिजको सिनियर टोलीसँग काम गरेको अनुभव छ। उनले नेपालको टोलीसँग जोडिन पाउँदा गर्व लागेको बताएका छन्। 'नेपाली क्रिकेटसँग काम गर्न पाउनु गर्वको विषय हो,' उनले भने, 'मेरो ज्ञान नेपाली खेलाडीलाई बाँड्न आतुर छु। अहिले नेपाली क्रिकेट निकै राम्रो छ।'

रोड्रिकले एकपटक पनि वेस्ट इन्डिजको राष्ट्रिय टोलीबाट खेल्न अवसर पाएनन्। तर, ६२ वर्षीय रोड्रिकले करिअरमा ३७ पहिलो श्रेणी र ४२ लिस्ट 'ए' खेलेका छन्। प्रथम श्रेणीमा एक सय ४१ विकेट लिएका उनले तीन सय ७६ रन बटुलेका छन्। उनले लिस्ट 'ए' मा ४३ विकेटका साथै सय रन बनाएका छन्। नेपालको क्रिकेट माथि उकास्न आफूले सक्दो सहयोग गर्ने उनले जनाए। 'नेपालको क्रिकेट माथि पुऱ्याउन दिलोज्यान दिएर सहयोग गर्नेछु,' उनले भनेका छन्, 'यसअघि नेपालका प्रशिक्षकसँग पनि काम गरेको अनुभव छ।' रोड्रिकले नेपालको ड्रेसिङ रुमलाई ह्याप्पी रुमका रूपमा प्रशंसा गरेका छन्।

'मोन्टीसँग सहकार्य गर्दा सधैँ ह्याप्पी ड्रेसिङ रुमको अवधारणा पाएको थिएँ, अहिले पनि यही नेपालको टोलीमा छ,' उनले भने। यसैगरी प्रशिक्षक मोन्टीले टोलीमा एक अनुभवी व्यक्ति भित्र्याउन पाउँदा खुसी लागेको बताएका छन्। 'खुसी लागेको छ, रोड्रिकको आगमनले हाम्रो ह्याप्पी ड्रेसिङ रुम भनै मजबुत हुनेछ,' उनले भने, 'हामी सबैको प्रयास नै नेपाली क्रिकेटर र समर्थकलाई खुसी पार्नु हो।'

भरतपुरको क्रिकेट रंगशाला निर्माणका लागि आवश्यक बजेटको प्रबन्ध गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

■ भरतपुरको रामपुरमा प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुदको उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले भने- राष्ट्रिय गौरवको आयोजनामा गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशालालाई समावेश गर्दै आवश्यक बजेट प्रबन्ध हुँदै छ



प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद-२०८० को उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्ड

भरतपुरमा **विवेक पोखेल**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी आर्थिक वर्षमा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्न आवश्यक बजेटको व्यवस्था हुने बताएका छन्। भरतपुरको रामपुरमा आइतबार निर्माणाधीन क्रिकेट रंगशालामा प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद-२०८० को उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय गौरवको आयोजनामा समावेश भएको रंगशालाको निर्माणका लागि आवश्यक बजेट निकासा हुने प्रतिबद्धता दिएका हुन्। 'राष्ट्रिय गौरवको आयोजनामा गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशालालाई समावेश गर्दै आवश्यक बजेट प्रबन्ध हुँदै छ,' उनले भने।

भरतपुरमा प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद सुरु

प्रचण्डले ओलम्पियन सिंह थापा, वैकुण्ठ मानन्धर, राजकुमारी पाण्डे, दीपक विष्टलाई ओलम्पिक टर्च हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरेका हुन्। उद्घाटन सत्रमा प्रचण्डले रंगशालामा देखिएका विभिन्न समस्याको एकीकृत समाधान हुने विश्वास दिलाएका छन्। 'राष्ट्रिय गौरवको आयोजनामा रूपान्तरण भएपछि रंगशाला निर्माणकार्यमा यसअघि देखिएका विभिन्न समस्याको एकीकृत समाधान हुनेछ,' उनले भने, 'निर्माणकार्य द्रुत रूपमा अगाडि बढ्नेछ। यसका निम्ति आगामी वर्षको बजेटमा पर्याप्त स्रोत सुनिश्चित गरिने व्यहोरासमेत अवगत गराउँछु।'

क्रिकेट रंगशाला निर्माणपछि कृषि, पर्यटन, स्वास्थ्यका साथै चितवन र आसपासको क्षेत्र 'स्पोर्टस् हब'का रूपमा विकास हुने प्रधानमन्त्रीको विश्वास छ। 'रंगशाला निर्माणपछि यहाँ ठूला राष्ट्रियस्तरका प्रतियोगिता सम्पन्न गर्ने उपयुक्त वातावरण मिल्नेछ, यसले यस क्षेत्रलाई स्पोर्टस् हबका रूपमा विकास गर्न सकिन्छ,' उनले भने, 'प्रतियोगिताले युवा पलायन रोक्नसमेत मद्दत पुग्नेछ। राष्ट्रिय, प्रदेशस्तरीय एवं स्थानीयस्तरमा आयोजना हुने प्रतियोगिताको बहुआयामिक महत्त्व रहने विश्वास लिएको छु।'

यसरी हुँदै छ प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद

सातै प्रदेशका टोलीको सहभागिता रहेको प्रतियोगितामा नौ खेल समावेश छन्। १ वैशाखसम्म चल्ने प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुदमा फुटबल, भलिबल, क्रिकेट, बक्सिङ, कराँते, तेक्वान्दो, एथलेटिक्स, ब्याडमिन्टन र पौडीका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। भलिबलको महिला र पुरुषका समूहको खेल भरतपुरको गेस्टहाउस चौरमा हुने आयोजकले जनाएको छ। महिला फुटबल भरतपुर शारदानगरको बखान स्मृति रंगशालामा हुनेछ। गौरीटार रंगशाला हेटौंडामा पुरुष फुटबल हुनेछ। पुरुष र महिला क्रिकेट रामपुरमा निर्माणाधीन रंगशालाको नमुना मैदानमा हुने आयोजकले जनाएको छ।

बक्सिङ, कराँते र तेक्वान्दो भरतपुरमा रहेको चितवन उद्योग संघको प्रदर्शनी केन्द्रमा हुनेछ। ब्याडमिन्टन भरतपुर कभर्डहलमा र एथलेटिक्स भरतपुर शारदानगरको चित्रवन रंगशालामा हुने आयोजकले जनाएको छ। पौडी खेल भरतपुर देवनगरमा रहेको हवेलीको स्विमिङ पुलमा हुनेछ। प्रतियोगितामा तीन हजारभन्दा बढीको सहभागिता रहने बागमती प्रदेश खेलकुद विकास समितिका सदस्यसचिव सूर्यलाल भण्डारीले बताए। प्रतियोगितामा एक सय ३६ स्वर्ण, एक सय ३६ रजत र एक सय ८४ कांस्यका लागि प्रतिस्पर्धा हुने उनले बताए।

स्वर्ण विजेताले पाँच हजार पाउने

प्रतियोगिताका स्वर्ण विजेताले पाँच हजार, रजतले चार हजार र कांस्य विजेता खेलाडीले तीन हजार रुपैयाँ हात पार्नेछन्। हरेक खेलका उत्कृष्ट खेलाडीलाई १० हजार नगदबाट पुरस्कृत गरिनेछ। टिम च्याम्पियनलाई चाँदीको रनिङ सिल्ड प्रदान गरिने भण्डारीले बताए। प्रतियोगिता सञ्चालन गर्न १२ करोड खर्च हुने आयोजकले जनाएको छ। बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशले संयुक्त रूपमा आयोजना गरेको प्रतियोगिताको समापन हेटौंडाको गौरीटार रंगशालामा हुनेछ।

खेल संक्षेप

दर्सिललाई दोहोरो उपाधि

कास्की/ दर्सिल श्रेष्ठले तेस्रो राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताअर्न्तगत यू-१६ एकल र ओपन डबल्समा उपाधि जितेका छन्। कास्की जिल्ला टेनिस संघको आयोजना आइतबार भएको यू-१६ एकल फाइनलमा श्रेष्ठले सिर्जन भट्टराईलाई ६-२ र ६-३ ले हराए। डबल्समा उनले स्पन्दन उदास र एड्रिन थापाको जोडीलाई ६-२ र ६-२ ले पराजित गर्दै दोहोरो उपाधि हात पारेका हुन्। यसैगरी, यू-८ पुरुष एकलमा जिवाश भट्टराईले कायान चालिसेलाई सुपरटाईमा ११-९, ६-१० र ११-९ ले पराजित गर्दै उपाधि हात पारे। यू-९ एकलमा इभान भट्टराईले कायानलाई ४-२ र ४-१ को सोझो सेटमा पराजित गदै शीर्ष स्थानमाथि कब्जा जमाए। यू-१४ महिला एकलको उपाधि शाल्भी शेरचनले जितिन्। उनले सरिशा शेरचनलाई ६-१ र ६-३ को सेटमा निराश पारिन्।

दौडमा श्रीकृष्ण पहिलो

जुम्ला/ पाँच किलोमिटर दौड प्रतियोगिताको छात्रतर्फ जनता माध्यमिक विद्यालय महतगाउँका श्रीकृष्ण सुनार र छात्रातर्फ जिपी बोर्डिङ स्कुलकी सदिशा सुनार पहिलो भएका छन्। कर्णाली बोर्डिङ स्कुलले आयोजना गरेको प्रतियोगिताको छात्रमा लोकेश बुढा दोस्रो र आशिष शाही तेस्रो भए। छात्रातर्फ ऋतु रोकाया दोस्रो र नारायणी न्यौपाने तेस्रो भएको आयोजकले जनाएको छ। प्रतियोगितामा पहिलो हुनेले पाँच हजार, दोस्रोले तीन हजार र तेस्रो स्थान प्राप्त गरेका खेलाडीले दुई हजार रुपैयाँ प्राप्त गरेका छन्।

पवन र वान्चेन विजेता

काठमाडौं/ पवन विष्ट र वान्चेन नयाँ क्लब विजेता बनेका छन्। सूर्य नेपाल गोकर्ण मन्थली गल्फको १२ औं संस्करणमा पवन र वान्चेन नयाँ विजेता बनेका हुन्। पवनले सर्वाधिक ३६० स्कोर गरे। दोस्रो स्थानमा रहेका जुग थापा र बाबु शेर्पाले संयुक्त रूपमा ३५५ स्कोर गरेका थिए। वान्चेनले ग्रोस विधामा च्याम्पियनसिप उपाधि जितेका हुन्। उनले सर्वाधिक ७६० स्कोर गरे। प्रतियोगिताको फाइनल चरणमा २२ खेलाडी छनोट भएका छन्।

नेपाली खेलाडी अगाडि

बुटवल/ कर्णेल उरजिर सिंह थापा अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको आइतबार सम्पन्न चौथो चरणपछि नेपालका सुदीप तामाङ, एफएम रूपेश जैसवाल र सिएम पुरुषोत्तम चौलागाईं समान चार जितका साथ शीर्ष स्थानमा छन्। चारै अंक जोडेका भारतका सुधीरकुमार सिन्हा, डब्लुएफएम वृष्टि मुखर्जी र रिसब निसद पनि शीर्ष स्थानमा छन्। प्रतियोगितामा नेपालका सिएम सजिन महर्जन, भारतका दिव्यांशकुमार सिंह र भारतकै निलेश कुमार ३.५ अंकका साथ दोस्रो स्थानमा छन्। प्रतियोगितामा उच्च रेटेड बंगलादेशका खेलाडी सिएम एमडी जमाल उद्दिन, अमेरिकन खेलाडी वेभर सिया, भारतका सुभमषी विपुल, प्रखर त्रिपाठी, हिमांशु हर्ष, दिलीप त्रिपाठी र आशुतोष कुमारलगायत ३३ खेलाडीले ३ अंक बनाएका छन्। २ हजारमुनि रेटिङतर्फको अन्तर्राष्ट्रिय मेयर कप बुद्धिचालमा नेपाललगायत अमेरिका, भारत र बंगलादेशबाट एक सय ५० अन्तर्राष्ट्रिय खेलाडीको सहभागिता छ।

आइपिएलमा जोडे कोहलीले आठौं शतक

एजेन्सी

रोयल च्यालेन्जर्स बेंग्लोरका विराट कोहलीले इन्डियन प्रिमियर लिग (आइपिएल)मा आठ शतक पूरा गरेका छन्। १७औं आइपिएलको शनिबार राति भएको खेलमा राजस्थान रोयल्ससँग ६ विकेटले पराजित भएको खेलमा कोहलीले बेंग्लोरका लागि ११३ रनको शतकीय इनिङ्स खेले। उनले ७२ बलमा १२ चौका र चार छक्का प्रहार गरे। राजस्थानलाई जित दिलाउने क्रममा जोस बटलरले १०० रनको योगदान दिए। कोहली आइपिएलमा सर्वाधिक शतक लगाउने खेलाडी हुन्। दोस्रो स्थानमा वेस्ट इन्डिजका क्रिस गेल र जोस बटलर रहेका छन्।

दुवै खेलाडीले समान ६ शतक लगाएका छन्। लोकेश राहुल, डेभिड वार्नर र सेन वाट्सनले समान चार शतकीय इनिङ्स खेलेका छन्। कोहलीले राजस्थानविरुद्ध ६७ बलमा शतक लगाए। आइपिएल करिअरमा उनले पहिलोपटक १२ ओभर ब्याटिङ गरे। खेलमा शतक गरे पनि धेरै हारको नतिजा
सामना गर्ने कोहली पहिलो हुन्। उनले आइपिएलमा तीन शतकीय इनिङ्स खेल्दा हारको सामना गरे। हासिम अमला र सञ्जु सामसनले समान दुई शतक प्रहार गर्दा पनि जित निकाल्न सकेनन्।

आइपिएलमा धेरै बल खेल्ने

आइपिएलमा पाँच खेलाडीले मात्र ७० बलभन्दा माथि सामना गरेका छन्। शीर्ष स्थानमा कोलकाता नाइट राइडर्सका ब्रान्डन म्याककुलमले सन् २००८ मा बेंग्लोरविरुद्ध ७३ बल खेलेका थिए। बेंग्लोरका मनीष पाण्डेले सन् २००९ मा डेकन चार्जसविरुद्ध ७३ बल खेलेका थिए। तेस्रो स्थानमा कोहली छन्। लोकेश र क्विन्टन डी ककले समान ७० बल खेलेका थिए। आइपिएलमा धेरै बल सामना गरी शतकीय इनिङ खेल्नेमा बेंग्लोरका मनीष नै रहे। उनले सन् २००९ मा डेकनविरुद्ध ६७ बलमा शतक लगाए। मुम्बईका सचिन तेन्दुलकरले सन् २०११ मा कोलकाताविरुद्ध ६६ बल, डेभिड वार्नरले ६६ बल र जोस बटलरले ६६ बलमै शतकीय इनिङ्स खेलेका थिए।

मुम्बईको पहिलो जित

पाँचपटकको विजेता मुम्बई इन्डियन्सले आइपिएलमा पहिलो जित निकालेको छ। वाँखडे रंगशालामा मुम्बईले आफ्नो चौथो खेलमा दिल्ली क्यापिटल्सलाई २९ रनले हराउँदै पहिलो जित निकालेको हो। यसअघि मुम्बई लगातार तीन खेलमा पराजित भएको थियो। पहिलो ब्याटिङ गरेको मुम्बईले २० ओभरमा पाँच विकेटको क्षतिमा २३४ रन जोडेको थियो। प्रत्युत्तरमा दिल्लीले २० ओभरमा आठ विकेटको नोक्सानीमा २०५ रन जोडेको थियो। मुम्बईका लागि ओपनर रोहित शर्माले २७ बलमा ४९ तथा इशन किशनले २३ बलमा ४२ रन जोडेका थिए। टिम डेभिडले २१ बलमा ४५ र रामारियो सेफर्डले १० बलमा ३९ रनको योगदान दिए। प्रत्युत्तरमा दिल्लीका लागि पृथ्वी साउले ४० बलमा ६६ रन र अविशेक पोरेलले ३१ बलमा ४१ रन बनाए।



चौथो मञ्जुश्री ट्रेल रेसको उपाधि अर्जुनलाई

नयाँ पत्रिका

नेपालकै लामो ट्रेल रेस प्रतियोगिताका रूपमा चिनिने मञ्जुश्री ट्रेल रेस उपाधि अर्जुन कुलुङ राईले जितेका छन्। सय माइलको रेसमा उनले आफ्नै रेकर्ड तोड्दै च्याम्पियनसिप ट्रफी जितेका हुन्। उनले २६ घण्टा ५० मिनेट १५ सेकेन्डमा रेस पूरा गरेका हुन्। राईले सन् २०२२ मा ३१ घण्टा १० मिनेट ५७ सेकेन्डको आफ्नै रेकर्ड तोडेका हुन्। बेलायतका अलिस्टेयर मेस्सन २८ घण्टा २८ मिनेट ३५ सेकेन्डका साथ उपविजेता भए। ३३ घण्टा ५७ मिनेट ४० सेकेन्डमा रेस पूरा गरेका विजय मगर तेस्रो भएका छन्।

सय किलोमिटर रेस १४ घण्टा ४५ मिनेट २० सेकेन्डमा पार गर्दै पुरुषतर्फ मनकुमार रोकामगरले उपाधि हात पारेका छन्। यस विधामा फुपुसिंह तामाङ दोस्रो भए। उनले रेस १६ घण्टा ४६ मिनेट ४८ सेकेन्डमा पूरा गरे।

५० किलोमिटर रेसको पुरुषतर्फ हरिलाल सिंह पहिलो भए। उनले रेस सात घण्टा १७ मिनेट २५ सेकेन्डमा पार गरेका हुन्। यसै विधाको महिलामा प्रिया राई आठ घण्टा २२ मिनेट पाँच सेकेन्डका साथ पहिलो भइन्। यस संस्करणमा सय माइल, सय किमि र ५० किमिका खेलको पाँचौं स्थानभित्र अटाउने खेलाडी स्वतः एसिया ट्रेल मास्टर्समा क्वालिफाई भएका छन्। धावकहरूले मलेसियामा आगामी १४ सेप्टेम्बरमा हुने एटिएम फाइनल रेसमा प्रतिस्पर्धा गर्नेछन्।

३० किलोमिटर रेसमा चार घण्टा ४९ मिनेट ४८ सेकेन्ड लगाएका उबिन मल्ल विजेता बनेका छन्। चार घण्टा ५७ मिनेट २९ सेकेन्डका साथ लुकास सेर्डन उपविजेता बने। चार घण्टा ५७ मिनेट ४५ सेकेन्ड लगाएका एन्ड्रयु एलकक तेस्रो भएका छन्। महिलातर्फ अमेरिकाकी कार्ली एन्ड्रेसन राट्लीले ६ घण्टा ४५ मिनेट २१ सेकेण्डमा रेस पूरा गरिन्। १० किलोमिटर रेस एक घण्टा दुई मिनेट पाँच सेकेन्डमा पार गर्दै कुलबहादुर बस्नेत प्रथम भएका छन्। एक घण्टा दुई मिनेट ६ सेकेन्डमा रेस पूरा गरेर रेम बुढामगर दोस्रो भए। एक घण्टा दुई मिनेट आठ सेकेन्डमा रेस पूरा गरेर प्रवीण लिम्बू तेस्रो भएका छन्।

रेसमा दौडने क्रममा प्रतियोगीले फुल्चोकी, नागर्जुन, शिवपुरी, नगरकोट, चम्पादेवी, भष्मासुर र चन्द्रागिरिलगायतका पहाड चढ्ने-झर्ने गरेका थिए। यस क्रममा सहभागीले सबै पहाड गरी कुल नौ हजार आठ सय मिटरको उचाइ लिएका थिए। रेसअन्तर्गत छोटो दूरीका रेस पनि प्रतियोगिता समावेश थियो।

■ सहिद स्मारक 'सी' डिभिजन लिग

पुल्चोक र समाज कल्याणको सहज जित



नयाँ पत्रिका

सहिद स्मारक 'सी' डिभिजन लिगमा आइतबार पुल्चोक स्पोर्टस् क्लब र समाज कल्याण खेलकुद केन्द्र क्लबले जित निकालेका छन्। सातदोबाटोस्थित एन्फा मुख्यालयमा आइतबार पुल्चोकले सामाजिक युवा क्लबलाई ३-० ले पराजित गरेको हो। जितसँगै पुल्चोकले ३ अंक जोडेको छ। पुल्चोकलाई जित दिलाउन सुमन श्रेष्ठ, सिरब तामाङ र सागर थिङले एक-एक गोल गरेका थिए। पुल्चोकले तीन गोल पहिलो हाफमा गरेको थियो। खेलको पहिलो मिनेटमै सुमनले पुल्चोकलाई १-० को अग्रता दिलाए। सामाजिकका खेलाडीले बक्समित्र क्लियर गर्न नसकेको बललाई उनले सहज गोल गरेका हुन्। खेलको १७औं मिनेटमा सिरबले पुल्चोकलाई २-० को स्थितिमा राखे। खेलको ३७औं मिनेटमा सागरले पुल्चोकलाई मध्यान्तरअघि ३-० को बलियो स्थितिमा राखे। दुवै हाफमा दुवै टोलीले गोलका अवसर बनाए पनि सदुपयोग गर्न सकेनन्।

रोशन क्षेत्रीको ह्याट्रिक

लिगको आइतबार भएको दोस्रो खेलमा समाज कल्याणले मनोहरा एकीकृत युवा क्लबमाथि ५-० को सानदार जित निकाल्यो। जितसँगै समाज कल्याणले ३ अंक जोडेको छ। समाज कल्याणका लागि रोशन क्षेत्रीले ह्याट्रिक गरे। उनले खेलको ३४, ४३ र ८०औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन्। नीरज परियारले एक गोल गरे। यसअघि भएको खेलमा रानीवन स्पोर्टस् क्लब र महावीर क्लबले १-१ को बराबरी खेलेका थिए। सानेपालाई बागमती युथ क्लबले ३-१ ले हराएको थियो। यसैगरी, आरसी ३२ फुटबल एकेडेमीले खालीबारी युथ क्लबलाई १-० ले हराएको थियो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com